# देउमाई नगरपालिका
# दश वर्षे नगर शिक्षा योजना
# २०८१-२०९१

## देउमाई नगरपालिका नगर कार्यपालिकाको कार्यालय
## मंगलबारे, इलाम

# देउमाई नगरपालिका
# Deumai Municipality
## नगर कार्यपालिकाको कार्यालय
## Office of the Municipal executive
मंगलबारे, इलाम, कोशी प्रदेश, नेपाल
Mangalbare, Ilam, Koshi Province, Nepal


पत्र संख्याः ०८१/८२ · मितिः २०८२-०३-२७

च.नं.: ४०८६ नेसं.: ११४५ दिल्लागा १ शुक्रबार

१० वर्षे नगर शिक्षा योजना स्वीकृत गरिएको।

विकासका पुर्वाधारहरु मध्ये शिक्षा सबैभन्दा महत्वपुर्ण र पहिलो पक्ष हो। विकासका अन्य उपलब्धिहरुलाई उपभोग गर्ने र सहि सदुपयोग गर्ने निकायनै दक्ष जनशक्ति हो। यस तथ्यलाई मध्यनजर गरि यस देउमाई नगरपालिकाले शिक्षा क्षेत्रको गुणात्मक विकासलाई पहिलो प्राथमिकतामा राखी नगरपालिकाको आन्तरिक आम्दानीको ८०% भन्दा बढी हिस्सा शिक्षा क्षेत्रमानै लगानी गरिदै आएको छ। आगामी दिनहरुमा शिक्षाको गुणात्मक विकास गरि शैक्षिक पर्यटन केन्द्रको रुपमा यस नगरपालिकालाई विकास गर्ने लक्ष्य रहेको छ ।

नेपाल सरकारको प्रत्येक स्थानीय तहको शिक्षा प्रणालीलाई योजनाबद्ध रुपमा सञचालन गर्ने निति अनुसारनै यस नगरपालिकाले पनि १० वर्षे नगर शिक्षा योजना २०८१-२०९१ निर्माण गरि लागु गरिएको छ। यो योजना आ.व. २०८२/०८३ वाट लागु हुने छ। योजना निर्माणको क्रममा महत्वपुर्ण योगदान गर्ने निर्माण समिति, मस्यौदा कार्यदल र महत्वपुर्ण सुझाव दिनुहुने सरोकारवाला महानुभावहरुलाई नगरपालिकाको तर्फबाट हार्दिक धन्यवाद व्यक्त गर्दछु । कुनै पनि कार्यक्रमलाई प्रतिफलमुखी बनाउनको लागि योजना सबै भन्दा महत्बपुर्ण दस्ताबेज हो। यस भन्दा अघि हरेक बर्षको शैक्षिक योजना निर्माण गरि क्यालेण्डर बनाई कार्यान्वयन गरिदै आएकोमा आगामी दिनहरुको शैक्षिक गतिविधिहरुलाई यसै योजना मुताविक सञ्चालन गरिने छ ।

अन्त्यमा यो १० वर्षे शैक्षिक योजना एक गतिशील र परिवर्तनीय दस्तावेज भएकोले यसको सुधारका लागि सम्पुर्ण सरोकारवालाहरुवाट सकारात्मक र सिर्जनशील सुझावको अपेक्षा गर्दछु। यो योजना मिति २०८२/०३/०४ गतेको नगर सभावाट पारित गराई मुल्याङ्कन समितिको मुल्याङ्कन पश्चात लागु गरिएको छ। योजना निर्माणमा प्रत्यक्ष र परोक्ष रुपमा सहयोग गर्नुहुने सबैमा पुनः धन्यवाद व्यक्त गर्दछु।

सूर्य प्रसाद पोखेल
नगर प्रमुख

## विषय - सूची


| **शीर्षक** | **पेज नं** |
|---|---|
| **स्थानीय शिक्षा योजना** | **१-६** |
| १. विषय प्रवेश | १ |
| २. शिक्षा योजना निर्माणको आवश्यकता र औचित्य | १ |
| ३.  स्थानीय तहमा शिक्षा योजना निर्माणको औचित्य | २ |
| ४. शिक्षा योजना निर्माणका आधार | ३ |
| ५. शिक्षा योजना निर्माण प्रक्रिया | ४ |
| ६. योजनाको लेखाजोखा | ५ |
| ७. योजना दस्तावेजको स्वरुप | ६ |
| **परिच्छेद-एक (परिचय)** | **७ -१८** |
| १.१ वर्तमान अवस्था | ७ |
| १.२  मुख्य समस्या तथा चुनौतीको विश्लेषण | १४ |
| १.३ शिक्षा क्षेत्रका चुनौतीको SWOT विश्लेषण | १४ |
| १.४ अवसर | १८ |
| **परिच्छेद – दुई (दूरदृष्टि, लक्ष्य, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण)** | **१९- २९** |
| २.१ दूरदृष्टि | १९ |
| २.२ लक्ष्य | १९ |
| २.३ उद्देश्य | १९ |
| २.४ रणनीति | १९ |
| २.५ अपेक्षित उपलब्धि | २१ |
| २.६ मुख्य कार्य सम्पादन सूचक तथा लक्ष्य | २१ |
| २.७ मुख्य कार्य सम्पादन सूचक र लक्ष्य निर्धारण | २२ |
| **परिच्छेद - तीन (शिक्षाका मुख्य उपक्षेत्र)** | **३०- ५५** |
| ३.१ प्रारम्भिक बालविकास शिक्षा | ३० |
| ३.१.१ बर्तमान अवस्था | ३० |
| ३.१.२ उद्देश्य | ३४ |
| ३.१.३  रणनीतिहरु | ३५ |
| ३.१.४ प्रमुख उपलब्धि एवं नतिजा | ३६ |
| ३.१.५ प्रमुख क्रियाकलापहरु र लक्ष्य निर्धारण | ३७ |
| ३.२ आधारभूत शिक्षा | ३८ |
| ३.२.१  वर्तमान अवस्था | ३८ |
| ३.२.२ उद्देश्य | ३९ |
| ३.२.३ रणनीति | ३९ |
| ३.२.४  प्रमुख उपलब्धि र नतिजाः | ४० |

| | |
|---|---|
| ३.२.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य | ४१ |
| ३.३  माध्यमिक शिक्षा | ४३ |
| ३.३.१ वर्तमान अवस्था | ४३ |
| ३.३.२ उद्देश्यहरुः | ४५ |
| ३.३.३ रणनीतिहरु | ४५ |
| ३.३.४ प्रमुख उपलब्धि तथा नतिजाः | ४६ |
| ३.३.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य | ४८ |
| ३.४  प्राविधिक शिक्षा र ब्यवसायिक तालिमः | ४९ |
| ३.४.१ वर्तमान अवस्थाः | ४९ |
| ३.४.२ उद्देश्यहरुः | ५० |
| ३.४.३ रणनीतिहरु | ५० |
| ३.४.४ प्रमुख उपलब्धि तथा नतिजा | ५१ |
| ३.४.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य | ५३ |
| ३.५ अनौपचारिक शिक्षा र आजीवन सिकाइ | ५३ |
| ३.५.१ बर्तमान अवस्था | ५३ |
| ३.५.२ उद्धेश्य | ५४ |
| ३.५.३ रणनीतिहरुः | ५४ |
| ३.५.४ प्रमुख उपलब्धी तथा नतिजा | ५४ |
| ३.५.५ प्रमुख क्रियाकलाप र परिमाणत्मक लक्ष्यः | ५५ |
| **परिच्छेद - चार (अन्तरसम्बन्धित विषय तथा क्षेत्र)** | **५६ - ८१** |
| ४.१   पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन | ५६ |
| ४.१.१ परिचय | ५६ |
| ४.१.२ वर्तमान अवस्था | ५६ |
| ४.१.३ अवसर तथा चुनौतीहरु | ५६ |
| ४.१.४ उद्देश्यहरु | ५७ |
| ४.१.५ रणनीतिहरु | ५७ |
| ४.१.६ उपलब्धि, नतिजाहरु, प्रमुख क्रियाकलापहरु तथा लक्ष्य | ५७ |
| ४.२ शिक्षक व्यवस्थापन र विकास | ५९ |
| ४.२.१ परिचय | ५९ |
| ४.२.२ वर्तमान अवस्था | ६० |
| ४.२.३ उद्देश्य | ६० |
| ४.२.४ रणनीति | ६० |
| ४.२.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य | ६१ |
| ४.३  समता तथा समावेशीकरण | ६२ |
| ४.३.१ परिचय | ६२ |
| ४.३.२  वर्तमान अवस्था | ६२ |

| | |
|---|---|
| ४.३.३ अवसर तथा चुनौतीहरु | ६२ |
| ४.३.४  उद्देश्यहरु | ६३ |
| ४.३.५  रणनीतिहरु | ६३ |
| ४.३.६  उपलब्धि, नतिजाहरु, प्रमुख क्रियाकलापहरु तथा लक्ष्यः | ६३ |
| ४.४  दिवा खाजा स्वास्थ्य सहित पोषण कार्यक्रम | ६५ |
| ४.४.१  परिचय | ६५ |
| ४.४.२ वर्तमान अवस्था | ६५ |
| ४.४.३ चुनौतिहरु | ६५ |
| ४.४.४  उद्देश्यहरु | ६६ |
| ४.४.५  रणनीतिहरु | ६६ |
| ४.४.६  प्रमुख उपलब्धि तथा नतिजा | ६७ |
| ४.५  छात्रवृत्ति | ६८ |
| ४.५.१  परिचय | ६८ |
| ४.५.२  अवसर र चुनौतीहरु | ६९ |
| ४.५.३  उद्देश्य | ६९ |
| ४.५.४  रणनीतिहरु | ७० |
| ४.५.५  उपलब्धि, नतिजा, मुख्य क्रियाकलाप तथा लक्ष्य | ७० |
| ४.६  आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षा | ७१ |
| ४.६.१  परिचय | ७१ |
| ४.६.२  वर्तमान अवस्थाः | ७१ |
| ४.६.३  अवसर तथा चुनौतीहरु | ७२ |
| ४.६.४  उद्देश्यः | ७२ |
| ४.६.५  रणनीतिहरुः | ७३ |
| ४.६.६  प्रमुख उपलब्धि तथा नतिजाः | ७३ |
| ४.७  विद्यालय भौतिक पूर्वाधार विकास | ७४ |
| ४.७.१  परिचयः | ७४ |
| ४.७.२  वर्तमान अवस्थाः | ७५ |
| ४.७.३  अवसर र चुनौतीहरु | ७६ |
| ४.७.४  उद्देश्यः | ७७ |
| ४.७.५ रणनीतिहरुः | ७७ |
| ४.७.६. उपलब्धि, नतिजा तथा प्रमुख क्रियाकलापहरुः | ७७ |
| ४.८  शिक्षामा सूचना र प्रविधि | ७८ |
| ४.८.१  परिचय | ७८ |
| ४.८.२. वर्तमान अवस्था | ७९ |
| ४.८.३  अवसर र चुनौतीहरुः | ७९ |
| ४.८.४  उद्देश्य | ८० |

| | |
|---|---|
| ४.८.५  रणनीतिहरुः | ८० |
| ४.८.६  उपलब्धि, नतिजा, क्रियाकलाप तथा लक्ष्यः | ८१ |
| **परिच्छेद - पाँच (अन्य उपक्षेत्र)** | **८२ - ८४** |
| ५. मण्टेश्वरी र बालमैत्री कक्षा व्यवस्थापन तालिम | ८२ |
| ५.१  बर्तमान अवस्था | ८२ |
| ५.२  उद्देश्यहरु | ८३ |
| ५.३  रणनीतिहरु | ८३ |
| ५.४  प्रमुख उपलब्धि तथा नतिजा | ८३ |
| ५.५  प्रमुख क्रियाकलाप र परिमाणात्म लक्ष्य | ८४ |
| **परिच्छेद - छ (सुशासन तथा व्यवस्थापन)** | **८५ - ९५** |
| ६.१  शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास | ८६ |
| ६.१.१  वर्तमान अवस्था | ८६ |
| ६.१.२ उद्देश्यः | ९० |
| ६.१.३ रणनीतिः | ९० |
| ६.१.४ उपलब्धी, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्यः | ९० |
| ६.१.५  प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य | ९२ |
| ६.२  स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध | ९२ |
| ६.२.१ वर्तमान अवस्थाः | ९२ |
| ६.२.२  उद्देश्य | ९४ |
| ६.२.३ रणनीति | ९४ |
| ६.२.४ प्रमुख नतिजा तथा उपलब्धीहरू | ९४ |
| ६.२.५ नतिजा तथा  परिणात्मक लक्ष्य | ९५ |
| **परिच्छेद - सात (लगानी र स्रोत व्यवस्थापन)** | **९६- ११०** |
| ७.१ वर्तमान अवस्था | ९६ |
| ७.२ उद्देश्य | १०२ |
| ७.३ रणनीतिहरु | १०३ |
| ७.४ प्रमुख उपलब्धि | १०३ |
| ७.५ प्रमुख क्रियाकलाप र लक्ष्य | १०४ |
| **परिच्छेद - आठ (अनुगमन तथा मूल्याङ्कन)** | **१११ - ११४** |
| ८.१ वर्तमान अवस्था | १११ |
| ८.२ उद्धेश्य | ११२ |
| ८.३ रणनीति | ११२ |
| ८.४  उपलब्धि तथा नतिजा | ११३ |
| ८.४.१ उपलब्धि | ११३ |
| ८.४.२ नतिजा | ११३ |
| ८.५ प्रमुख क्रियाकलाप र लक्ष्य | ११४ |

# स्थानीय शिक्षा योजना

## १. विषय प्रवेश

नेपालको संविधानले आधारभूत र माध्यमिक शिक्षालाई स्थानीय तहको अधिकार अन्तर्गत राखेको छ भने शिक्षालाई साझा अधिकारको सूचीमा समावेश गरेको छ । त्यसैगरी स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले शिक्षा सम्बन्धी अन्य कामको अतिरिक्त सामुदायिक विद्यालयको शिक्षक तथा कर्मचारीको दरबन्दी मिलान, माध्यमिक तहसम्मको शैक्षिक कार्यक्रमको समन्वय र नियमावली सम्बन्धी अधिकार स्थानीय तहलाई सुम्पिएको छ । उक्त राष्ट्रिय जिम्मेवारी पुरा गर्न यस देउमाई नगरपालिकाले स्थानीय नगर शिक्षा योजना तयार गरी कार्यान्वयन गर्नुपर्ने भएको छ । स्थानीय शिक्षा योजना कुनै विशेष स्थानीय तह, क्षेत्र वा समुदायको शिक्षाको विकासका लागि बनाइएको एउटा विस्तृत रणनीतिक योजना हो । यो योजना स्थानीय आवश्यकता, स्रोतसाधन र चुनौतीहरूलाई ध्यानमा राखेर तयार गरिएको छ । यो योजना स्थानीय आवश्यकता अनुसार परिवर्तन गर्न सकिन्छ ।

यसमा स्थानीय बासिन्दा, शिक्षक, अभिभावक र अन्य सरोकारवालाहरूको सक्रिय सहभागिता रहेको छ । यो योजना स्पष्ट लक्ष्य र उद्देश्यसहित बनाइएको छ । यसले स्थानीय तहमा उपलब्ध स्रोतसाधनको अधिकतम प्रयोग गरी शिक्षाको राष्ट्रिय उद्देश्य प्राप्त गर्न सहयोग गर्दछ । यसले शिक्षाको गुणस्तर सुधार गर्न विभिन्न रणनीतिहरू अपनाउँछ । यसमा स्थानीय तहको सामाजिक, आर्थिक, साँस्कृतिक र भौगोलिक अवस्थाको विश्लेषण तथा विद्यार्थी भर्ना दर, छात्रा छात्र छुट्ने दर, शिक्षकको योग्यता र शिक्षण सिकाइका विधिहरूको मूल्याङ्कन गरिन्छ, जसले गर्दा शिक्षाका लक्ष्य र उद्देश्य प्राप्ति गर्न सहज हुन्छ । यसको निर्माणमा स्थानीय शिक्षा अधिकारी, स्थानीय सरकारका प्रतिनिधिहरू, शिक्षक, अभिभावक, विद्यार्थी, विज्ञ व्यक्तिहरू तथा कर्मचारीहरूको प्रत्यक्ष वा अप्रत्यक्ष संलग्नता हुने हुँदा स्थानीय नगर शिक्षा योजनामा सबैको अपनत्व र कार्यान्वयनमा ऐक्यबद्धता रहने कुरामा विश्वस्त हुन सकिन्छ ।

## २. शिक्षा योजना निर्माणको आवश्यकता र औचित्य

शिक्षा योजना निर्माण कुनै पनि देशको समग्र विकासका लागि अत्यावश्यक हुन्छ । यसले शिक्षा क्षेत्रको लक्ष्य निर्धारण, स्रोतको प्रभावकारी उपयोग तथा गुणस्तरीय शिक्षा प्रदान गर्न महत्वपूर्ण भूमिका खेल्छ ।

### शिक्षा योजना निर्माणको आवश्यकता:

- **लक्ष्य निर्धारण:** शिक्षा योजनाले स्पष्ट लक्ष्य निर्धारण गर्दछ । जस्तै- सबैका लागि आधारभूत शिक्षाको पहुँच, शिक्षाको गुणस्तरमा सुधार, सीप विकास आदि ।
- **स्रोतको प्रभावकारी उपयोग:** योजनाले उपलब्ध स्रोतलाई कसरी प्रभावकारी रूपमा उपयोग गर्ने भन्ने बारेमा स्पष्ट मार्गदर्शन प्रदान गर्दछ ।
- **समस्या समाधान:** शिक्षा क्षेत्रमा देखिएका समस्याहरूको पहिचान गरी त्यसको समाधानका लागि रणनीति बनाउन मद्दत गर्दछ ।

- **गुणस्तर सुनिश्चितता:** शिक्षाको गुणस्तरलाई निरन्तर सुधार गर्नका लागि आवश्यक मापदण्ड र प्रक्रियाहरू निर्धारण गर्दछ।
- **सम्बन्धित पक्षको सहभागिता:** शिक्षा योजना निर्माणमा शिक्षक, विद्यार्थी, अभिभावक, समुदाय र सरकारको सहभागिता सुनिश्चित गर्दछ।
- **अनुगमन र मूल्याङ्कन :** योजनाको कार्यान्वयनको निरन्तर अनुगमन र मूल्याङ्कन गरी आवश्यक परिवर्तन गर्न मद्दत गर्दछ।
- **अन्तर्राष्ट्रिय प्रतिबद्धता पूरा:** विभिन्न अन्तर्राष्ट्रिय मञ्चहरूमा गरिएका प्रतिबद्धताहरू पूरा गर्न शिक्षा योजनाले महत्त्वपूर्ण भूमिका खेल्छ।

**शिक्षा योजना निर्माणको औचित्य:**

- **राष्ट्रिय विकास:** शिक्षा एक देशको समग्र विकासको आधारस्तम्भ हो। शिक्षित जनशक्तिले देशको आर्थिक, सामाजिक र राजनीतिक विकासमा महत्वपूर्ण योगदान पुर्याउँछ।
- **सामाजिक न्याय:** शिक्षा योजनाले सबै वर्ग र समुदायका व्यक्तिहरूलाई समान शिक्षाको अवसर प्रदान गर्न मद्दत गर्दछ।
- **गरीबी निवारण:** शिक्षाले गरीबी निवारणमा महत्वपूर्ण भूमिका खेल्छ। शिक्षित व्यक्तिहरूले आफ्नो जीवनस्तर उकास्न सक्छन् र देशको आर्थिक विकासमा योगदान पुर्‍याउन सक्छन्।
- **समावेशिता:** शिक्षा योजनाले विविधतालाई समेटेर सबैलाई शिक्षाको पहुँचमा ल्याउन मद्दत गर्दछ।
- **दिगो विकास:** शिक्षा योजनाले दिगो विकासका लक्ष्यहरू हासिल गर्न मद्दत गर्दछ।

## ३. स्थानीय तहमा शिक्षा योजना निर्माणको औचित्य

स्थानीय तहमा शिक्षा योजना निर्माणको औचित्यलाई निम्न बुँदामा उल्लेख गर्न सकिन्छ :

- **स्थानीय आवश्यकताको सम्बोधन:** स्थानीय तहमा बनेका योजनाहरूले स्थानीय समुदायको विशिष्ट आवश्यकता, सँस्कृति र स्रोतसाधनलाई ध्यानमा राखेर तयार हुन्छन्। यसले गर्दा शिक्षा योजनाले स्थानीय स्तरमा रहेका समस्या समाधान गर्न र शिक्षाको पहुँचलाई बढाउन मद्दत गर्दछ।
- **स्रोतसाधनको प्रभावकारी उपयोग:** स्थानीय तहले आफ्नो क्षेत्रमा उपलब्ध स्रोतसाधनको पहिचान गरी त्यसलाई शिक्षा क्षेत्रमा प्रभावकारी रूपमा प्रयोग गर्न सक्छ। यसले शिक्षामा हुने खर्चको अधिकतम उपयोगिता सुनिश्चित गर्दछ।
- **समुदायको सहभागिता:** स्थानीय तहमा शिक्षा योजना निर्माण गर्दा स्थानीय समुदाय, अभिभावक, शिक्षक र विद्यार्थीको सहभागिता सुनिश्चित गरिन्छ। यसले गर्दा योजना निर्माणमा पारदर्शिता आउँछ र समुदायको अपनत्व बढ्छ।

- **शिक्षाको गुणस्तर सुधार:** स्थानीय तहमा बनेका योजनाहरूले शिक्षण सिकाइ प्रक्रियालाई प्रभावकारी बनाउन, शिक्षकको क्षमता अभिवृद्धि गर्न र विद्यार्थीहरुको सिकाइ परिणाम सुधार गर्न मद्दत गर्दछ।
- **शिक्षामा समानता:** स्थानीय तहले आफ्नो क्षेत्रमा रहेका शैक्षिक असमानतालाई पहिचान गरी त्यसलाई कम गर्नका लागि विभिन्न कार्यक्रम सञ्चालन गर्न सक्छ।
- **स्थानीय विकासमा योगदान:** शिक्षा एक व्यक्ति र समाज विकासको आधार हो। शिक्षित समुदायले आफ्नो जीवनस्तर उकास्न सक्छ र समग्रमा स्थानीय विकासमा योगदान पुर्याउन सक्छ।
- **जवाफदेहिता बढाउँछ:** स्थानीय तहले आफ्नो क्षेत्रमा शिक्षाको अवस्थाको नियमित अनुगमन र मूल्याङ्कन गर्न सक्छ। यसले गर्दा शिक्षा क्षेत्रमा भएका प्रगति र चुनौतीहरूको बारेमा जानकारी प्राप्त हुन्छ र जवाफदेहिता बढ्छ।

## ४. शिक्षा योजना निर्माणका आधार:

स्थानीय शिक्षा योजनाको निर्माण गर्दा विभिन्न आधारहरूलाई ध्यानमा राखिनुपर्दछ । यी आधारहरूले योजनालाई प्रभावकारी बनाउन र शिक्षा क्षेत्रमा लक्षित परिणाम हासिल गर्न मद्दत गर्दछन्। यसले शिक्षालाई गुणस्तरीय, समावेशी र दिगोपना बनाउन महत्वपूर्ण भूमिका खेल्दछ।

### शिक्षा योजना निर्माणका आधारहरू:

- **स्थानीय आवश्यकता र सन्दर्भ:**
  - स्थानीय समुदायको सामाजिक, आर्थिक, साँस्कृतिक र भौगोलिक अवस्था
  - विद्यार्थीको विविधता र आवश्यकता
  - विद्यालयको भौतिक पूर्वाधार र स्रोतसाधन
  - समुदायको शिक्षाप्रतिको धारणा र अपेक्षा
- **राष्ट्रिय शिक्षा नीति र कानुन:**
  - राष्ट्रिय शिक्षा नीतिले निर्दिष्ट गरेका लक्ष्य, उद्देश्य र सिद्धान्तहरू
  - सम्बन्धित शिक्षासम्बन्धी कानुन र नियमहरू
  - केन्द्र सरकारद्वारा तय गरिएका नीतिगत प्राथमिकताहरू
- **अन्तर्राष्ट्रिय शिक्षाका सर्वोत्तम अभ्यासहरू:**
  - विश्वका विभिन्न देशहरूमा सफल भएका शिक्षाका मोडेल र कार्यक्रमहरू
  - अन्तर्राष्ट्रिय संस्थाहरू (जस्तै: युनेस्को, विश्व बैंक) द्वारा जारी गरिएका निर्देशनहरू

- **तथ्याङ्क र सूचना:**
  - विद्यार्थीको भर्ना दर, ड्रपआउट दर, सिकाइ उपलब्धि

- ○ शिक्षकको योग्यता, अनुभव र तालिम
- ○ विद्यालयको भौतिक पूर्वाधारको अवस्था
- ○ विद्यालय व्यवस्थापनको प्रभावकारिता

- **हितधारकहरूको सहभागिता:**
    - ○ शिक्षक, अभिभावक, विद्यार्थी, समुदायका प्रतिनिधि, स्थानीय सरकारका प्रतिनिधि
    - ○ हितधारकहरूको विचार, सुझाव र आवश्यकतालाई समावेश गर्नु

- **मूल्याङ्कन र अनुगमन:**
    - ○ योजना कार्यान्वयनको प्रभावकारिता मापन गर्नका लागि सूचकहरू तय गर्नु
    - ○ नियमित रूपमा अनुगमन गर्ने र आवश्यक परेमा योजनामा परिवर्तन गर्नु

## ५. शिक्षा योजना निर्माण प्रक्रिया:

शिक्षा योजना भनेको कुनै विशेष स्थान, समूह वा संस्थाको लागि शिक्षा सम्बन्धी लक्ष्य, रणनीति र गतिविधिहरूलाई स्पष्ट रूपमा उल्लेख गर्ने एक विस्तृत दस्तावेज हो । यसले शिक्षाका प्रयासलाई प्रभावकारी र कुशल बनाउन मद्दत गर्छ ।

### शिक्षा योजना निर्माणका प्रमुख चरणहरू

१. **आवश्यकता पहिचान:**
- ○ हालको शिक्षाको अवस्थाको विश्लेषण
- ○ विद्यार्थी, शिक्षक र अभिभावकहरूको आवश्यकताको मूल्याङ्कन
- ○ उपलब्ध स्रोत साधनको मूल्याङ्कन

२. **लक्ष्य निर्धारण:**
- ○ स्पष्ट, मापनयोग्य, प्राप्त गर्न सकिने, प्रासंगिक र समयबद्ध (SMART) लक्ष्यहरू निर्धारण गर्ने ।
- ○ दीर्घकालीन र अल्पकालीन दुवै प्रकारका लक्ष्यहरू समावेश गर्ने ।

३. **रणनीति विकास:**
- ○ लक्ष्यहरू प्राप्त गर्नका लागि विशिष्ट रणनीतिहरू बनाउने ।
- ○ विभिन्न शिक्षण विधि, प्रविधि र उपकरणहरूको प्रयोग गर्ने बारेमा विचार गर्ने ।

४. **कार्यक्रम र गतिविधिहरू:**
- ○ लक्ष्य र रणनीतिहरूका आधारमा विशिष्ट कार्यक्रम र गतिविधिहरू विकास गर्ने ।
- ○ समय तालिका र जिम्मेवारीहरू निर्धारण गर्ने ।

५. **स्रोतको बाँडफाँड:**
- ○ आवश्यक स्रोतहरू (मानवीय, वित्तीय, भौतिक) पहिचान गर्ने र बाँडफाँड गर्ने ।

६. **मूल्याङ्कन:**

- ○ योजनाको प्रभावकारिताको नियमित रूपमा मूल्याङ्कन गर्ने।
- ○ तथ्याङ्क सङ्कलन र विश्लेषण गर्ने।
- ○ आवश्यक परिवर्तन गर्ने।

## ६. योजनाको लेखाजोखा :

योजनाको लेखाजोखा भनेको कुनै पनि योजनाको कार्यान्वयनको अवस्था, प्रगति, उपलब्धि र चुनौतीहरूको मापन गर्ने एक प्रक्रिया हो। यसले योजनाको प्रभावकारिता मूल्याङ्कन गर्न र आवश्यक सुधारका लागि मार्गदर्शन प्रदान गर्दछ। शिक्षा योजनाको सन्दर्भमा, यसले शिक्षा क्षेत्रमा भएका परिवर्तनहरू, लक्ष्य प्राप्तिमा भएको प्रगति र भविष्यका लागि आवश्यक कदमहरू पहिचान गर्न मद्दत गर्दछ।

### शिक्षा योजनाको लेखाजोखाको महत्त्व

- **प्रगतिको मूल्याङ्कन:** योजनाको कार्यान्वयन कतिको सफल भएको छ भन्ने कुराको मूल्याङ्कन गर्न।
- **सुधारका लागि मार्गदर्शन:** योजनामा आवश्यक परिवर्तनहरू पहिचान गर्न र सुधारका लागि मार्गदर्शन प्रदान गर्न।
- **जवाफदेहिता:** योजना कार्यान्वयनमा संलग्न व्यक्ति तथा संस्थाहरूलाई जवाफदेही बनाउन।
- **स्रोतको प्रभावकारी उपयोग:** स्रोतसाधनको अधिकतम उपयोगिता सुनिश्चित गर्न।
- **भविष्यका योजनाहरूका लागि आधार:** भविष्यका शिक्षा योजनाहरू तयार गर्दा यसबाट प्राप्त जानकारीको उपयोग गर्न।

### शिक्षा योजनाको लेखाजोखाका प्रमुख पक्षहरु

- **लक्ष्य प्राप्ति:** योजनाका लक्ष्यहरू कतिको प्राप्त भएका छन् भन्ने कुराको विश्लेषण।
- **कार्यक्रमको प्रभावकारिता:** विभिन्न कार्यक्रमहरूले लक्षित समूहमा कस्तो प्रभाव पारेका छन् भन्ने कुराको मूल्याङ्कन।
- **स्रोतको उपयोगिता:** उपलब्ध स्रोतसाधनहरू कतिको प्रभावकारी रूपमा प्रयोग भएका छन् भन्ने कुराको विश्लेषण।
- **चुनौतीहरू:** योजना कार्यान्वयनमा आएका चुनौतीहरूको पहिचान र विश्लेषण।
- **सिकाइ:** योजनाबाट प्राप्त सिकाइ र भविष्यका लागि आवश्यक सुधारका उपायहरूको पहिचान।

### शिक्षा योजनाको लेखाजोखाका विधिहरू

- **तथ्याङ्क विश्लेषण:** विद्यार्थीको भर्ना दर, ड्रपआउट दर, सिकाइ उपलब्धि जस्ता तथ्याङ्कको विश्लेषण।

- **सर्वेक्षण:** शिक्षक, विद्यार्थी, अभिभावक र समुदायका सदस्यहरूसँग अन्तर्वार्ता लिने वा सर्वेक्षण गर्ने।
- **केस अध्ययन:** केही विशिष्ट विद्यालय वा समुदायको गहन अध्ययन।
- **प्रगति प्रतिवेदनको विश्लेषण:** विभिन्न निकायहरूद्वारा तयार पारिएका प्रगति प्रतिवेदनहरूको विश्लेषण।

## शिक्षा योजनाको लेखाजोखाका चुनौतीहरू

- **तथ्याङ्कको उपलब्धता:** आवश्यक तथ्याङ्कको अभाव वा अपर्याप्तता।
- **समय र स्रोतको अभाव:** लेखाजोखाका लागि पर्याप्त समय र स्रोतको अभाव।
- **विज्ञ जनशक्तिको अभाव:** लेखाजोखा गर्न आवश्यक दक्ष जनशक्तिको अभाव।
- **राजनीतिक प्रभाव:** राजनीतिक प्रभावका कारण लेखाजोखामा वस्तुनिष्ठता कायम गर्न कठिन हुन सक्ने।

## ७. योजना दस्तावेजको स्वरूप

योजनाको दस्तावेजको स्वरूप योजनाको प्रकार, लक्ष्य र आकारमा निर्भर गर्दछ। नगर शिक्षा योजनाको दस्तावेजमा विशेष गरी गरी निम्न कुराहरू समावेश हुनेछन।

- **परिचय:** योजनाको उद्देश्य, दायरा र पृष्ठभूमि जानकारी।
- **समस्याको पहिचान:** योजनाले सम्बोधन गर्ने समस्या वा आवश्यकताको विस्तृत विवरण।
- **लक्ष्यहरू:** योजनाले प्राप्त गर्न चाहेका विशिष्ट, मापनयोग्य, प्राप्य, प्रासंगिक र समयबद्ध (SMART) लक्ष्यहरू।
- **कार्यनीतिहरू:** लक्ष्यहरू प्राप्त गर्नका लागि अपनाइने विशिष्ट कार्यहरू वा चरणहरू।
- **कार्यान्वयन योजना:** कार्यहरू कसरी, कहिले र कसले गर्ने भन्ने बारे विस्तृत विवरण।
- **बजेट:** योजना कार्यान्वयन गर्न आवश्यक पर्ने वित्तीय स्रोतहरूको विवरण।
- **मूल्याङ्कन:** योजनाको सफलता मापन गर्नका लागि प्रयोग गरिने मापदण्डहरू।

# परिच्छेद - एक

## परिचय

## १.१ वर्तमान अवस्था

इलाम जिल्लाका दशवटा स्थानीय तहहरु मध्ये देउमाई नगरपालिका एक हो । यो नगरपालिका इलाम जिल्लाको पश्चिमि क्षेत्रको केन्द्र बिन्दुमा अवस्थित छ । विगतमा यस नगरपालिको स्थापना २०७१ साल मंसीर १६ गते घोषणा भएको थियो । साविकको मंगलबारे गाउँ विकास समिति र धुसेनी गाउँ विकास समिति मिलाई देउमाई नगरपालिका नामाकरण गरिएको हो । तत्कालिन समयमा यो नगरपालिका नेपालकै सबै भन्दा थोरै जनसंख्या भएको र क्षेत्रफलको हिसावले सबैभन्दा सानो नगरपालिका हो । नेपालको संविधान २०७२ अनुसार राज्य पुनः संरचना भई संघीयता कार्यान्वयन हुँदा यस नगरपालिकामा साविक जीतपुर गा.वि.स.,मंगलबारे गा.वि.स.,धुसेनी गा.वि.स., साङरुम्बा गा.वि.स. का वडा न. ७, ८ र ९, सिद्धिथुम्का गा.वि.स.को वडा न. ७ बाहेक सबै र चमैता गा.वि.स.को वडा न. ९ बाहेक सबै क्षेत्र समावेश गरी २०७३ साल फाल्गुण २६ गते यस नगरपालिकालाई विस्तृत रुपमा घोषणा गरिएको हो ।

यस नगरपालिको पूर्वमा इलाम नगरपालिका, उत्तरमा पाँचथर जिल्लाको फाल्गुनन्द गाउँपालिका , पश्चिममा फाकफोकथुम र माङ्सेबुङ गाउँपालिका तथा दक्षिणमा इलामको माई नगरपालिका रहेका छन् । यस नगरपालिकाको जनसंख्या र क्षेत्रफल दुवै दृष्टिकोणवाट ठूलो वडा ९ र सबैभन्दा सानो वडा ६ रहेको छ ।

### क. भौगोलिक अवस्थितिः

देउमाई नगरपालिका कोशी प्रदेश अन्तर्गत, इलाम जिल्लाको संघीय निर्वाचन क्षेत्र नम्बर २ तथा प्रदेशसभा निर्वाचन क्षेत्र नं. २ (१) मा पर्दछ । यो नगरपालिका इलाम जिल्लाका १० वटा स्थानीय तहहरु मध्ये एक हो ।

- **अक्षांस र देशान्तर**

देउमाई नगरपालिका २६$^0$ ४९'१०" देखि २७$^0$ २' ४९" उत्तरी अक्षांश र ८७° ४६' १५" देखि ८७$^0$ ५४'४९" पूर्वी देशान्तरको बिचमा रहेको छ ।

- **क्षेत्रफल**

यो नगरपालिकाको हालको क्षेत्रफल १९१.६१ वर्ग किलोमिटर छ ।

- **सिमाना**

**पूर्वमा** – इलाम नगरपालिका

**पश्चिममा** – फाकफोकथुम र माङसेबुङ गाउँपालिका

**उत्तरमा** – फाल्गुनन्द  गाउँपालिका र पाँचथर जिल्ला

**दक्षिणमा -** माइ नगरपालिका

- **नामाकरण**

  यो नगरपालिका इलामका प्रसिद्ध चार खोला मध्ये नगरपालिकाको उच्च सिमाना कुइभिर देखि होचो सिमाना फुलुङ्गी दोभान सम्म किनारा भई बग्ने देउमाई खोलाको नामबाट नामाकरण गरिएको हो।

- **उचाइ**

यो नगरपालिकामा २२० मिटर देखि करिब २८३५ मिटर सम्म उचाइ भएका स्थानहरू रहेका छन्।

- **हावापानी**

यो नगरपालिकाको हावापानी समाशीतोष्ण प्रकारको छ।

- **नदीनाला**

इलाम जिल्लालाई चारखोल (चारखोला) पनि भनिन्छ। यहाँ चारखोलाहरू माई, जोगमाई, पुवामाई र देउमाई हुन्। यी चारखोला मध्ये देउमाई खोला यस नगरपालिकामा पर्दछ।

- **पर्यटकीय स्थलहरू**

देउमाई नगरपालिका प्रशस्त पर्यटकीय सम्भावना बोकेको पालिका हो। यहाँका प्रमुख पर्यटकीय स्थलहरु कुइभिर, पङ्खेलुङ झरना, गुफाथुम्की, सिद्धिथुम्का, खान्द्रुङ गुफा, दतात्रय, ढोलेदेवी मन्दिर, रत्न सुरुङ, पानीटार चियावारी, मिष्ट भ्याली चिया उद्योग, खत्रक्पा, अजम्बरे, तीनजुरे, जटेश्वरधाम, देवीडाँडा, शिखरबाबा धाम, झ्याउँपोखरी आदि हुन्।

- **जैविक विविधता**

यस नगरपालिकाको भौगोलिक अवस्थिति समुद्री सतहबाट लगभग २५० मिटर देखि करिब २८३५ मिटर उचाईको विविधतामा आधारित रहेको छ। यहाँ दुर्लभ रेडपाण्डा, जंगली बँदेल, हरिण मृग, अजिङगर आदि वन्यजन्तु तथा डाँफे, लुइँचे, ढुकुर, काग आदि चराहरूको बासस्थान रहेको छ। यहाँ साल, सिसौ, खयर, टिक जस्ता कडा र बहुमुल्य वनस्पति र उत्तिस, मलातो, सल्लो, धुपी, मालिङ्गो जस्ता वनस्पतिहरू पनि पाइन्छ।

- **प्राकृतिक प्रकोप तथा जोखिमको अवस्था**

देउमाई नगरपालिकाको भौगोलिक अवस्था अधिकांश पहाडी र केही भूभाग जोखिमयुक्त रहेका छन्। वडा नं ५ को केवाबुङ क्षेत्रको पहिरो, वडा नं ९ को फुलुङ्गी क्षेत्रको पहिरो, कुइभिर क्षेत्रको पहिरो, चमैता बाक्सिला क्षेत्रका अति भिराला जमिन र बस्तीहरु जोखिमको अवस्थामा रहेका छन्। कमसल भू-बनोटका कारण भूकम्पबाट पनि सधैं जोखिममा रहेको छ।

### ख. जनसाङ्ख्यिक विश्लेषण

वि.सं. २०७८ सालको जनगणना अनुसार देउमाई नगरपालिकाको जनसंख्या यस प्रकार रहेको छ।

➢ **जनसंख्याको आकार**

कुल जनसंख्या : - ३०९६९

पुरुषको संख्या: - १५३४८

महिलाको संख्या :- १५६२१

वार्षिक जनसंख्या वृद्धिदर :-  (-०.५९%)

पुरुषको प्रतिशत:-  ४९.५५

महिलाको प्रतिशत:- ५०.४५

लैङ्गिक अनुपात :- ९८.२५ पुरुष प्रति १०० महिलामा

जनघनत्व :- १६२ प्रति वर्गकिलो मिटर

सबैभन्दा बढी जनसंख्या भएको वडा नम्बर :- ९

सबै भन्दा कम जनसंख्या भएको वडा नम्बर :- ६

महिला भन्दा पुरुषको जनसंख्या बढी भएको एक मात्र वडा नम्वरः- १  (पुरुषको संख्या २४ जनाले बढी)

## ➢ परिवार

जम्मा परिवार संख्या:  ७६८६

एकजना मात्र सदस्य रहेको परिवार संख्या :- ५००

९ जना वा सोभन्दा बढी सदस्य रहेको परिवार संख्या :- १७७

४ जना सदस्य रहेको परिवार संख्या: २१५२ (सबै भन्दा बढी)

परिवारको औषत आकार: ४.०३

## ➢ साक्षरता

कूल साक्षरता दर : ८३.४%

पुरुष साक्षरता दर :- ८९.०%

महिला साक्षरता दर ७७.८%,-

## ➢ वडागत रूपमा जनसंख्या

| वडा नम्वर | पुरूष | महिला | जम्मा |
|---|---|---|---|
| १ | २०७५ | २०५१ | ४१२६ |
| २ | १६१८ | १६६२ | ३२८० |
| ३ | १९२० | १९४९ | ३८६९ |
| ४ | १६१५ | १६४७ | ३२६२ |
| ५ | १७४५ | १८२३ | ३५६८ |
| ६ | १२९५ | १३०९ | २६०४ |
| ७ | १४९७ | १५०३ | ३००० |
| ८ | १५१३ | १५३७ | ३०५० |
| ९ | २०७० | २१४० | ४२१० |
| जम्मा | १५३४८ | १५६२१ | ३०९६९ |

## ➢ अपाङ्गता

- अपाङ्गता भएका मानिसको संख्या :- ७४४
- अपाङ्गता भएको जनसंख्याको प्रतिशत:- २.४
- अपाङ्गता भएका पुरुषको संख्या :- ३९९
- अपाङ्गता भएका महिलाको संख्या :- ३४५
- अपाङ्गता भएका पुरुषको प्रतिशत:-  ५३.६२%
- अपाङ्गता भएका महिलाको प्रतिशत:-  ४६.३८%

## ➢ विदेशमा रहेको जनसंख्या

- विदेशमा रहेको जम्मा जनसंख्या :- १७५१ जना
- विदेशमा रहेको पुरुषको संख्या:- १४७५ जना  ८४.२%
- विदेशमा रहेको महिलाको संख्या :- २७६  जना १५.८%

## ➢ उमेर समूह अनुसारको जनसंख्या

| उमेर समूह | पुरूष | महिला | जम्मा |
|---|---|---|---|
| ०-४ वर्ष | १०६३ | ९६३ | २०५६ |
| ५-९ वर्ष | १२५७ | ११६६ | २४२३ |
| १०-१४ वर्ष | १२३६ | ११९५ | २४३१ |
| १५-१९ वर्ष | १४८५ | १४९१ | २९७६ |
| २०-२४ वर्ष | १३४९ | १४६४ | २८१३ |
| २५-२९ बर्ष | १३१८ | १३८३ | २७०१ |

## ➢ ५ वर्ष र सो भन्दा कम उमेरको जनसंख्या विवरण:

जम्मा जनसंख्या :- २४९९

पुरुषको संख्या :- १३०९

महिलाको संख्या :-११९०

जन्म दर्ता भएको जम्मा जनसंख्या :- १९२७

जन्म दर्ता भएको पुरुषको संख्या :- १०१९

जन्म दर्ता भएको महिलाको संख्या :- ९०८

जन्म दर्ता नभएको जम्मा जनसंख्या :- ५७२
जन्म दर्ता नभएको पुरुषको संरख्या :- २९०
जन्मदर्ता नभएको महिलाको संख्या :- २८२
जन्म दर्ता भएको जनसंख्या :- ७७.११%
जन्म दर्ता नभएको जनसंख्या :- २२.८९%

देउमाई नगरपालिकाको जनसाख्यिक संरचनालाई हेर्दा यहाँको वार्षिक जनसंख्या बृद्धिदर (-०.५९%) अर्थात ऋणात्मक रहनु, ४ बर्ष मुनिको जनसङ्ख्या २०५६ मात्र हुनुले आगामी दिनमा यो नगरपालिकामा बालबालिकाको संख्या घट्दै जाने र परिणाम स्वरुप विद्यार्थी संख्यामा पनि ह्रास आउने कुराको सङ्केत गरेको छ। यसरी नै ५ वर्ष वा सोभन्दा कम उमेरका मानिसहरू मध्ये ५५६२ जना अर्थात २५.१ प्रतिशत जनसंख्याको जन्मदर्ता नहुनु पनि एउटा समस्या हो।

देउमाई नगरपालिकाको साक्षरताको अवस्था सापेक्षिक रुपमा राम्रो छ। किनकि राष्ट्रिय कुल साक्षरता दर ७६.२% र कोशी प्रदेशको ७९.७% मात्र र इलाम जिल्लाको ८३.३७% रहेकोमा देउमाई नगरपालिकाको साक्षरता दर ८३.३५% रहको छ। यस नगरपालिकाका ५ वर्ष वा सो भन्दा कम उमेरका सबै बालबालिकाहरुको जन्म दर्ता भएको छैन। यहाँ सो उमेर समुहका २२.५% अर्थात ५७२ बालबालिकाहरुको जन्म दर्ता भएको छैन। जन्म दर्ता नभएकोले गर्दा यी जनसंख्याले नगरपालिकाको नीति निर्माण र योजना तर्जुमा गर्ने कार्यमा प्रभाव पार्न सक्छ।

- **बसाइसराई र यसको प्रक्षेपण**

यो नगरपालिका इलाम जिल्ला सदरमुकाम देखि पक्की सडक दुरीबाट ३१ किलोमिटर पश्चिममा रहेको छ। जनअपेक्षा अनुसार स्वास्थ्य सुविधा उपलब्ध नहुनु, गुणस्तरिय शिक्षामा कमी, यातायात र पुर्वाधारको बिकासमा कमी, उपलब्ध पर्यटकीय क्षेत्रहरुको प्रवर्धन गर्न नसकिएको जस्ता गुनासाहरु सहित विशेष गरी तराई क्षेत्रमा बसाईँ सरी जाने दर तीब्र छ। बैदेशिक रोजगार, अभिभावकहरुको अंग्रेजी शिक्षा, देखासिखी र सुविधा प्रतिको महत्वकांक्षा बसाईं सराइका मुख्य कारणहरु हुन्। नगरपालिकाको दिगो विकास र जनअपेक्षा अनुरुप नयाँ कार्यक्रम र योजनाहरु समयमै कार्यान्वयन गर्न नसिकएमा बसाइसराइको दर बढ्न सक्ने पूर्वानुमान गर्न सकिन्छ।

## ग. सामाजिक तथा साँस्कृतिक अवस्था

देउमाई नगरपालिका विभिन्न जातजाति, भाषा, धर्म र सँस्कृति भएको नगरपालिका हो। यहाँको सामाजिक तथा साँस्कृतिक अवस्थाको विवरण यस प्रकार छ :-

- **जातजाति**

देउमाई नगरपालिकामा राई, लिम्बू, मगर, गुरुङ, बाहुन, क्षेत्री, दशनामी, खवास, तामाङ, शेर्पा, नेवार भूजेल, सुनुवार, वान्तवा र दलित वर्ग आदि समुदायका मानिसहरु बसोबास गर्छन्। यहाँ तराइ मूलका केही जातिहरुको पनि बसोवास रहेको छ। यी जातिहरु मध्ये धेरै जातिहरुको बसोबास मिश्रीत रुपमा रहेको छ। राष्ट्रिय जनगणना

२०७८ को तथ्याङ्क अनुसार यस नगरपालिका भित्र बसोबास गर्ने प्रमुख जातिहरुको जनसंख्या यस प्रकार रहेकोछ।

| जातजाति | जम्मा जनसंख्या | पुरुष | महिला | प्रतिशत |
|---|---|---|---|---|
| बाहुन | ५१३१ | २५७६ | २५५५ | १६.६ |
| लिम्बू | ४८६३ | २४११ | २४५२ | १५.७ |
| राई | ४७१२ | २३५१ | २३६१ | १५.२ |
| क्षेत्री | ४३३३ | २१५४ | २१७९ | १४.० |
| मगर | २८२५ | १३९१ | १४३४ | ९.१ |
| तामाङ | २३६६ | ११६० | १२०६ | ७.६ |
| नेवार | १३७६ | ६८५ | ६९१ | ४.४ |
| विश्वकर्मा | ९४५ | ४४२ | ५०३ | ३.१ |
| वान्तवा | ७७१ | ३८५ | ३८६ | २.५ |
| गुरुङ | ५६१ | २८४ | २७७ | १.८ |

- **धर्म**

यस नगरपालिका भित्र विभिन्न धर्म मान्ने मानिसहरूको जनसंख्या यस प्रकार छ।

| धर्म | जम्मा जनसंख्या | पुरुष | महिला | प्रतिशत |
|---|---|---|---|---|
| हिन्दु | १४९९८ | ७४०१ | ७५९७ | ४८.४१ |
| बौद्ध | ५०४६ | २४७९ | २५६७ | १६.३१ |
| किराँत | १०३०६ | ५१६९ | ५१३७ | ३३.३ |
| क्रिश्चियन | ५९८ | २८४ | ३१४ | १.९१ |
| इस्लाम | १५ | ९ | ६ | ०.०५ |
| अन्य | ६ | ६ | ० | ०.०२ |

- **साँस्कृतिक परम्परा**

देउमाई नगरपालिकाका बासिन्दाहरुको आ-आफ्नो जाति, धर्म र संस्कार अनुसारको संस्कृति रहेको छ। यहाँका मानिसहरु आ-आफ्नो परम्परा अनुसार जन्मसंस्कार र मृत्यूसंस्कारका कर्महरु गर्छन्। यहाँ न्वारन, पास्नी, छेवर, व्रतवन्ध, विवाह, काजक्रिया, भोज, घेवा, ब्रत, पूजा, पुराण, देवीदेवताको आराधना आदि गर्छन्। यहाँ दशैं, तिहार

ल्होसार, उँधौली, उँभौली, चासोक तङ्नाम, ईद, क्रिसमस, श्रीपञ्चमी, नाग- पञ्चमी, साउने र माघे संक्रान्ति, शिवरात्री आदि पर्वहरु मनाउँदछन् । यहाँ रोपाईजात्रा, लाखेजात्रा, गाईजात्रा आदि जात्राहरु मनाउने चलन पनि छ ।

- **भेषभूषा**

देउमाई नगरपालिकामा पुरुषहरू कमिज सुरूवाल, दौरा सुरुवाल, कोट, टोपी, सर्ट पेन्ट, हाफपेन्ट आदि लगाउँछन् भने महिलाहरू साडी, चोलो, ब्लाउज, कुर्था सुरुवाल, सल, मजेत्रो आदि लगाउँछन् । आ-आफ्ना संस्कार तथा साँस्कृतिक पर्वहरूमा जातिगत पहिचान झल्कने पहिरन लगाउने चलन पनि छ ।

- **मूल्य मान्यता**

पर्यटकीय नगर देउमाई अतिथिहरूको सत्कारमा रमाउने क्षेत्र हो । बहुजातीय, बहुभाषिक, बहुसाँस्कृतिक अनेकताको समुदाय भित्र हुने एकता यहाँको मुख्य मूल्य मान्यता हो । परम्परागत चाडपर्व, जात्रा महोत्सव आदिमा समावेशी सहभागिता यहाँको परिचय बनेको छ ।

- **स्थानीय भाषा, रैथाने ज्ञान, सीप र प्रविधि**

गुरुङ, लिम्बू, राई, मगर, सुनुवार, नेवार, तामाङ, वान्तवा जस्ता जनजाति, दलित समुदाय र क्षेत्री बाहुनहरूको बसोबासको बाहुल्यता रहेकोमा अधिकांश जनजाति समुदायले आ-आफ्नै मातृभाषाको प्रयोग गर्ने गर्दछन् । सरकारी कामकाजको भाषा नेपाली नै रहेको छ । रैथाने ज्ञान सीपमा चोया र काठबाट बन्ने सामग्रीको निर्माण, परम्परागत कुटानी पिसानीका पद्धति, सिलाइ बुनाइ आदि रहेका छन् ।

## घ. आर्थिक अवस्था

देउमाई नगरपालिकाको आर्थिक अवस्था कृषि, पशुपालन, उद्योग, व्यापार र नोकरीमा आधारित छ । यस नगरापालिकामा अवलम्वन गरिएका उक्त पेशाहरूको संक्षिप्त विवरण यस प्रकार छ ।

- **कृषि**

देउमाई नगरपालिका कृषिको लागि उर्वर भूमि भएको नगरपालिका हो । यहाँको लगभग ५० प्रतिशत जमिन खेतीको लागि उपयुक्त मानिन्छ । जमिनको भिरालोपन, माटोको उर्वरा शक्ति, हावापानी, सिचाइको सुविधा जस्ता कुराहरूलाई मध्यनजर गरेर यहाँ विभिन्न प्रकारका बालीहरू लगाइन्छ । यहाँ अन्न, तेलहन, तरकारी, फलफूल, मसला आदि बालीहरूको खेती गरिन्छ । यहाँ नगदेबालीको रुपमा अदुवा, अलैंची, अम्लिसो, चिया, कफी आदिको पनि उत्पादन गरिन्छ । आजभोलि गोलियाको रुपमा काठ बिक्री गर्नको लागि नगदेबालीको रुपमा वृक्षारोपण गर्ने प्रचलन पनि प्रारम्भ भएको छ । सात 'अ' को जिल्ला भनेर चिनिने इलाम जिल्ला भित्र उत्पादन हुने कृषि क्षेत्रसँग सम्बन्धित ७ "अ" मा अदुवा, अलैंची, अम्लिसो अकबरे, अर्थोडक्स चिया, ओलन र आलुको उत्पादन देउमाई नगरपालिकाभित्र पनि हुन्छ । देउमाई नगरपालिकाको कृषि निर्वाहमुखी खेतीबाट व्यावसायिक

खेतीतर्फ विकास हुन सकेको छैन । उच्च वसाईँ सराइका कारणा कृषि क्षेत्र तहसनहस हुँदै गएको छ । देउमाई नगरपालिका आंशिक रुपमा उन्नतबालीहरूको अतिरिक्त रैथाने बालीहरूको संरक्षण तर्फ पनि लागेको छ ।

- **पशुपन्छी पालन**

देउमाई नगरपालिकामा कृषिको पूरक पेसाको रूपमा पशुपन्छी पालन गरिन्छ । यहाँ गाई, भैँसी, बाख्रा, भेडा, घोडा, सुँगुर, बङ्गुर, हाँस, कुखुरा, तित्रा, बट्टाई, परेवा आदि पालिन्छन् । रैथाने जातका पशुपंक्षीहरू पालन गरिंदै आएकोमा यस नगरपालिकामा हाल उन्नत जातका पशुपंक्षीहरूको पालन प्रारम्भ गरिंदै आएको छ । पशुपालन व्यवसायलाई व्यवसायीकरण गर्ने कार्यको पनि थालनी भएको छ ।

- **उद्योग**

देउमाई नगरपालिमा बाँस, काठ, धागो र धातुका सामानहरू उत्पादन गर्ने केहि परम्परागत उद्योगहरू सञ्चालनमा छन् । तर बाहिरबाट आयात हुने ठूला उद्योगहरूबाट उत्पादित आधुनिक सामानहरुसँगको प्रतिस्पर्धामा टिक्न नसकेर यी उद्योगहरू बन्द हुँदै गइरहेका छन् । यस बाहेक यहाँ केही दुग्धजन्य उद्योगहरू र चिया उद्योगहरू सञ्चालित छन् ।

### ङ. शैक्षिक अवस्था

- विद्यार्थी, विद्यालय, शिक्षक, भौतिक, आर्थिक, शिक्षण सिकाइ र अन्य क्षेत्र ।

## १.२ मुख्य समस्या तथा चुनौतीको विश्लेषण

**क. मुख्य समस्याः** विद्यालय शिक्षामा सबै बालबालिकाहरूलाई युगानुकुल पहुँच, सहज सहभागिता र अपेक्षित गुणस्तरको सुनिश्चितता गर्न नसक्नु ।

**ख. चुनौतीहरूः** नेपाल सरकारले निर्धारण गरेको कानुनी व्यवस्था, स्थानीय सरकार सञ्चालन ऐन अन्तर्गत स्थानीय सरकारले प्राप्त गरेको माध्यमिक तहसम्मको शिक्षाको व्यवस्थापन गर्ने अधिकारलाई युगानुकुल, जनअपेक्षित गुणस्तरका साथ समन्यायिक ढंगबाट कार्यान्वयन गर्न नसक्नु यस नगरपालिकाको मुख्य शैक्षिक चुनौती हो ।

## १.३ शिक्षा क्षेत्रका चुनौतीको SWOT विश्लेषण

### क. सबल पक्षहरूः

- शैक्षिक व्यवस्थापनका लागि कानुनी अधिकार
- जनशक्ति व्यवस्थापन
- औपचारिक शिक्षाको लामो इतिहास

- सापेक्षित रुपमा उच्च साक्षरता प्रतिशत
- नगर शिक्षा ऐन र नगर शिक्षा नियमावलीको निर्माण र कार्यान्वयन
- स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक निर्माण र कार्यान्वयन
- सामुदायिक र संस्थागत विद्यालयहरूको पर्याप्तता
- खुला विद्यालयको व्यवस्था
- प्राविधिक धारको विद्यालय सञ्चालन
- CTEVT को आङ्गिक क्याम्पस सञ्चालन
- कक्षा ११ र १२ मा विज्ञान बिषयका कक्षाहरु सञ्चालन
- अपाङ्गता भएका बालबालिकाहरूको लागि स्रोत कक्षाको व्यवस्था
- सामुदायिक सिकाइ केन्द्रहरूको सञ्चालन
- नगरपालिकाको सेवाक्षेत्र भित्र सामुदायिक क्याम्पस सञ्चालन
- विद्यालयहरूमा विद्युतीय हाजिरीको व्यवस्था
- नेपाल सरकारको तर्फबाट सूचीकृत नमूना विद्यालयको व्यवस्थापन
- शिक्षा क्षेत्रका सरोकारवालाहरुको लागि अनुकूल हावापानी र रमणीय वातावरण
- स्थानीय तहवाट विद्यार्थी, शिक्षक प्रोत्साहानको व्यवस्था
- सुपरीवेक्षण तथा निरीक्षणको व्यबस्था
- नगर स्तरीय अतिरिक्त क्रियाकलापको व्यवस्थापन
- शैक्षिक निर्णय प्रक्रियामा साझेदारीको अवसर
- नगर शिक्षण स्वयम् सेवकको व्यवस्थापन

## ख. कमजोर पक्षहरू:

- सबै बालबालिकाहरूको जन्मदर्ता नहुनु
- सबै बालवालिकाहरूको लागि आफ्ना आमाबाबुको अभिभावकत्व प्राप्त गर्ने अवसर नहुनु
- निर्धारित मापदण्ड अनुसारका भौतिक संरचनाहरुको अभाव
- विद्यालय गाभिने क्रममा भएका भौतिक संरचनाहरु उपयोग विहिन हुनु
- वालमैत्री, अपाङ्गतामैत्री र सिकारुमैत्री फर्निचरको अभाव
- विद्यार्थी स्वास्थ्य परीक्षण कार्यक्रमको कमी

- शिक्षामा सूचना र सञ्चार प्रविधिको पहुँचको अपर्याप्तता
- बिषयगत शिक्षकको अपर्याप्तता
- प्राविधिक शिक्षा, साविक उच्च मा.वि. र बाल शिक्षाका शिक्षक एवं विद्यालय कर्मचारी/सहयोगीहरुको सेवा र सुरक्षाको सुनिश्चितता नहुनु
- समय सापेक्ष संघीय शिक्षा ऐनको व्यवस्था हुन नसक्नु
- स्वच्छ खानेपानी र शौचालयको अभाव
- शिक्षक एवं कर्मचारीहरुको वृत्ति विकासको अनिश्चितता
- दिवा खाजाको कार्यक्रम प्रभावकारी हुन नसक्नु
- वालमैत्री अवधारणाको कार्यान्वयन हुन नसक्नु
- दरवन्दी मिलानको समस्या
- माध्यमिक र साविक उच्च माध्यमिक तहमा शिक्षक दरबन्दीको अपर्याप्तता
- परम्परागत सिकाइ, सहजीकरण प्रक्रिया
- न्यून सिकाइ उपलब्धि
- प्रतिभा पलायनको समस्या
- कक्षा दोहोर्याउने र कक्षा छाड्ने दर सन्तोषजनक नहुनु
- शैक्षिक सामग्रीको अभाव
- विद्यालयमा विज्ञान सामग्री र प्रयोगशालाको अभाव
- पठन सँस्कृतिको बिकास र जीवनपर्यन्त सिकाइको लागि सबै क्षेत्रमा सार्वजनिक पुस्तकालयको अभाव
- सक्षम जनशक्ति छनोट प्रक्रियामा कठिनाइ
- कार्य सम्पादनको आधारमा न्यायोचित पुरस्कार र सचेतनाको अभाव
- मूल्याङ्कन प्रक्रिया
- शिक्षण समय व्यवस्थापन
- अनौपचारिक तथा खुला सिकाइ व्यवस्थापन

**ग. अवसरहरू:**

- शिक्षालाई संविधानले मौलिक हकको रुपमा परिभाषित गर्नु
- माध्यमिक तह सम्मको शिक्षाको अधिकार र जिम्मेवारी स्थानीय तहलाई प्राप्त हुनु
- ३ वटै तहको सरकार र अन्य संघ संस्थाहरुबाट शिक्षा क्षेत्रमा लगानी हुनसक्ने सम्भावना

- नगरपालिकालाई उपयुक्त प्रकारको शिक्षा ऐन, नियमावली, निर्देशिका र कार्यविधि निर्माण गरेर कार्यान्वयन गर्ने अवसर
- स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माण र कार्यान्वयन गर्ने अवसर
- वालवालिकाहरुले निःशुल्क पाठ्यपुस्तक प्राप्त गर्ने अवसर
- वालवालिकाहरूले दिवा खाजा प्राप्त गर्ने अवसर
- बालवालिकाहरुको लागि आफ्नो इच्छा अनुसारको विद्यालय र बिषय छनौट गर्ने अवसर
- नगरपालिका भित्र प्राविधिक शिक्षा तथा व्यावसायिक शिक्षा अध्ययन गर्ने अवसर
- आफ्नै नगरपालिका भित्र स्नातक सम्मको शिक्षा प्राप्त गर्न सक्ने अवसर
- शिक्षालाई सूचना तथा सञ्चार प्रविधिसँग जोड्न सक्ने अवसर
- शैक्षिक जनशक्ति प्राप्त गर्ने तथा छनोट हुने अवसर

## घ. चुनौतीहरूः

- विद्यालय नक्साङ्कन तथा समायोजन
- पूर्ण रूपमा निःशुल्क शिक्षाको कार्यान्वयन
- शिक्षक दरबन्दीको उचित व्यवस्थापन
- शिक्षामा नवीनतम विधि र प्रविधिको प्रयोग
- पाठ्यक्रम, पाठ्यपुस्तक तथा मूल्याङ्कन प्रणालीमा सुधार
- विपत् व्यवस्थापन र वैकल्पिक सिकाइ सहजीकरणको व्यवस्था
- जीवनपर्यन्त सिकाइका अवसरहरूको सुनिश्चितता
- बाल विकास केन्द्रको समायोजन र पुनर्वितरण
- शिक्षा क्षेत्रमा लगानी हुने सीमित श्रोत र साधनको उपयुक्त बाँडफाँड
- मर्ज भएका विद्यालयका भौतिक संरचनाको उपयोग
- शिक्षा क्षेत्रमा संलग्न सवै प्रकारका शैक्षिक जनशक्तिको सेवा सुरक्षा र वृत्ति विकासको सुनिश्चितता
- बाल शिक्षाका कक्षाहरुमा ४ बर्ष भन्दा कम उमेरका बालबालिकाको सहभागिता
- आधारभूत तह सम्मको शिक्षालाई अनिवार्य र निःशुल्क तथा माध्यमिक तह सम्मको शिक्षालाई निःशुल्क गरेर गुणस्तरीय शिक्षा प्रदान गर्न आवश्यक स्रोत र साधनको व्यवस्था
- विभिन्न प्रकारको अपाङ्गता भएका वालवालिकाको लागि शिक्षाको व्यवस्था

- प्राविधिक धार तथा प्राविधिक शिक्षा सञ्चालित विद्यालयहरुको जनशक्ति, ल्याव तथा सामग्री व्यवस्थापन
- प्रधानाध्यापकको अधिकार कार्यान्वयन

## १.४ अवसर

रैथाने ज्ञान, सीप र प्रविधिको बिस्तार तथा परिमार्जनका साथै आधुनिक ज्ञान, सीप र प्रविधिसँग समायोजन गर्दै, स्थानीय क्षेत्रमा रहेका ऐतिहासिक, सांस्कृतिक, धार्मिक पर्यटनलाई प्रबर्द्धन गर्दै शैक्षिक व्यवस्थापन गर्ने संवैधानिक अधिकार प्राप्त गर्नु मुख्य अवसर हो ।

# परिच्छेद - दुई

## दूरदृष्टि, लक्ष्य, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण

### २.१ दूरदृष्टि

“पहुँच, समावेशिता र गुणस्तरको सुनिश्चितताः देउमाई नगरपालिकाको प्रतिवद्धता ”

### २.२ लक्ष्य

माध्यमिक तह सम्मको शिक्षामा सिकाइ सँस्कृति, समावेशिता, समता र सान्दर्भिकता सहितको सक्षमतामा आधारित गुणस्तरीय जीवनोपयोगी शिक्षा सुनिश्चित गर्ने ।

### २.३ उद्देश्य

- प्रारम्भिक बाल विकासदेखि माध्यमिक तहसम्मको शिक्षामा सबै बालबलिकाहरूको सहज पहुँच विस्तार गर्नु ।
- शैक्षिक गुणस्तर सहित सिकाइ संस्कृतिको वातावरण कायम गर्नु ।
- विद्यालय व्यवस्थापनमा सुशासन, जवाफदेहिता र उत्तरदायित्व अभिवृद्धि गर्नु ।
- शिक्षालाई समय सापेक्ष, जीवनोपयोगी र सान्दर्भिक बनाउनु ।
- साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त शिक्षाका अवसरहरु सुनिश्चित गर्नु ।
- आपतकालीन र संकटपूर्ण अवस्थामा पनि बालवालिकाको शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित गर्नु ।
- शिक्षाको प्रणालीगत सक्षमता अभिवृद्धि गर्दै, प्राविधिक, व्यवसायिक तथा प्रविधिमैत्री शिक्षाको आधार तयार गर्नु ।

### २.४ रणनीति

- प्रारम्भिक वालविकास कार्यक्रमलाई विद्यालय शिक्षाको अभिन्न अङ्ग बनाएर सबै वालवालिकाको लागि बालशिक्षा अनिवार्य गर्ने । १
- अनिवार्य, निशुल्क र गुणस्तरीय आधारभूत शिक्षामा सबैको पहुँच सुनिश्चित गर्ने । १
- आधारभूत तथा माध्यमिक तहको शिक्षामा गुणस्तर अभिवृद्धि गर्ने । १
- विद्यालयको भौतिक व्यवस्थापनमा सुधार गर्ने । २
- शिक्षकहरुलाई प्रविधि मैत्री क्षमता विकास तालिमको व्यवस्थापन गरी सीपयुक्त र उद्यमशील जनशक्ति उत्पादन गर्ने । २

- सहपाठि सिकाइ, स्वः सिकाइ, औपचारिक र अनौपचारिक सिकाइ, निर्देशित सिकाइ आदिमा सुधार गर्ने। २
- अनौपचारिक शिक्षा तथा जीवन पर्यन्त सिकाइको व्यवस्थापन गर्ने। २
- शैक्षिक व्यवस्थापन तथा सूचना प्रणालीमा सुधार गर्ने। २
- शैक्षिक सुशासन तथा पारदर्शिता र सेवा प्रवाहमा सुधार गर्ने। ३
- नागरिक वडापत्रको अनिवार्य व्यवस्था गर्ने र विनियमावली निर्माण गरी लागु गर्ने। ३
- जवाफदेही र जनसहभागिताका लागि सार्वजनिक सुनुवाइको व्यवस्थापन गर्ने। ३
- गुनासा सुन्नको लागि सुझाव पेटिका र सूचना अधिकारीको व्यवस्थापन गर्ने। ३
- पाठ्यक्रम, पाठ्यपुस्तक र सन्दर्भ सामग्रीलाई समकालीन समाजको आवश्यकता अनुसार परिमार्जन गर्ने ।४
- सिकाई सक्षमतालाई दैनिक जीवनका व्यवहार कुशल सीपसँग जोडेर विकास गर्ने। ४
- सिकाईलाई नवीनतम खोज अनुसन्धान र प्रविधि सहित विकास गर्ने। ४
- अनौपचारिक, खुल्ला शिक्षा, वैकल्पिक शिक्षा र सामुदायिक सिकाइ केन्द्रहरुको समय सापेक्ष विकास गर्ने। ५
- सार्वजनिक पुस्तकालय, वाचनालय र सीपमूलक तालिम केन्द्रको विकास गरी जीवनपर्यन्त सिकाइको सुनिश्चितता गर्ने। ५
- अनलाइन भर्चुअल कक्षा, विज्ञबाट शिक्षण गरिएका नमूना कक्षाहरु विकास गरी लर्निङ्ग पोर्टल विकास गर्ने। ६
- सबै विद्यालयमा विद्युत, इन्टरनेट र न्यूनतम एउटा स्मार्ट एल. ई. डी. को व्यवस्था गर्ने। ६
- सिकाइ सामग्रीको संग्रहालय विकास गर्ने। ६
- शिक्षालाई रोजगारी र उत्पादनसँग जोड्ने कार्यक्रमहरु तयार गर्ने। ७
- विज्ञान, प्राविधिक शिक्षा र प्राविधिक धार सञ्चालित विद्यालयहरुमा प्रयोगशाला, वैकल्पिक सन्दर्भ सामग्री व्यवस्थित गरी अनिवार्य प्रयोगात्मक कक्षाको व्यवस्था गर्ने। ७
- सिकाइ सहजीकरण प्रक्रियामा कक्षाकोठा भित्र प्रविधिलाई अनिवार्य गर्ने। ७
- देउमाई नगरपालिकालाई शैक्षिक हबको रुपमा विकास गर्ने।

## २.५ अपेक्षित उपलब्धि

नगर शिक्षा योजना कार्यान्वयनको अन्त्य सम्ममा देहाय वमोजिमका उपलब्धिहरू प्राप्त हुने अपेक्षा गरिएको छ:-

- शिक्षामा सबैको समतामूलक पहुँच स्थापित भएको हुनेछ ।
- पाठ्यक्रमले निर्धारण गरे बमोजिमका सिकाइ उपलब्धिहरू हासिल भएका हुनेछन् ।
- शैक्षिक गुणस्तरमा सुधार भएको र प्रतिस्पर्धात्मक शैक्षिक वातावरण कायम भएको हुनेछ ।
- वालवालिकाहरूले समयसापेक्ष र जीवनोपयोगी शिक्षा हासिल गर्दै गरेका हुनेछन् ।
- शैक्षिक संस्थाहरूबाट सीपयुक्त र उद्यमशील जनशक्ति उत्पादन भइरहेको  हुनेछ ।
- साक्षरता, साक्षरोत्तर शिक्षा, निरन्तर शिक्षा र जीवनपर्यन्त शिक्षाका अवसरहरू सुनिश्चित भएका हुनेछन् ।
- आपतकालीन र संकटपूर्ण अवस्थामा पनि बालबालिकाहरुको शिक्षा प्राप्त गर्ने अवसर सुनिश्चित भएको हुनेछ ।
- शिक्षाको प्रणालीगत संरचना सुदृढ भएको हुनेछ ।
- सबै शिक्षकहरु सिकाईमा प्रविधिको उपयोग गर्न दक्ष र सक्षम भएका हुनेछन् ।
- शिक्षा दिवस २०८१ को आदर्श वाक्य (ज्ञान, विज्ञान, सीप, उद्यम र मौलिकताः साझेदारी र प्रणालीगत सक्षमता) सार्थक भएको हुनेछ ।
- देउमाई नगरपालिका शैक्षिक हवको रूपमा विकसित भइरहेको हुनेछ ।

## २.६ मुख्य कार्य सम्पादन सूचक तथा लक्ष्य

| क्र.स. | सूचकहरु | आधार वर्ष (२०८१) को अबस्था | लक्ष्य | |
|---|---|---|---|---|
| | | | २०८६ | २०९१ |
| **१** | **प्रारम्भिक बालविकास तथा शिक्षा** | | | |
| १.१ | कुल भर्नादर | ११२.४ | १०४ | १०० |
| १.२ | ४ वर्षका बालबालिकाको भर्ना अनुपात | | | |
| १.३ | न्यूनतम योग्यता पुगेका शिक्षक प्रतिशत | ९९ | ९९ | १०० |
| १.४ | आधारभूत तालिम प्राप्त शिक्षक प्रतिशत | १०० | १०० | १०० |
| १.५ | कक्षा १ का नवप्रवेशी मध्ये प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभव प्राप्त बालबालिकाको प्रतिशत | ९७.८ | १०० | १०० |

## २.७ मुख्य कार्य सम्पादन सूचक र लक्ष्य निर्धारणः

यस तालिकामा स्थानीय तहको विद्यालय शिक्षा क्षेत्र योजनाले निर्दिष्ट गरेका मुख्य मुख्य कार्य सम्पादन सुचकहरुको आधारमा आगामी २ वर्ष, ३ वर्ष र ५ वर्षको लक्ष्य निर्धारण गरिएको छ।

| क्र. स. | सूचक | सूचकको तह | आधार बर्ष २०८१ | २०८३ | २०८५ | २०८७ | सूचकको स्रोत | तथ्याङ्क को स्रोत |
|---|---|---|---|---|---|---|---|---|
| १. प्रारम्भिक बालविकास शिक्षा | | | | | | | | |
| १.१ | प्रारम्भिक बालविकास शिक्षामा कूल भर्ना दर (%) | स्थानीय | ११२.४ | ११० | १०४ | १०० | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ८६.२ | ८९.५ | ९४ | ९९ | | |
| १.२ | प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा नयाँ भर्ना भएका बालवालिका (%) | स्थानीय | ९७.८ | ९८ | ९९ | १०० | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ६८.६ | ७३ | ८५ | ९५ | | |
| २. आधारभूत शिक्षा (कक्षा १-८) | | | | | | | | |
| २.१ | कक्षा १ मा नयाँ भर्ना भएका बालवालिकाको खुद प्रवेशदर (%) | स्थानीय | ९७ | ९८ | ९९ | १०० | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ९६.९ | ९७.५ | ९९ | १०० | | |
| २.२ | कक्षा १ मा नयाँ भर्ना भएका बालवालिकाको कूल प्रवेशदर (%) | स्थानीय | ११८.२३ | ११० | १०८ | १०५ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | १२१.९ | ११५ | १०७ | १०५ | | |
| २.३ | आधारभूत तह (प्राथमिक कक्षा (१-५) मा खुद भर्ना दर (%) | स्थानीय | ९८.५ | ९९ | ९९.५ | १०० | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ९७.१ | ९९ | ९९.५ | १०० | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २.४ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा कूल भर्ना दर (%) | स्थानीय | १११.५ | ११० | १०५ | १०० | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ११९.२ | ११५.० | | | | |
| २.५ | आधारभूत तह कक्षा ५ को खुद प्रवेशदर (%) | स्थानीय | ९८.७ | ९९ | ९९.५ | १०० | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ९८.३ | | | | | |
| २.६ | आधारभूत तह कक्षा ५ को कूल प्रवेशदर (%) | स्थानीय | ११२.१२ | १०९ | १०७ | १०४ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ११३ | ११० | १०७ | १०५ | | |
| २.७ | आधारभूत तहको कक्षा ५ सम्म टिकाउ दर (%) | स्थानीय | ९७.३५ | ९८ | ९९ | १०० | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ९३.० | | | | | |
| २.८ | आधारभूत तह (प्राथमिक कक्षा ५) पुरा गर्ने दर (%) | स्थानीय | ९४ | ९५.५ | ९८ | ९९ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ८५.८ | ९३.३ | ९५.५ | ९९.५ | | |
| २.९ | आधारभूत तहमा (प्राथमिक कक्षा १-५) मा भर्ना भएका ५-९ वर्ष उमेर भन्दा माथिका बालबालिका | स्थानीय | ९.६ | ८ | ७ | ६ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | २२.२ | २० | १५ | १० | | |
| २.१० | आधारभूत तह (प्राथमिक कक्षा १-५) कूल भर्ना दरमा लैङ्गिक समता सूचाङ्क | स्थानीय | २.२ | २ | १.८ | १.५ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | १.०६ | | | १.०१ | | |
| २.११ | आधारभूत तह ( कक्षा १-८) मा खुद भर्ना दर (%) | स्थानीय | ९२.२१ | ९३.५ | ९५ | ९७ | | |
| | | प्रदेश | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | राष्ट्रिय | ९३.४ | ९९ | १०० | | | |
| २.१२ | आधारभूत तह (कक्षा १-८) मा कूल भर्ना दर (%) | | स्थानीय | १०६.६५ | १०४ | १०२ | १०० | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ११०.४ | | | | | |
| २.१३ | आधारभूत तहको कक्षा ८ सम्मको टिकाउ दर (%) | | स्थानीय | ९१.२ | ९३ | ९५ | ९७ | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ७९.३ | | | ९५ | | |
| २.१४ | आधारभूत तहको कक्षा ८ मा भर्ना भई कक्षा पुरा गर्ने दर (%) | | स्थानीय | ७९.५ | ८५ | ९१ | ९७ | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ७२.७ | | | ९५ | | |
| २.१५ | आधारभूत तह (कक्षा १-८ ) कूल भर्ना दरमा लैङ्गिक समता सूचक | | स्थानीय | १ | १ | १ | १ | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | १.०१ | १.०१ | | | | |
| २.१६ | कक्षा ३ मा न्युनतम सिकाई उपलब्धी हासिल गरेका (कक्षा ३ को आधारभूत तह वा २ हासिल भएका) बालवालिकाको संख्या (%) | नेपाली भाषा | स्थानीय | ६९.९८ | ७५ | ८२ | ९७ | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| | | गणित | स्थानीय | ६७.९२ | ७२ | ७८ | ८० | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| २.१७ | कक्षा ५ मा न्युनतम सिकाई उपलब्धी हासिल गरेका (कक्षा ५ को आधारभूत तह हासिल भएका) बालवालिकाको संख्या (%) | नेपाली भाषा | स्थानीय | ६३.७० | ६९ | ७६ | ८० | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ४५ | ५२ | ६० | ७० | | |
| | | | स्थानीय | ५७.८५ | ६५ | ७० | ७५ | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | गणित | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | २८ | २८.३ | ४० | ६० | ७० | |
| | | अंग्रेजी | स्थानीय | ६९.५३ | ७४ | ७७ | ८० | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| २.१८ | कक्षा ८ मा न्युनतम सिकाई उपलब्धी हासिल गरेका (कक्षा ८ को तह ३ हासिल भएका) बालवालिकाको संख्या (%) | नेपाली भाषा | स्थानीय | ६७.३७ | ७२ | ७६ | ८० | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ६८.८ | ७० | ७२ | ७५ | | |
| | | गणित | स्थानीय | ५६.६ | ६४ | ६९ | ७६ | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ५३.५ | ६० | ६५ | ७० | | |
| | | विज्ञान | स्थानीय | ६३.४१ | ६८ | ७४ | ८० | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ४३.८ | ५० | ६० | ७० | | |
| २.१९ | विद्यालय बाहिर रहेका बालबालिका (%) | आधार भूत (कक्षा तह १-५) | स्थानीय | ०.७२ | ०.६ | ०.४ | ०.२ | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | २.९ | १ | ०.५ | ० | | |
| | | आधार भूत (कक्षा १-८) | स्थानीय | १.२ | १ | ०.८ | ०.५ | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ६.६ | ० | 0 | | | |
| २.२० | आधारभूत तह कक्षा १-८ अध्यापनरत कूल शिक्षक मध्ये महिला शिक्षक संख्या (%) | | स्थानीय | ४३.३३ | ४५ | ४७ | ५० | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ४३.७ | ४५ | ५० | ५० | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३. माध्यमिक शिक्षा (कक्षा ९-१२) | | | | | | | | |
| ३.१ | माध्यमिक तह (कक्षा ९-१२) मा खुद भर्ना दर (%) | स्थानीय | ६२.४१ | ६८ | ७२ | ७५ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ४७.६ | | ६५ | | | |
| ३.२ | माध्यमिक तह (कक्षा ९-१२) मा कूल भर्ना दर (%) | स्थानीय | ७४.२१ | ७८ | ८४ | ९० | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ७१.४ | | | ९९ | | |
| ३.३ | माध्यमिक तहमा कूल भर्ना दरमा लैङ्गिक समता सुचक (कक्षा ९-१२) | स्थानीय | १.१ | १ | १ | १ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | १.०२ | १ | १ | १ | | |
| ३.४ | आधारभूत तहबाट माध्यमिक तहमा ट्रान्जिसन दर (%) | स्थानीय | ९८.२३ | ९८.५ | ९९ | १०० | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ९७.५ | | | | | |
| ३.५ | कक्षा १ मा भर्ना भएका बालवालिका मध्ये कक्षा १० मा पुग्ने दर (%) | स्थानीय | ६१.६२ | ६९ | ७४ | ८० | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ६०.३ | | | | | |
| ३.६ | कक्षा १ मा भर्ना भएका बालवालिका मध्ये कक्षा १२ मा पुग्ने दर (%) | स्थानीय | २७ | ३२ | ३६ | ४० | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | २४ | | | | | |
| ३.७ | माध्यमिक तह कक्षा ९-१२ कार्यरत महिला शिक्षक संख्या (%) | स्थानीय | १५ | १६.५ | १८ | २० | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | २०.६ | २२ | २७ | ३३ | | |
| ३. | माध्यमिक तह कक्षा स्थानीय | विज्ञान | ०.३५ | १.५ | ५.५ | १० | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | ९-१२ मा अध्ययनरत विद्यार्थी मध्ये विज्ञान र प्राविधिक तथा व्यवसायिक शिक्षा विषयमा भर्ना भएका विद्यार्थी संख्या (%) | | प्रा.ब्या. | २.७३ | ६.५ | ९ | १५ | | |
| | | प्रदेश | विज्ञान | | | | | | |
| | | | प्रा.ब्या. | | | | | | |
| | | राष्ट्रिय | विज्ञान | | | १५ | | | |
| | | | प्रा.ब्या. | १० | १७ | ३० | | | |
| ३.९ | कक्षा १०का विद्यार्थी सिकाइ उपलब्धी (अंकमा) | नेपाली भाषा | स्थानीय | २.८६ | २.९ | २.९५ | ३ | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| | | गणित | स्थानीय | १.६७ | १.८० | २ | २.५ | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| | | विज्ञान | स्थानीय | २.५४ | २.६५ | २.८ | ३ | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| | | अंग्रेजी | स्थानीय | २.७३ | २.८२ | २.९५ | ३.१ | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| ४. जीवनपर्यन्त शिक्षा तथा सिकाइ र अनौपचारिक शिक्षा | | | | | | | | | |
| ४.१ | साक्षरता दर (१५  वर्ष भन्दा माथि)  (%) | | स्थानीय | ८९.२ | ९२ | ९५ | ९८ | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ५८ | | ९५ | | | |
| ४.२ | साक्षरता दर (६ बर्ष भन्दा माथि) (%) | | स्थानीय | ९४ | ९६ | ९७ | ९८ | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ८२ | ८९ | ९५ | १०० | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ४.३ | साक्षरता दर (उमेर १५-२४ समूह) % | स्थानीय | | ९५.३० | ९६ | ९७ | ९९ | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | ९२ | | ९९ | | | |
| ४.४ | साक्षरता दरमा लैङ्गिक समता (१५ वर्ष भन्दा माथि ) | स्थानीय | | ०.८७ | ०.९३ | ९.९६ | १ | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | ०.६५ | | | ०.८० | | |
| ५. प्राविधिक तथा ब्यवसायिक शिक्षा र सीप विकास तालिम | | | | | | | | | |
| ५.१ | प्राविधिक तथा ब्यवसायिक सीप विकास तथा तालिम प्राप्त आर्थीक रुपले सकृय जनशक्ति (%) | स्थानीय | | १०.२१ | १२ | १३ | १५ | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | ३१ | ४० | ५० | ७५ | | |
| ५.२ | प्राविधिक तथा ब्यवसायिक शिक्षा (कक्षा ९-१२ वा डिप्लोमा वा प्रि डिप्लोमा उत्तीर्ण जनशक्ति (बार्षिक संख्या) | स्थानीय | छात्रा | १२ | १६ | २२ | २६ | | |
| | | | छात्र | ११ | १५ | १९ | २४ | | |
| | | प्रदेश | छात्रा | | | | | | |
| | | | छात्र | | | | | | |
| | | राष्ट्रिय | छात्रा | | | | | | |
| | | | छात्र | | | | | | |
| ६. शुशासन तथा व्यवस्थापन | | | | | | | | | |
| ६.१ | आधारभूत तह (कक्षा १-५ ) मा विद्यार्थी शिक्षक अनुपात (सामुदियक विद्यालय) | स्थानीय | | ११.१ | १२.१ | १४.१ | १५.१ | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | २४.१ | | ३०.१ | ३०.१ | | |
| ६.२ | आधारभूत तह (कक्षा ६-८) मा विद्यार्थी शिक्षक अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | | २५.१ | २५.१ | २५.१ | २५.१ | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | ३०.१ | | ३०.१ | ३०.१ | | |
| ६.३ | आधारभूत तह (कक्षा १-८) मा विद्यार्थी शिक्षक अनुपात | स्थानीय | | १३.१ | १५.१ | १८.१ | २०.१ | | |
| | | प्रदेश | | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | (सामुदायिक विद्यालय) | राष्ट्रिय | ३३.१ | ३१.१ | ३०.१ | ३०.१ | | |
| ६.४ | माध्यमिक तह (कक्षा ९-१०) मा विद्यार्थी शिक्षक अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | २२.१ | २३.१ | २४.१ | २५.१ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ४०.१ | | ३०.१ | ३०.१ | | |
| ६.५ | माध्यमिक तह (कक्षा ९-१२) मा विद्यार्थी शिक्षक अनुपात | स्थानीय | २०.१ | २२.१ | २३.१ | २५.१ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ४१.१ | ३५.१ | ३०.१ | ३०.१ | | |
| ७. उच्च शिक्षा | | | | | | | | |
| ७.१ | उच्च शिक्षामा कूल भर्ना दर (%) | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | १२ | १७ | २२ | २५ | | |
| ७.२ | उच्च शिक्षामा महिला सहभागिता अनुपात | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ०.९० | ०.९४ | ०.९६ | १ | | |
| ७.३ | प्राविधिक उच्च शिक्षामा विद्यार्थी भर्ना दर (%) | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | २५ | ३० | ३३ | | | |
| ८. शिक्षामा लगानी | | | | | | | | |
| ८.१ | कूल बजेटको शिक्षा क्षेत्रमा विनियोजित बजेट (%) | स्थानीय | ३९.०४ | ३६.०५ | ४०.०१ | ४२.०५ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | १०.६८ | १५ | १७ | २० | | |
| ८.२ | आधारभूत तह (कक्षा १-८) मा प्रति विद्यार्थी सरकारी खर्च (रु हजारमा) | स्थानीय | ५१.६० | ४८.३० | ४१ | ३९ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ७.२ | १८ | २१ | २४ | | |
| ८.३ | माध्यमिक तह कक्षा (९-१२) मा प्रति विद्यार्थी सरकारी खर्च (रु हजारमा) | स्थानीय | २१.२१ | २० | १९ | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ११ | १५ | १७ | | | |

# परिच्छेद - तीन

## शिक्षाका मुख्य उपक्षेत्र

यस परिच्छेदमा विद्यालय शिक्षाका बिभिन्न उपक्षेत्रहरु प्रारम्भिक बालविकास शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइ र प्राविधिक तथा उच्च शिक्षा जस्ता क्षेत्रहरुको वर्तमान अवस्था, सम्भावना, अवसर र चुनौतिहरुको ब्यापक अध्ययन र समीक्षा गरी यस देउमाई नगरपालिका अन्तर्गत सम्बन्धित उपक्षेत्रको थप सुधारका निमित्त अवलम्वन गर्नु पर्ने उद्देश्य तथा रणनीतिहरुको बिस्तृतीकरण गरिएको छ।

## ३.१ प्रारम्भिक बालविकास शिक्षा

## परिचय

प्रारम्भिक बालविकास शिक्षा वर्तमान कानुनले निर्धारण गरेको विद्यालय संरचनाको प्रारम्भिक अवस्था हो। यस अवस्थामा आधारभूत तह कक्षा १ मा भर्ना हुनुपूर्व विद्यालय प्रति आकर्षित गराइ विद्यालय शिक्षामा प्रवेश गराउने अवस्था हो। यस तहमा विद्यार्थीहरुको शारीरिक, मानसिक तथा संवेगात्मक विकासको निम्ति आवश्यक क्रियाकलापहरु सञ्चालन गरिन्छ। यस्ता कार्यक्रमहरु बिभिन्न समयावधिका सञ्चालन गर्ने प्रचलन भए पनि ४ बर्ष उमेर पुगेका बालबालिकाका लागि १ बर्षको प्रारम्भिक बालविकास शिक्षा सञ्चालन गरिने कानुनी प्रावधान रहेको छ। यो कार्यक्रम समुदाय र विद्यालय दुबैमा सञ्चालन गरिदै आएको भए पनि पछिल्ला बर्षहरुमा विद्यालयमा नै सञ्चालन गर्ने नीति अवलम्वन गरिएको छ। यदि समुदायमा बालबालिकाको संख्या धेरै भएमा र विद्यालयको पहुँच कठीन भएमा समुदायमा पनि आवश्यकताको आधारमा सञ्चालन गरिने छ।

## ३.१.१ बर्तमान अवस्था

देउमाई नगरपालिकामा हाल ८२ वटा सरकारी अनुदान प्राप्त प्रारम्भिक बालविकास कक्षाहरु सञ्चालनमा छन्। ती मध्ये ४ वटा मात्र समुदायमा सञ्चालित रहेका छन् भने बाँकी ७८ वटा बालविकास केन्द्रहरु विद्यालयहरुमा नै सञ्चालित छन्। यहाँ कार्यरत बाल शिक्षकहरु धेरै जसो महिलाहरु हुनुका साथै सबै बाल शिक्षकहरुको योग्यता कक्षा ८ देखि स्नातकोत्तर सम्म रहेको छ। शैक्षिक सत्र २०८१ को तथ्याङ्क अनुसार यी सबै बालविकास केन्द्रहरुमा हाल ५९३ जना बालक र ४८४ जना बालिका गरी जम्मा १०७७ जना बालबालिकाहरु भर्ना भई अध्ययन गरिरहेका छन्। बालविकास केन्द्रहरुको भौतिक अवस्था नेपाल सरकारले निर्धारण गरेको मापदण्ड अनुसार बिकसित भई नसकेकोले सोही अनुसार सुधार गर्दै लैजाने नीति नगरपालिकाले अवलम्वन गरेको छ।

## पहुँच

देउमाई नगरपालिकामा सञ्चालनमा रहेका प्रारम्भिक बालिवकास केन्द्र र भर्ना भएका बालवालिकाको विवरण यस प्रकार रहेको छः

**क. सामुदायिक बिद्यालयमा आधारित बाल विकास केन्द्रहरुः**

| क्र.स | विद्यालयको नाम | ठेगाना | बालविकास शिक्षा सञ्चालित केन्द्र | अध्ययनरत कूल बिद्यार्थी संख्या शै.स. २०८१ | | |
|---|---|---|---|---|---|---|
| | | | | छात्र | छात्रा | जम्मा |
| १ | जीतपुर मा.बि. | दे.न.पा. ९ | २ | २३ | २० | ४३ |
| २ | रुपज्योति बा.वि.के. सिहदेबी आ.वि. | दे.न.पा. ९ | १ | ३ | ६ | ९ |
| ३ | रत्नमाई आ.वि. | दे.न.पा. २ | १ | ५ | ३ | ८ |
| ४ | महेन्द्रोदय आ.वि. | दे.न.पा. ३ | ३ | ६ | १९ | २५ |
| ५ | सिद्ध देउमाई आ.वि. | दे.न.पा. १ | १ | ४ | १ | ५ |
| ६ | जनता आ.वि. खान्द्रुङ | दे.न.पा. १ | १ | ९ | ७ | १६ |
| ७ | जनता आ.वि. बरबोटे | दे.न.पा. १ | ० | ३ | ० | ३ |
| ८ | जनश्रम आ.वि. | दे.न.पा. ५ | १ | ५ | ९ | १४ |
| ९ | भगवती आ.वि. | दे.न.पा. ८ | २ | ६ | ३ | ९ |
| १० | गजुरमुखी आ.वि. | दे.न.पा. ९ | २ | ६ | १० | १६ |
| ११ | लक्ष्मी आ.वि. | दे.न.पा. ५ | १ | ५ | ६ | ११ |
| १२ | त्रिभुवन आ.वि. | दे.न.पा. ९ | ३ | ६ | ७ | १३ |
| १३ | साब्जुङ आ.वि. | दे.न.पा. २ | १ | ५ | २ | ७ |
| १४ | देवीस्थान आ.वि. | दे.न.पा. २ | १ | ४ | १ | ५ |
| १५ | जनता आ.वि., तालखर्क | दे.न.पा. ८ | २ | ८ | ५ | १३ |
| १६ | आदर्शसिद्ध आ.वि. | दे.न.पा. ७ | ३ | १२ | १३ | २५ |
| १७ | गम्भीरपोखरी आ.वि. | दे.न.पा. ७ | १ | ६ | १ | ७ |
| १८ | कन्चनजंघा आ.वि. | दे.न.पा. १ | २ | १ | १ | २ |
| १९ | सिंहवसन्त आ.वि. | दे.न.पा. १ | १ | २ | ७ | ९ |
| २० | कमलदेवी आ.वि. | दे.न.पा. १ | १ | १ | ४ | ५ |
| २१ | जनकल्याण आ.वि. | दे.न.पा. ५ | २ | ३ | ३ | ६ |
| २२ | रुद्र आ.वि. | दे.न.पा. ५ | १ | ११ | ५ | १६ |
| २३ | नमुना आ.वि. | दे.न.पा. २ | ० | १० | ३ | १३ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २४ | पुवामाई आ.वि. | दे.न.पा. ६ | २ | १३ | १० | २३ |
| २५ | सहवीर आ.वि. | दे.न.पा. ३ | १ | १० | १ | ११ |
| २६ | खान्द्रुङ मा.वि. | दे.न.पा. ७ | ५ | १० | १० | २० |
| २७ | भानुभक्त मा.वि. | दे.न.पा. ४ | ६ | ३५ | २३ | ५८ |
| २८ | नेत्रज्योती आ.वि. | दे.न.पा. ४ | २ | ८ | ५ | १३ |
| २९ | पञ्चकन्या मा.वि. | दे.न.पा. ६ | ३ | ७ | ४ | ११ |
| ३० | त्रिजुगा आ.वि. | दे.न.पा. २ | १ | ३ | ४ | ७ |
| ३१ | सिंहदेवी आ.वि. | दे.न.पा. ६ | ३ | ३ | ४ | ७ |
| ३२ | डम्बरदेवी मा. वि. | दे.न.पा. १ | २ | ५ | ७ | १२ |
| ३३ | वाक्सीला आ.वि. | दे.न.पा. २ | १ | ३ | ५ | ८ |
| ३४ | नागेश्वरी आ.वि. | दे.न.पा. ५ | ३ | १३ | ८ | २१ |
| ३५ | कालिका देवी आ.वि. | दे.न.पा. ५ | १ | ९ | २ | ११ |
| ३६ | सिंहदेवी आ.वि. | दे.न.पा. ३ | २ | १९ | १७ | ३६ |
| ३७ | देउमाई आ.वि. | दे.न.पा. ९ | ३ | ६ | ५ | ११ |
| ३८ | देउराली आ.वि. | दे.न.पा. ८ | १ | १ | २ | ३ |
| ३९ | सुर्के आ.वि. | दे.न.पा. ३ | १ | ६ | ५ | ११ |
| ४० | सरस्वती आ.वि. | दे.न.पा. २ | १ | ३ | २ | ५ |
| ४१ | सिंहदेवी आ.वि. | दे.न.पा. २ | १ | ६ | २ | ८ |
| ४२ | जनकल्याण आ.वि. | दे.न.पा. ६ | २ | २ | ३ | ५ |
| ४३ | सावित्रादेवी आ.वि. | दे.न.पा. ५ | १ | ३ | २ | ५ |
| ४४ | जनकल्याण आ.वि. | दे.न.पा. ८ | १ | २ | ६ | ८ |
| ४५ | भानुदय आ.वि. | दे.न.पा. २ | १ | ४ | ७ | ११ |
| ४६ | पन्च मा.वि. | दे.न.पा. ३ | २ | ६ | ६ | १२ |
| ४७ | गोर्खे आ.वि. | दे.न.पा. ७ | १ | ५ | ३ | ८ |
| ४८ | साङ्दोक पालरी गुम्वा | दे.न.पा. ३ | ० | ५ | ५ | १० |
| ४९ | भगवती मा.वि. | दे.न.पा. ५ | २ | ९ | १३ | २२ |
| जम्मा | | | ८२ | ५९३ | ४८४ | १०७७ |

**ख. संस्थागत विद्यालयहरुमा बालविकास कक्षामा अध्ययनरत बालवालिकाहरुको विवरणः**

| क्र.स. | विद्यालयको नाम | शै.स. २०८१ मा भर्ना भएका | | जम्मा |
|---|---|---|---|---|
| | | छात्र | छात्रा | |
| १ | सयपत्री विद्यामन्दिर बो. स्कूल | २५ | २२ | ४७ |
| २ | हिमालयन अं. बो. स्कूल | २६ | १४ | ४० |
| ३ | इलाम दतात्रय अं बो. स्कूल | ७ | ५ | १२ |
| ४ | चमैता अंग्रेजी प्रतिष्ठान | २० | १२ | ३२ |
| ५ | मर्निङ ग्लोरी अं. स्कूल | २६ | २० | ४६ |
| ६ | इलाम दिपशीखा अं.बो. स्कूल | १७ | ११ | २८ |
| ७ | सिर्जनशील अं. बो. स्कूल | २९ | २१ | ५० |
| ८ | पन्चमी बो. स्कूल | ३० | २० | ५० |
| ९ | इगल्स बो. स्कूल | ४ | १ | ५ |
| १० | सूर्योदय शिक्षा सदन | ३० | १८ | ४८ |
| ११ | इभान्जेलीना अं. बो. स्कूल | १० | १२ | २२ |
| १२ | महाभारत बो.स्कूल | १३ | ११ | २४ |
| १३ | नमूना बो. स्कूल | १० | १२ | २२ |
| | जम्मा | | | |

**प्रारम्भिक बालविकासमा कार्यरत बाल शिक्षकहरुको विवरणः**

देउमाई नगरपालिकामा सञ्चालित बाल विकास केन्द्रहरुमा हाल ५ जना पुरुष शिक्षक र ७७ जना महिला शिक्षक गरी जम्मा ८२ जना बाल शिक्षकहरु कार्यरत हुनुहुन्छ। वहाँहरुको सेवा सुविधा संघीय सरकार र स्थानीय सरकार दुबैको दायित्व भित्र रहेको छ। सबै बाल शिक्षकहरुको योग्यता कक्षा ८ देखि स्नातकोत्तर सम्म रहेको देखिन्छ । वहाँहरु मध्ये २ जनाले हाल सम्म बालिवकास सम्बन्धी पेशागत तालिम (TPD) लिई सक्नु भएको छ।

## प्रमुख समस्या र चुनौतीः

देउमाई नगरपालिकामा सञ्चालित बालविकास केन्द्रका प्रमुख समस्या तथा चुनौतिहरु निम्न छन्

- घरधुरी सर्वेक्षण सहितको बैज्ञानिक नक्साङ्कन।
- बालवालिकाको संख्याका आधारमा कोटा समायोजन।
- वाल शिक्षकहरुको स्थायित्व तथा वृत्ति विकासको समुचित ब्यवस्था।
- कक्षा कोठाका भित्ताहरुको उपयुक्त किसिमले सजावट।

- समयानुकुल सिकाइ कुनाको ब्यवस्था।
- बालमैत्री तथा मौसममैत्री कोठा ब्यवस्थापन।
- बालवालिकाको सञ्चित अभिलेख।
- अपाङ्गमैत्री भौतिक संरचना।
- यथोचित सेवा सुविधाको ब्यवस्था।
- मण्टेश्वरी अवधारणा तथा बाल मनोविज्ञान अनुसार पठनपाठनको ब्यवस्था।
- स्थानीय सामुदायिक सिकाइ केन्द्रसँग समन्वय।
- खेल्दै सिक्दैको सिद्धान्त अनुसारका खेल सामग्री तथा शैक्षिक सामग्री ।
- भयरहित तथा सम्मानजनक सिकाइको वातावरण ।
- बाल शिक्षकहरुको पेशागत सुरक्षाको कानुनी ब्यवस्था।
- सबै ठाउँहरुमा यातायातको समुचित ब्यवस्था ।
- बालविकास शिक्षा मात्र चलेको केन्द्रमा कर्मचारीको व्यवस्था छैन जसले गर्दा बाल शिक्षक बिरामी परेको अवस्थामा वा अन्य कारणले (जस्तैः सुत्केरी बिदा) लामो समय सम्म बिदामा बस्दा बैकल्पिक व्यवस्था नहुनु।
- सफल अभ्यास हेरी सिक्ने कामको लागि अवलोकन भ्रमणको ब्यवस्था ।
- बालविकास केन्द्र सञ्चालन सम्बन्धी राष्ट्रिय मापदण्ड अनुसार कक्षा सञ्चालन।
- सामुदायिक विद्यालय, समुदायमा आधारित तथा संस्थागत विद्यालयमा सञ्चालित बालविकास केन्द्रहरुको एउटै सिकाइ मापदण्ड कार्यान्वयन भई नसक्नु।

### ३.१.२ उद्देश्य

सबै बालवालिकाहरुलाई विद्यालय प्रति आकर्षित गराइ गुणस्तरीय प्रारम्भिक बालविकास शिक्षाको अवसर सुनिश्चित गर्नु नै प्रारम्भिक बालविकास शिक्षा सम्बन्धी यस योजनाको समग्र उद्देश्य रहेको छ। यसका लागि निम्न लिखित विशिष्ट उद्देश्यहरु पहिचान गरिएका छन्।

- सबै बालवालिकाहरुलाई गुणस्तरीय प्रारम्भिक बालविकास शिक्षाको अनुभव सहित कक्षा १ मा प्रवेश गराउनु।
- ४ बर्ष उमेरका सबै बालवालिकाहरुलाई पायक पर्ने बालिवकास केन्द्रमा पहुँचको सुनिश्चितता गर्नु।
- बालवालिकाहरुमा विद्यालय शिक्षाका आधारभूत नियमहरु बिकास गर्नु।
- प्रारम्भिक बालविकासमा दक्ष र बालबालिकाप्रति समर्पित मानव स्रोत र पर्याप्त भौतिक एवं आर्थिक स्रोतको सुनिश्चितता गर्नु।

### ३.१.३ रणनीतिहरु

प्रारम्भिक बालविकास शिक्षा सम्बन्धी योजनाका उद्देश्यहरु हासिल गर्न निम्नलिखित रणनीतिहरु अवलम्वन गरिनेछः

- सबै विद्यालयहरुमा अनिवार्य बाल विकास केन्द्रको स्थापना गरिने छ। १
- बालमैत्री कक्षाकोठा ब्यवस्थापन र मनोरञ्जनात्मक सिकाइ वातावरणको सुनिश्चितता गर्दै लगिने छ। १
- हाल विद्यमान बाल बिकास केन्द्रहरुको भौगोलिक अवस्था र विद्यार्थी संख्याको आधारमा नक्साङ्कन र पुनर्वितरण गरिने छ। १/२
- अति दुर्गम क्षेत्रका बालबालिकाहरुका लागि यातायातका साधनहरुको प्रवन्ध गर्दै लगिने छ। २
- बिकट भौगोलिक अवस्था भएका बाल बिकास केन्द्रहरुमा पनि तालिम प्राप्त बाल शिक्षकको प्रवन्ध गरिने छ। २
- सामाजिक तथा आर्थिक रुपमा पिछडिएका समुदायका तथा भौगोलिक रुपमा विकट क्षेत्रमा बसोबास गर्ने बालवालिकालाई समेट्ने गरी आवश्यकतामा आधारित विभिन्न नमुना विकास (जस्तैः परिवारमा आधारित) गरी पहुँच सुनिश्चित गरिने छ। २
- खेल, खेल सामग्री, आकर्षक कक्षा कोठा र फर्निचर साथै स्वस्थकर खाजा समेतको प्रवन्ध गरी नियमितता, सामुहिक भावना र विद्यालय सञ्चालनका क्रियाकलापहरुमा अभ्यस्त गराउँदै लगिने छ। ३
- बाल शिक्षकहरुलाई मण्टेश्वरी बाल मनोविज्ञानसँग सम्बन्धित तालिम प्रदान गरिने छ। ४
- अडियो-भिडियो (श्रब्य-दृष्य) सामग्री, अभिभावक सचेतना कार्यक्रम समेतको ब्यवस्था गरी मनोरञ्जनपूर्ण सिकाइको व्यवस्था गरिने छ। ४
- प्रारम्भिक बालविकासका लागि संस्थागत तथा संरचनागत सुधार गर्न स्थानीय तहमा सम्बन्धित क्षेत्रका विषयविज्ञहरुको संलग्नतामा प्रारम्भिक बालविकास संयन्त्रको स्थापना गरी सहजिकरण गरिने छ। ४
- संघ र प्रदेश सरकारसँग समन्वय गरी गुणात्मक कक्षा सञ्चालनको लागि आर्थिक स्रोतको प्रवन्ध गरिने छ। ४

## ३.१.४ प्रमुख उपलब्धि एवं नतिजा

### क) उपलब्धि

यस दश बर्षे योजनाको कार्यान्वयनबाट निम्न उपलब्धिहरु हासिल भएका हुनेछन्।

- चार बर्ष उमेरका सबै बालबालिकाहरुलाई गुणस्तरीय प्रारम्भिक बालविकास शिक्षाको अनुभव सहित कक्षा १ मा भर्नाको अवसर सुनिश्चत भएको हुनेछ।
- यस देउमाई नगरपालिका भित्र सञ्चालित सम्पुर्ण बालविकास केन्द्रहरुले भौतिक, शैक्षिक र तालिम प्राप्त मानव स्रोतको न्यूनतम मापदण्ड पुरा गरेका हुनेछन्।
- बालबालिकाहरुलाई नियमितता, सामुहिक भावना र विद्यालय सञ्चालनका सबै नियमहरुको बारेमा अभ्यस्त गराइ सहज आवागमनको ब्यवस्था भएको हुनेछ।
- तालिम प्राप्त बाल शिक्षक, आरामदायी र सूचनामूलक कक्षाकोठा ब्यवस्थापनको लागि आवश्यक आर्थिक स्रोतको ब्यवस्था भएको हुनेछ।

### ख) नतिजा तथा परिमाणात्मक लक्ष्यः

| क्र.स. | सुचक | आधार बर्ष २०८१/८२ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | २०८८/८९ | २०८९/९० | २०९०/९१ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकासमा कूल भर्ना दर | ११२.४% | ११०% | १०४% | १००% | १००% | १००% | १००% | १००% | १००% | १००% | १००% |
| ३ | न्यूनतम मापदण्ड पुरा गरेका बालविकास केन्द्र संख्या | १५ | २० | ३० | ४० | ५० | ६० | ७० | ७५ | ८० | ८२ | ८२ |
| ३ | बालविकास शिक्षाको अनुभव सहित कक्षा १ मा भर्ना हुने बालबालिकाको दर | ९७% | ९७% | ९७% | १००% | १००% | १००% | १००% | १००% | १००% | १००% | १००% |
| ४ | तालिम प्राप्त शिक्षकहरुको संख्या | २ | २ | २२ | ४२ | ६२ | ७२ | ८२ | ८२ | ८२ | ८२ | ८२ |

## ३.१.५ प्रमुख क्रियाकलापहरु र लक्ष्य निर्धारणः

योजनाको कार्यान्वयनका लागि तय गरिएका मुख्य क्रियाकलाप र तिनको परिमाणात्मक लक्ष्य यस प्रकार रहेको छ ।

| क्र. स. | प्रमुख क्रियाकलाप | एकाई | भौतिक लक्ष्य (पाँच बर्ष) | | | | | | भौतिक लक्ष्य (१० बर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| १ | बालबिकास केन्द्रको नक्साङ्कन तथा पुनर्वितरण | वटा | ० | ० | ८ | १० | १० | २८ | ८२ | |
| २ | बालबिकास केन्द्रको सवलीकरण | वटा | ० | ० | ८ | १० | १० | २८ | ८२ | |
| ३ | बालविकास शिक्षकको योग्यता र क्षमता बिकास गर्दै बृत्ति बिकासको अवसर मिलाउने | शिक्षक प्रतिशत | ० | ४० | २० | २० | २० | १०० | १०० | |
| ४ | सिकाइ सहजिकरण क्रियाकलापमा मातृभाषालाई प्राथमिकता दिई आवश्यकता अनुसार प्रयोग | प्रतिशत | ० | ० | १० | १० | १० | ३० | ७० | |
| ५ | प्रारम्भिक बालबिकास शिक्षामा परिवार तथा समुदाय, निजि क्षेत्र तथा गैहसरकारी संस्थाको सहभागिता, संलग्नता र जिम्मेवारी बृद्धि | पटक | ० | १ | १ | १ | १ | ४ | १० | |
| ६ | अभिभावक शिक्षा | केन्द्र | ० | ० | २१ | २१ | ४० | ८२ | ८२ | |
| ७ | IEMIS को ब्यवस्थापन | केन्द्र | ८२ | ८२ | ८२ | ८२ | ८२ | ८२ | ८२ | |
| ८ | आया ब्यवस्थापन | केन्द्र | १ | १ | २ | ३ | ३ | ६ | ७ | |
| ९ | स्वास्थ्य सहायकको ब्यवस्था | जना | ० | ६ | ६ | ६ | ७ | ७ | ७ | |

## ३.२ आधारभूत शिक्षा

## परिचय

विद्यालय शिक्षाको सुरुवात र माध्यमिक शिक्षाको जगको रुपमा आधारभूत तहको शिक्षालाई लिने गरिन्छ। नेपालमा विद्यालय शिक्षालाई आधारभूत र माद्यमिक गरी २ तहमा विभाजन गरिएको छ। कक्षा १ देखि कक्षा ८ सम्मको शिक्षालाई आधारभूत शिक्षा भनिन्छ। नेपालको संविधान २०७२ ले आधारभूत तह सम्मको शिक्षालाई निःशुल्क र अनिवार्य शिक्षाको रुपमा र हरेक नागरिकको मौलिक हकको रुपमा स्थापित गरेकोले यो तहको शिक्षा अत्यन्तै महत्वपूर्ण मानिन्छ। संविधान प्रदत्त मौलिक हकको कार्यान्वयन गराउनु स्थानीय सरकारको जिम्मेवारी पनि हो। आधारभूत तह विद्यालय शिक्षाको जग भएकाले यसको गुणस्तर अभिबृद्धिका लागि शिक्षक, शिक्षण सिकाइका लागि स्रोत सामग्री र सिकाइ अनुकुलको वातावरणमा जोड दिइने छ।

आधारभूत शिक्षाले बालवालिकाको सर्वाङ्गीण बिकास, गुणस्तरीय जीवनयापन र सामाजिक समायोजनमा सहयोग गर्दछ। यसले ब्यक्तिलाई जीवनपर्यन्त सिकाइको मार्ग प्रसस्त गरी मुलुकको सामाजिक तथा आर्थिक रुपान्तरणमा सहभागि हुने अवसर प्रदान गर्दछ।

### ३.२.१ वर्तमान अवस्था

देउमाई नगरपालिकामा सामुदायिक तर्फ हाल कक्षा १-३ सञ्चालित विद्यालय ६ वटा, कक्षा १-५ सञ्चालित विद्यालय २३, कक्षा १-८ सञ्चालित विद्यालय १४, कक्षा १-१० सञ्चालित विद्यालय १ र कक्षा १-१२ सञ्चालित विद्यालय ६ वटा रहेका छन्। यसरी हेर्दा आधारभूत तह मात्र पढाई हुने विद्यालयको संख्या ४३ रहेको छ। शैक्षिक सत्र २०८१ मा यस नगरपालिकामा सञ्चालित विद्यालयहरुमा बाल कक्षा देखि कक्षा ५ सम्म १६९३ जना छात्रा र ८४८ जना छात्र गरी जम्मा २५४१ जना अध्यनरत छन्। यसै गरी कक्षा ६-८ मा ६५९ जना छात्रा र ७४७ जना छात्र गरी जम्मा १४०६ जना अध्ययनरत छन्।

कक्षा १-८ को कूल भर्ना दर १०६.६५ र खुद भर्ना दर ९२.२१ रहेको देखिन्छ। यस्तै आधारभूत तह पुरा गर्ने दर ७९.५ र कक्षा ८ को टिकाउ दर ९१.२ रहेको छ। देउमाई नगरपालिकामा अझै पनि केही प्रतिशत बालबालिकाहरु विद्यालय बाहिर रहेका छन्। आधारभूत तहको कक्षा छाड्ने दर ७.७९ प्रतिशत र कक्षा दोहोर्याउने दर १४.२३ प्रतिशत छ। कक्षा १ मा बालविकासको अनुभव सहित आएका बालबालिकाको भर्ना दर ९७ प्रतिशत रहेको छ।

देउमाई नगरपालिकामा आधारभूत तह (१-५) मा १८४ स्वीकृत दरबन्दी र कक्षा ६-८ मा ५३ स्वीकृत दरबन्दीहरु रहेका छन्। यसका अतिरिक्त ४१ जना नगर शिक्षण स्वयंसेवकहरु नगरपालिकाको अनुदान मार्फत कार्यरत रहेका छन्। यसरी हेर्दा यस नगरपालिकामा कक्षा १-५ मा शिक्षक र विद्यार्थी अनुपात १:११ कक्षा ६-८ मा शिक्षक र विद्यार्थी अनुपात १:२५ र समग्र आधारभूत तह (कक्षा १-८) मा शिक्षक र विद्यार्थी अनुपात १:१३ रहेको देखिन्छ। त्यस्तै आधारभूत तहमा विद्यालय र विद्यार्थी अनुपात १:९३ रहेको छ।

नेपालको संविधानले आधारभूत तहको शिक्षालाई अनिवार्य तथा निःशुल्क घोषणा गरी माध्यमिक तह सम्मको शिक्षालाई स्थानीय तहको अधिकार क्षेत्रमा राखेको सन्दर्भमा यस नगरपालिकाले कर्तब्यबोध गरी धेरै राम्रा र सफल प्रयासहरु गरेको छ । दरबन्दी कम भएका विद्यालयहरुमा नगर शिक्षण स्वयंसेवक दरवन्दी सृजना गरी शिक्षक ब्यवस्थापन गर्ने, स्थानीय विषयको पाठ्यपुस्तक निर्माण गरी बिद्यालयहरुलाई समयमा नै निशुल्क बितरण गर्ने, शैक्षिक गुणस्तर कायम गर्न नियमित अनुगमन तथा सुपरीबेक्षण, शिक्षक तालिम सञ्चालन गर्ने, हरेक शैक्षिक सत्रमा कक्षा ५,८ र १० को स्तरमापन वा पुर्वतयारी परीक्षा सञ्चालन गर्ने, परीक्षामा एकरुपता ल्याउन तथा गुणस्तरका लागि कक्षा ४ देखि माथिका कक्षाहरुको बार्षिक परीक्षा नगरपालिकाले नै सञ्चालन गर्ने, हरेक बर्ष बिभिन्न सूचकहरुका आधारमा उत्कृष्ट विद्यार्थीहरु, शिक्षक तथा उत्कृष्ट विद्यालयलाई पुरस्कृत गर्ने, आधारभूत तह स्तरीय छात्र फुटवल खेल सञ्चालन गर्ने, छात्रा फुटबल सञ्चालन गर्ने आदि प्रशस्त कामहरु गरिएका छन् ।

### ३.२.२ उद्देश्य

आधारभूत शिक्षामा सबैको समतामुलक पहुँच र सहभागिता सुनिश्चित गर्दै गुणस्तर अभिबृद्धि गर्नु यस योजनाको समग्र उद्देश्य रहेको छ । यसको प्राप्तिका लागि निम्न बिशिष्टिकृत उद्धेश्यहरु तय गरिएका छन् ।

- आधारभुत शिक्षा उमेर समूहका सबै बालबालिकाहरुलाई आधारभूत शिक्षा प्राप्तिको अवसर सुनिश्चितता गर्नु ।
- आधारभूत तहको सिकाइ उपलब्धि बृद्धि गराइ अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको कार्यान्वयन गर्नु ।
- आधारभूत तह सञ्चालित विद्यालयहरुको भौतिक, शैक्षिक वातावरण, बालमैत्री, समावेशी र सुरक्षित तुल्याउनु ।
- आधारभूत विद्यालयहरुको प्रशासनिक र ब्यवस्थापकीय पक्षमा सुधार गर्दै बैज्ञानिक नक्साङ्कन र विद्यालय समायोजन गर्नु ।

### ३.२.३ रणनीति

माथि उल्लेखित उद्देश्यहरु हासिल गर्नका निमित्त देउमाई नगरपालिकामा निम्न रणनीतिहरु अवलम्बन गरिने छः

- विद्यालय बाहिर रहेका बालबालिकाको विवरण सङ्कलन गरी प्रोत्साहनका कार्यक्रमहरु सञ्चालन गरी उनीहरुको पहुँच सुनिश्चित गर्ने । १
- आधारभूत तह पुरा नगरी बिचमै कक्षा छोड्नेहरुको मूल कारण खोजी गरी सहयोगका कार्यक्रमहरु सञ्चालन गर्ने । १
- सबै आधारभूत विद्यालयहरुमा सिकाइका लागि न्यूनतम आधारभूत पूर्वाधारहरुको विकास गर्दै अनुगमन तथा सुपरीवेक्षणको ब्यवस्था गर्ने । २

- युगानुकुल शिक्षाका लागि प्रबिधि र शिक्षण बिधिमा सबै शिक्षकहरुको दक्षता अभिबृद्धि गर्न आवश्यक तालिमको ब्यवस्था गर्ने। २
- अनिवार्य र निशुल्क शिक्षा कार्यान्वयनका लागि सचेतनामूलक अभिभावक शिक्षा र विद्यार्थी सहयोग तथा प्रोत्साहन कार्यक्रम सञ्चालन गर्ने। २
- सबै विद्यालयहरुमा स्वच्छ पिउने पानी, शौचालय, फर्निचर, चुहिने छाना तथा जिर्ण भवनहरुको निर्माण तथा मर्मत सम्भार गर्दै जाने। ३
- विद्यालयको शैक्षिक वातावरणलाई प्रविधिमैत्री, बालमैत्री तथा समावेशी बनाउने। ३
- बिद्यालयहरुको पुनः नक्साङ्कन गरिने। आवश्यकता अनुसार विद्यालय समायोजन तथा दरबन्दी पुनः वितरण गर्ने। ४
- बिद्यालयमा सक्षम र नेतृत्व क्षमता भएका प्र.अ.हरुको ब्यवस्था गर्ने। ४
- विद्यार्थी संख्या न्यून भएका विद्यालयहरुलाई समायोजन गर्ने, स्तर घटाउने र बहुकक्षा शिक्षण सिकाइका नमुना प्रवर्धन गर्ने। ४
- विद्यालयमा बालउद्यान, फूलबारी, करेसाबारी, बृक्षारोपण आदि जस्ता कार्यक्रम समावेश गर्ने।
- गुणस्तर सुनिश्चितताका लागि परीक्षा प्रणालीमा सुधार ल्याउने।

### ३.२.४ प्रमुख उपलब्धि र नतिजाः

#### क) उपलब्धि

यस योजनाको कार्यान्वयनबाट निम्न उपलब्धिहरु हासिल भएका हुनेछन्

- अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित भएको हुनेछ।
- आधारभूत तह सञ्चालित विद्यालयहरुको भौतिक, शैक्षिक वातावरण, बालमैत्री, समावेशी र सुरक्षित पूर्वाधारहरुको बिकास भएको हुनेछ।
- प्रशाशनिक र ब्यवस्थापकीय पक्षमा ब्यापक सुधार भएको हुनेछ।

## ख) नतिजा तथा परिमाणात्मक लक्ष्यः

| क्र.स. | सुचक | आधार बर्ष (२०८०/८१) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | २०८८/८९ | २०८९/९० | २०९०/९१ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | आधारभूत तह (कक्षा १-५) मा विद्यालय बाहिर रहेका बालबालिका संख्या | १४ | १० | ५ | २ | ० | ० | ० | ० | ० | ० | ० |
| २ | आधारभूत तह (कक्षा १-५) मा तालिम प्राप्त शिक्षकको संख्या | १८० | १८० | १८५ | १८८ | १८८ | १८८ | १८८ | १८८ | १८८ | १८८ | १८८ |
| ३ | न्यूनतम सिकाइ सवलिकरण मापदण्ड पुरा गरेका आधारभूत तहका विद्यालयको संख्या | १२ | ६ | ६ | ६ | ६ | ६ | ८ | ५० | ५० | ५० | ५० |

## ३.२.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्यः

| क्र.स. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच बर्ष) | | | | | | भौतिक लक्ष्य (१० बर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| १ | विद्यालय नक्साङ्कन, पुनर्वितरण तथा समायोजन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| २ | विद्यालयमा न्यूनतम भौतिक पुर्वाधार विकास (भवन तथा कक्षाकोठा, फर्निचर, शौचालय, खानेपानी, खेलमैदान, | विद्यालय संख्या | ० | १ | ५ | १० | १५ | ३१ | ५० | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | घेरावारा, खाजा घर आदि) | | | | | | | | |
| ३ | विद्यालयको कार्य सम्पादन परीक्षण तथा विद्यार्थीको सिकाइ उपलब्धी परीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ४ | वि.ब्य.स. तथा सि.अ.सं का पदाधिकारीहरुको क्षमता विकास | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ५ | सिकाइका लागि सूचना तथा सञ्चार लगायतका प्रविधिको प्रयोगमा बृद्धि गर्न आवश्यक संरचना, सामग्री तथा क्षमता बिकास | विद्यालय संख्या | १ | १ | १ | १ | १ | ५ | १० | |
| ६ | आधारभूत तहमा सञ्चालन गरिने परीक्षालाई थप ब्यवस्थित बनाउने। | निरन्तर | १ | १ | १ | १ | १ | ५ | १० | |
| ७ | शिक्षकको क्षमता विकास कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ८ | अभिभावक शिक्षा | पटक | ० | १ | १ | १ | १ | ४ | १० | |
| ९ | बिद्यालय बाहिर रहेका आधारभूत शिक्षा उमेरका बालबालिकाहरुको तथ्याङ्क संकलन तथा यसको कारण खोजी गर्ने | पटक | ० | १ | १ | १ | १ | ४ | १० | |
| १० | शैक्षिक सामग्री अनुदान | विद्यालय संख्या | ० | २ | ५ | ५ | ५ | १७ | ५० | |

## ३.३ माध्यमिक शिक्षाः

### परिचयः

अनिवार्य आधारभूत शिक्षा अन्तर्गत सबै बालबालिकाले कक्षा ८ सम्मको गुणस्तरीय शिक्षा प्राप्त गरि सकेपछि विद्यार्थीको रुची र क्षमता अनुसार माध्यमिक तहमा प्राविधिक वा साधारण धारको शिक्षा छनोट गर्ने अवसर प्रदान गर्नुपर्दछ । यस तहको शिक्षालाई जीवनोपयोगी, उत्पादनमूलक, प्रविधियुक्त, सीपमूलक र व्यावहारिक बनाउनु पर्दछ । आधारभूत तहमा हासिल गरेको भाषिक र गणितीय सीपको उपयोग गरेर आफ्नो रुची र क्षमता अनुसार विद्यार्थीले साधारण शिक्षाको धार लिएर विभिन्न विषयमा उच्च शिक्षा हासिल गर्ने लक्ष्य लिने वा विभिन्न किसिमका प्राविधिक र व्यावसायिक सीप हासिल गरेर भविष्यमा आय आर्जनको बाटो सुनिश्चित गर्ने भन्ने निर्णय माध्यमिक तहको शिक्षाले गर्नुपर्दछ । यसरी विद्यार्थीहरूलाई प्राविधिक वा साधारण धार छनोट गर्न र भावी जीवनका थुप्रै विषयमा निर्णय लिन उपयुक्त परामर्श पनि विद्यालयले प्रदान गर्नुपर्दछ । यिनै कुराहरूलाई ध्यानमा राखेर देउमाई नगरपालिकाले माध्यमिक तहको शिक्षालाई प्रविधियुक्त, सीपमूलक, निःशुल्क, बालमैत्री र समावेशी गराउने नीति लिएको छ ।

राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ ले माध्यमिक शिक्षा कक्षा ९-१२ का १५ वटा तहगत सिकाइ सक्षमताहरुको माध्यमबाट मानवीय मूल्य मान्यता र लोकतान्त्रिक संस्कार अवलम्बन गर्न सक्षम राष्ट्र र राष्ट्रियताको संरक्षण गर्न सक्ने, आपसी सद्भाव र सह-अस्तित्व स्वीकार गर्न सक्ने, रचनात्मक र विश्लेषणात्मक सोच भएका नागरिक तयार गर्ने लक्ष्य राखेको छ । त्यस्तै १५ औं योजनाले माध्यमिक शिक्षामा निशुल्क पहुँच सुनिश्चित गरी जीवनोपयोगी र गुणस्तरीय प्रविधिमैत्री जनशक्ति उत्पादन गर्ने लक्ष्य राखेको छ । यस देउमाई नगरपालिकाले पनि यी राष्ट्रिय कार्यक्रमहरुलाई सफल बनाउँन आफ्नो भूगोल सुहाउँदो थप नीति अवलम्वन गरी माध्यमिक तहको शिक्षालाई नेपालको संविधान २०७२ ले परिकल्पना गरे अनुसार स्थानीय तहबाट सजगताका साथ सञ्चालन गर्ने रणनीति लिएको छ ।

## ३.३.१ वर्तमान अवस्था

देउमाई नगरपालिका भित्र सामुदायिक विद्यालयहरु मध्ये हाल कक्षा १-१० सञ्चालित १ र कक्षा १-१२ सञ्चालित ६ गरी माध्यमिक तहको विद्यालयहरूको संख्या ७ वटा रहेको छ । संस्थागत तर्फ १-१० सञ्चालन भएका ४ वटा विद्यालयहरु गरी जम्मा ११ वटा विद्यालयहरु सञ्चालनमा छन् । माध्यमिक तह ९-१० मा जम्मा ८६२ जना विद्यार्थी मध्ये छात्रा ४६३ र छात्र ३९९ जना विद्यार्थीहरू अध्ययनरत छन् । त्यसैगरी माद्यमिक तह (११ — १२ ) मा २९३ छात्रा र २८३ छात्रहरु गरी जम्मा ५७६ जना विद्यार्थीहरु अध्ययनरत छन् । कक्षा ९-१० मा ३५ दरबन्दी र कक्षा ११-१२ मा १४ गरी ४९ जना शिक्षकहरू माध्यमिक तहतर्फ कार्यरत छन् । यसको विवरण तलको तालिकामा देखाइएको छ ।

**(क) देउमाई नगरपालिका भित्र सञ्चालित विद्यालयहरू**

| क्र.सं. | विद्यालयको तह | विद्यालयको संख्या | शिक्षक विवरण | | | |
|---|---|---|---|---|---|---|
| | | | स्वीकृत दरबन्दी | राहत/अनुदान | नगरपालिका अनुदान | निजी |
| १ | कक्षा (१-५) | २३ | १६८ | २० | २४ | |
| २ | कक्षा (१-८) | १४ | ३६ | १६ | १० | |
| ३ | कक्षा (१-१०) | ७ | ३६ | १४ | ६ | |
| ४ | कक्षा (१-१२) | ६ | ६ | ८ | ० | |

## (ख) स्थानीय तहले गरेका असल अभ्यासहरू:

- माध्यमिक तहका प्रधानाध्यापक तथा बिज्ञहरुलाई नवप्रवेशी शिक्षकहरुका लागि मेन्टरीङ कार्यक्रममा परिचालन
- बर्षमा २ पटक प्रतिनिधिमूलक विद्यालयहरुको सामुहिक सुपरीवेक्षण गर्ने गरिएको।
- अंग्रेजी माध्यममा कक्षा सञ्चालन गर्न तथा शैक्षिक गुणस्तर सुधार गर्न नगर शिक्षण अनुदान मार्फत शिक्षण स्वयंसेवकको ब्यवस्था।
- हरेक बर्ष प्रधानाध्यापकहरुका लागि लेखा तथा जिन्सी ब्यवस्थापन तालिम सञ्चालन।
- हरेक बर्ष शैक्षिक क्यालेण्डर निर्माण गरी विद्यालयहरुलाई निःशुल्क वितरण।
- स्थानीय पाठ्यक्रम निर्माण गरी सोही बमोजिम पाठ्यपुस्तक तयार गरी निःशुल्क वितरण।
- हरेक बर्ष नगरस्तरीय अन्तर मा.वि. छात्रा फुटबल, छात्र भलिवल तथा अन्तर आ.वि. छात्र फुटवल प्रतियोगिता सञ्चालन।
- कक्षा ५, ८ र १० को पुर्वतयारी परीक्षा सञ्चालन तथा कक्षा ४ देखि ९ सम्मका कक्षाहरुको बार्षिक परीक्षा सञ्चालन तथा ब्यवस्थापन।
- विद्यालयहरुमा शैक्षिक सामग्री वितरण, भौतिक निर्माण तथा साँस्कृतिक विकासमा सहयोग।
- हरेक बर्ष कक्षा ५, ८, १० र १२ मा उत्कृष्ट नतिजा ल्याउने छात्र छात्राहरुलाई सम्मान तथा प्रोत्साहन।
- उत्कृष्ट नतिजा हासिल गर्न सफल शिक्षक, प्र.अ. तथा विद्यालयहरुलाई हरेक बर्ष सम्मान तथा प्रोत्साहन
- सेवा निवृत्त शिक्षकहरुलाई हरेक बर्ष सम्मान।
- हरेक बर्ष खेल शिक्षकहरुलाई सम्मान तथा प्रोत्साहन।
- प्राविधिक धारमा अध्ययनरत उत्कृष्ट विद्यार्थीहरुलाई नगर प्रमुख छात्रबृत्तिको ब्यवस्था।

- विज्ञान विषय सञ्चालनका लागि अनुदानको ब्यवस्था।
- शिक्षण सुधारका लागि शिक्षक डायरीको निःशुल्क ब्यवस्था।
- संस्थागत विद्यालय तथा मंगलबारे बहुमुखी क्याम्पसलाई समेत सेनिटरी प्याड वितरण।
- सबै सामुदायिक विद्यालयहरुमा विद्यालय नर्सको ब्यवस्था।

### (ग) प्रमुख समस्या र चुनौतीहरू

- सबै विद्यालयहरुमा विषयगत दरबन्दीको ब्यवस्था गर्न।
- सबै विद्यार्थीहरुलाई सहज ढंगले विद्यालय आउन जान सवारी साधनको ब्यवस्था गर्न।
- विद्यालय शिक्षालाई विविधता अनुकूल समावेशी र समतामूलक बनाउन।
- माध्यमिक तह सम्मको शिक्षा पूर्ण रुपमा निःशुल्क गर्न।
- भौगोलिक तथा आर्थीक कारणले विद्यालय छोड्ने बालबालिकाको लागि छात्रावासको व्यवस्था गर्न।
- प्राविधिक धार तथा प्राविधिकि शिक्षाको व्यवस्थापन गर्न।

### ३.३.२ उद्देश्यहरुः

१. माध्यमिक शिक्षामा समयानुकुल समतामूलक पहुँच तथा सहभागिता सुनिश्चित गर्नु।
२. माध्यमिक तहका विद्यार्थीहरुमा न्यूनतम सिकाइ उपलब्धि सुनिश्चित गर्नु।
३. माध्यमिक तहको शैक्षिक तथा भौतिक वातावरणलाई बालमैत्री, सिकाइमैत्री, समावेशी र सुरक्षित बनाउनु।
४. माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तरमा उल्लेख्य सुधार गर्नु।

### ३.३.३ रणनीतिहरु

माथि लेखिएका उद्देश्यहरू हासिल गर्न स्थानीय तहले अपनाउने रणनीतिहरू यस प्रकार छन्।

- अभिभावक सचेतना कार्यक्रम सहित विद्यार्थि भर्ना अभियान सञ्चालन, विद्यालयको बैज्ञानिक नक्साङ्कन गरी पहुँच र सहभागिताको सुनिश्चितता गर्ने। १
- अति बिपन्न, लोपोन्मुख, सीमान्तकृत बर्ग पहिचान गरी विद्यालय शिक्षा सहयोग तथा प्रोत्साहन कार्यक्रम सञ्चालन गर्ने। १
- माध्यमिक शिक्षालाई सिकाइ वातावरण निर्माण गरी गुणस्तरीय शिक्षा प्रदान गर्न नियमित अनुगमनको व्यवस्था मिलाउने। २
- विद्यालयको भौतिक पूर्वाधार सबलिकरण, दक्ष विषयगत शिक्षक, पर्याप्त शैक्षिक सामग्रीको ब्यवस्था साथै बिचैमा कक्षा छोड्ने, कम सिकाइ उपलब्धि भएका विद्यार्थीहरुका लागि उपचारात्मक कक्षा र प्रोत्साहनका कार्यक्रमहरु सञ्चालन गर्ने। २

- कक्षाकोठाको सिकाइलाई बालमैत्री, अपाङ्गमैत्री, समावेशी र सुरक्षित बनाउने। ३
- सिकाइ उपलब्धि वृद्धि गर्नका लागि निर्देशनयुक्त शिक्षक डायरी प्रकाशन, वितरण तथा कार्यान्वयनमा ल्याइने। ३
- विद्यालयमा योग्य, दक्ष र नेतृत्व क्षमता उच्च भएका शिक्षकलाई प्रचलित शिक्षा ऐन तथा नियमावलीमा भएको व्यवस्था अनुसार प्रधानाध्यपकको पदमा नियुक्त गरिने। ४
- विद्यालयको गुणस्तरीय शैक्षिक विकास तथा व्यवस्थापनका लागि सम्पूर्ण सरोकारवालाहरूको अपनत्व वृद्धि गराई सहयोग लिइने।
- शिक्षण प्रणालीलाई प्रविधिमैत्री, सिर्जनात्मक, अनुसन्धानमूलक बनाई विद्यालयको स्तरोन्नती गरिने।
- सिकाइ मूल्याङ्कन, मौजुदा शिक्षक विद्यार्थी संख्याको आधारमा विषयगत दरबन्दी मिलान गरिने। ४
- सबै विद्यालयमा सुरक्षित सिकाइ वातावरण सिर्जना गर्ने।
- विद्यालयमा सुशासन कायम गरी अभिभावकहरूको सहभागिता बढाउने।
- बालमैत्री विद्यालयका लागि बालसमूह गठन, क्षमता अभिवृद्धि र जिम्मेवारी सहित परिचालन गरी बालसुशासन कायम गर्ने।
- विद्यालयमा ई-हाजिरीको व्यवस्थापन गरी समयलाई चुस्तदुरुस्त बनाउने।
- सामाजिक परीक्षणलाई व्यापक बनाई विद्यालयलाई चुस्त तथा पारदर्शी बनाउने।

### ३.३.४ प्रमुख उपलब्धि तथा नतिजाः

योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य उपलब्धिहरू यस प्रकार हुनेछन्।

- निःशुल्क माध्यमिक शिक्षामा सबैको पहूँच सुनिश्चित भएको हुनेछ।
- माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तरमा सुधार हुनेछ।
- सबै शिक्षकहरू तालिम प्राप्त हुनेछन्।
- हरेक विद्यालयका कक्षाकोठाहरू सूचना र प्रविधि प्रयोग योग्य भएका हुनेछन्।
- हरेक विद्यालयमा बालमैत्री सिकाइ प्रकृया लागु भएको हुनेछ।
- हरेक विद्यालयका भौतिक संरचनाहरू जोखिम मुक्त भएका हुनेछन्।
- सबै विद्यालयमा शुद्ध पिउने पानीको व्यवस्था भएको हुनेछ।
- सबै विद्यालयमा मापदण्ड अनुसारका शौचालयहरूको स्थापना भएको हुनेछ।

## नतिजा तथा परिमाणात्मक लक्ष्यः

योजनाको कार्यान्वयनबाट प्राप्त हुने नतिजा तथा परिमाणात्मक लक्ष्य तलको तालिकामा प्रस्तुत गरिएको छ।

| क्र.सं. | सूचक | अधार वर्ष २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | २०८६/०८७ | २०८७/०८८ | २०८८/०८९ | २०८९/०९० | २०९०/०९१ | २०९१/०९२ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | माध्यमिक तह (कक्षा ९-१०) मा भर्ना भएका विद्यार्थी संख्या | ७९५ | ८५० | ९०० | ९०० | १००० | | | | | | |
| २ | माध्यमिक तह (कक्षा ११-१२) मा भर्ना भएका विद्यार्थी संख्या | ५७६ | ६०० | ६५० | ७५० | ८०० | | | | | | |
| ३ | विज्ञान विषयमा अध्ययनरत विद्यार्थी संख्या | २० | २० | २५ | ३० | ३५ | | | | | | |
| ४ | न्यूनतम सिकाइ सवलीकरण मापदण्ड (MEC) पूरा गरेका माध्यमिक विद्यालय संख्या | ३ | ४ | ५ | ६ | ७ | | | | | | ७ |

## ३.३.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्यः

| क्र. सं | प्रमुख क्रियाकलाप | एकाइ | भैतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भैतिक लक्ष्य (दश वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| १ | विद्यालय नक्साङ्कन, पुनर्वितरण तथा समायोजन | पटक | ० | ० | १ | ० | ० | १ | २ | न.पा. |
| २ | मापदण्ड अनुसार विषयगत शिक्षक व्यवस्थापन | पटक | ० | ० | १ | ० | ० | १ | २ | संघ, प्रदेश र न.पा. |
| ३ | विद्यालयको न्यूनतम भैतिक पूर्वाधार विकास | संख्या | ० | १ | २ | २ | २ | ७ | ७ | न.पा. |
| ४ | निःशुल्क माध्यमिक शिक्षा सुनिश्चतताको लागि पा.पु., स्टेशनरी, छात्रबृत्ती र सिकाइ सामग्रीको ब्यवस्था | निरन्तर | ७ | ७ | ७ | ७ | ७ | ७ | ७ | न.पा. |
| ५ | वि.ब्य.स., सि.अ. संघका पदाधिकारीहरुको क्षमता विकास तथा अभिभावक अभिमुखिकरण | पटक | ० | १ | १ | १ | १ | ४ | ९ | न.पा. |
| ६ | कक्षाकोठामा आधारित मूल्याङ्कन | निरन्तर | ० | १ | १ | १ | १ | ४ | ९ | विद्यालय |
| ७ | लक्षित बालबालिकाका लागि आवासीय प्रवन्ध | आवश्यकता अनुसार | १ | | | | | १ | १ | न.पा. |
| ८ | विद्यालयहरुको जग्गा ब्यवस्थित गर्ने | निरन्तर | १ | १ | १ | १ | १ | ५ | १० | न.पा. र विद्यालय |
| ९ | माध्यमिक शिक्षा परीक्षा दिएका विद्यार्थीहरुका लागि छोटो अवधिको सिपमूलक तालिम | पटक | ० | ० | १ | १ | १ | ३ | ८ | न.पा. |
| १० | विद्यार्थीहरुका लागि मनोपरामर्श कार्यक्रम | पटक | ० | ० | १ | १ | १ | ३ | ८ | न.पा. |

## ३.४ प्राविधिक शिक्षा र ब्यवसायिक तालिमः

### परिचयः

प्राविधिक शिक्षा भन्नाले सीप सिकेर काम गर्न सक्ने क्षमता विकास गर्ने शिक्षा भन्ने बुझिन्छ । अर्थात कुनै प्रविधिसँग सम्बन्धित भएर हासिल गरिने व्यवसायिक ज्ञानलाई प्राविधिक शिक्षा भनिन्छ । ब्यवसायिक तालिम भनेको जीवन निर्वाहको लागि कुनै पनि ब्यक्तिले आफूसँग भएको अन्तरनिहित क्षमता विकास गरी रुचि अनुसारका पेशा अवलम्वन गर्न सक्ने ब्यवसायिक अवसरलाई बुझ्नु पर्दछ । विद्यार्थीहरुलाई आधुनिक उपकरणहरुको प्रयोगबाट रचनात्मक र प्रयोगात्मक कार्यहरु गराई प्रदान गरिने सीपमूलक, उत्पादनमूलक र अनुसन्धानमूलक शिक्षालाई व्यावसायिक शिक्षा भनिन्छ । नयाँनयाँ प्रविधिको विकास गर्न लगाई खोज तथा अनुसन्धान गरी राष्ट्रलाई बिकासको गतितर्फ अग्रसर बनाउन प्राविधिक तथा व्यावसायिक शिक्षाको आवश्यकता पर्दछ । नेपालको संबिधान २०७२ धारा ५१ राज्यका नीतिहरु अन्तर्गत नागरिकका आधारभूत आवश्यकता सम्बन्धी नीतिमा शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सीपमूलक, रोजगारमूलक, एवम् जनमुखी बनाउँदै, प्रतिस्पर्धी, नैतिक एवम् राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार पार्ने कुरा उल्लेख गरिएको छ । यसै तथ्यलाई मध्यनजर गरी देउमाई नगरपालिका विद्यार्थीहरुलाई सीपमूलक शिक्षाको माध्यमबाट स्वबलम्बी तथा स्वरोजगार नागरिक तयार गर्न लागि परेको छ ।

### ३.४.१ वर्तमान अवस्थाः

शिक्षाले गरिखाने सीप सिकाउन सकेन र शिक्षालयहरू बेरोजगार उत्पादन गर्ने थलो मात्र भए भन्ने गुनासो अहिले सर्वत्र सुनिने गरेको छ । यस्ता गुनासोहरूलाई सम्बोधन गर्न माध्यमिक तहको पाठ्यक्रममा प्राविधिक धारको व्यवस्था गरिनुका साथै प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्ले टेक्स कार्यक्रम मार्फत सामुदायिक विद्यालयहरूमा विभिन्न विषयको प्राविधिक शिक्षा कार्यक्रमहरू सञ्चालन गरिरहेको छ । तर प्राविधिक तथा व्यावसायिक शिक्षाका यस्ता अवसरहरू सिमित भएको, एउटै कार्यक्रम जताततै वितरण गरेको, उत्पादित जनशक्ति जागिर खोज्ने मात्र भएको, आफैले केही गर्न पूँजी लगायत अन्य अबरोधहरू रहेको, रोजगारदाताको अभाव भएको जस्ता गुनासोहरू पनि सुनिन थालेका छन् । यस्तो अवस्थामा कक्षा ९ देखि १२ सम्म उत्तीर्ण गरेका र माथिल्लो तहको शिक्षामा जान आर्थिक र बौद्धिक क्षमता तथा रुची र चाहनाका कारण असक्षम र अनिच्छुक विद्यार्थीहरू अलमलमा पर्ने गरेको देखिन्छ । त्यस्तै आवश्यकताका आधारमा व्यक्तिहरूका लागि नगरपालिकाले रोजगारमूलक सीप सिक्ने अवसर प्रदान गर्नुपर्दछ भन्ने मान्यताका साथ यस योजनामा कार्यक्रम राखिएको हो । विद्यमान अवस्थामा यस नगरपालिकामा सञ्चालित श्री भानुभक्त माध्यमिक विद्यालयमा प्राविधिक धार अन्तर्गत सिभिल इन्जिनियर कार्यक्रम र श्री जीतपुर माध्यमिक विद्यालयमा CTEVT को टेक्स अन्तर्गत १८ महिने भेटेरिनरी कार्यक्रम सञ्चालनमा रहेको देखिन्छ ।

विद्यमान गुनासोहरुलाई कम गर्न नेपालमा बि.सं. २०३७ साल देखि ब्यवसायिक शिक्षाको प्रारम्भ भएर बि.सं २०४५ बाट प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्को स्थापना भएको हो । यस संस्थाबाट विद्यार्थीहरुको ब्यवसायिक क्षमता विकास गर्ने, प्रमाणिकरण गर्ने र नयाँ नयाँ अवसरहरुको खोजि र अनुसन्धान

गर्ने कार्यहरु भइरहेका छन् । आशा गरौं यस संस्थाले आगामी दिनहरुमा सङ्घीयताको मर्म अनुसार स्थानीय तहहरुसँग हातेमालो गर्दै आफ्ना कार्यक्रमहरु अगाडि लैजाने छ ।

देउमाई नगरपालिकामा नेपाल सरकारको स्वीकृत पाठ्यक्रम अनुसार ९-१२ कक्षा सञ्चालन हुने प्राविधिक धार अन्तर्गत सिभिल इन्जिनियरिङको कक्षा सञ्चालन भईरहेको छ । प्रति कक्षा ४८ जनाको कोटा हुनेमा हाल ४ वटा कक्षामा गरी लगभग १२० जना विद्यार्थीहरु मात्र अध्ययनरत छन् । नगरपालिकाले प्राविधिक शिक्षालाई प्रोत्साहन गर्ने उद्देश्यले प्रत्येक कक्षाका ९ जना उत्कृष्ट विद्यार्थीलाई जनही रु २५००० का दरले ३६ जनालाई रु ९ लाख छात्रबृत्ति प्रदान गर्दै आएको छ । तथापि विद्यार्थीहरुको पूर्ण रुचि देखिएको छैन । अर्को विद्यालय श्री जीतपुर मा.वि. मा सञ्चालन भएको पशुविज्ञान अन्तर्गतको VJTA मा पनि ४० जनाको कोटा भए पनि ३३ जना विद्यार्थी मात्र अध्ययनरत छन् । नेपाल सरकारले विगतमा दिंदै आएको अनुदान रकम सालबसाली कटौति हुँदै जानाले सञ्चालनमा समेत कठिनाइ थपिएको छ ।

पशुविज्ञान अन्तर्गत उत्पादित धेरै जनशक्तिहरुले निजामती सेवामा प्रवेश गर्ने अवसर पाईसकेका छन् भने ठूलो हिस्सा स्वरोजगार भएर काम गर्दै गरेको अवस्था छ । सिभिल इन्जिनियरिङ अन्तर्गतका केही विद्यार्थीहरु प्रवेश परीक्षा पास गरेर उच्च शिक्षा अध्ययन गर्दैछन् भने केही विद्यार्थीहरु रोजगारीमा लागेको अवस्था छ । यसरी सीप सिकेर स्वरोजगार हुन सक्ने शिक्षामा पनि अपेक्षा अनुसारको आकर्षण नहुनाले संस्थाको निरन्तरतामा कठिनाई महसुस गरिएको छ । अध्यापनको निम्ति दक्ष जनशक्ति उपलब्ध नहुनु, प्राप्त जनशक्ति अवसरको खोजिमा बाहिर जानु, विद्यार्थी संख्या कम हुँदै जानु, ल्याव र प्रयोगात्मक कक्षामा पर्याप्त औजार तथा उपकरण नहुनुले पनि धेरै समस्या र चुनौतिहरु सामना गर्नु परेको छ ।

### ३.४.२ उद्देश्यहरुः

१. प्राविधिक शिक्षा तथा व्यवसायिक शिक्षामा पहुँच अभिवृद्धि गर्नु ।

२. प्राविधिक तथा व्यवसायिक शिक्षाको गुणस्तर सुधार गरी विद्यार्थीहरुको आकर्षण बृद्धि गर्नु ।

३. प्राविधिक तथा व्यवसायिक शिक्षा तथा सीप विकासका अवसरहरुलाई सान्दर्भिक, उपयोगी र रोजगारमूलक बनाउनु ।

### ३.४.३ रणनीतिहरु

- स्थानीय तहमा प्राविधिक तथा व्यवसायिक शिक्षामा छात्रबृत्ति, आवास र थप तालिम समेतको प्रवन्ध गरी सरवकारवालाहरुको पहुँच विस्तार गर्ने । १
- बिपन्न, सीमान्तकृत वर्ग पहिचान गरी यथासक्य छिटो रोजगारी र स्वरोजगारीको अवसर सृजना गर्ने । १
- प्राविधिक तथा व्यवसायिक शिक्षा र सिपको क्षेत्रमा सक्षमता बृद्धि गरी अपाङ्ग, महिला, दलित जस्ता वर्ग पहिचान गरी अध्ययन र रोजगारीको अवसर सृजना गर्ने । २

- आयआर्जन गर्ने खालका क्रियाकलापको माध्यमबाट आत्मनिर्भर हुनको निम्ति संस्थागत क्षमता बढाउने । २
- प्राविधिक तथा व्यवसायिक शिक्षा र सीपका अवसर उपलब्ध गराउनका लागि सम्बन्धित संस्थाहरुसँग समन्वय तथा सहकार्य गरी नयाँ नयाँ रोजगारीका अवसरहरु सृजना गर्ने । ३
- स्थानीय तहमा सञ्चालित प्राविधिक तथा व्यवसायिक शिक्षा र सीप प्रदायक संस्थाहरुको सञ्चालनमा आवश्यक सहयोग उपलब्ध गराइ दिगो संस्थागत विकासको कार्ययोजना लागु गर्ने । ३

## ३.४.४ प्रमुख उपलब्धि तथा नतिजा

प्राविधिक तथा व्यावसायिक शिक्षाको सफल कार्यान्वयन पश्चात निम्न उपलब्धिहरु हासिल भएका हुनेछन् ।
१. सीपमूलक प्राविधिक शिक्षा प्रति विद्यार्थी र अभिभावकहरुको रुचिमा सुधार भएको हुनेछ ।
२. प्राविधिक शिक्षालयहरुबाट उत्पादित जनशक्तिले आवश्यकतानुसारका प्रविधिक तथा व्यवसायिक शिक्षा र सीपका क्षेत्रहरुमा पर्याप्त दक्षता हासिल गरी उत्पादनशील, रोजगारी, स्वरोजगारी र जीविकोपार्जनका क्षेत्रबाट आर्थिकस्तर सुधार भएको हुनेछ ।
३. देउमाई नगरपालिका भित्र सञ्चालित दुबै शिक्षालयहरुको शैक्षिक र भौतिक क्षेत्रमा व्यापक सुधार भएको हुनेछ ।

### प्रमुख नतिजाहरु

१. यस देउमाई नगरपालिकाका दुबै प्राविधिक शिक्षालयहरुका कार्यक्रमको गुणस्तर र सान्दर्भिकता बृद्धि भएको हुनेछ ।
२. नगरपालिका भित्र रहेका विशेष प्राविधिक क्षमता भएका व्यक्तिहरुको क्षमता पहिचान भई जीविकोपार्जनसँग जोडिएको हुनेछ ।
३. प्राविधिक तथा व्यावसायिक तालिमको निम्ति सरकारी र निजी दुबै क्षेत्रबाट लगानी अभिबृद्धि भएको हुनेछ ।
४. वैदेशिक रोजगारीबाट हासिल गरेको अनुभव र सीपको खोजी, प्रमाणीकरण तथा उपयोग हुने वातावरण सिर्जना हुनेछ ।
५. उत्पादनशील, रोजगारी, स्वरोजगारी र जीविकोपार्जनका अवसरमा वृद्धि भएको हुनेछ ।

### प्रमुख क्रियाकलाप र लक्ष्य

### प्रमुख कियाकलापहरु

प्राविधिक तथा व्यावसायिक तालिमको माध्यमबाट व्यक्तिहरुमा रहेको अन्तरनिहित सीपमूलक क्षमता प्रस्फूटन हुने अवसर प्राप्त गर्दछ । यसले गरेर खाने, आफैं स्वरोजगार भई स्वावलम्बी बन्ने अवसर प्राप्त हुन्छ । हाल

नेपालमा चलेका मुख्य प्राविधिक विषयमा इन्जिनियरिङ, सूचना प्रविधि, कृषि, भेटनरी, पर्यटन, जडीबुटी प्रशोधन, नर्सिङ, सामान्य चिकित्सा, फार्मेसी, रेडियोग्रफी, फिजियोथेरापी, आयुर्वेदिक, ल्याव टेक्नोलोजी, होटेल मेनेजमेन्ट आदि पर्दछन् । यसले प्रशिक्षार्थीलाई उद्योगसँग र अन्य व्यवसायलाई आवश्यक पर्ने व्यावसायिक सीप सिक्न तथा त्यससँग सम्बन्धित ज्ञान हासिल गर्न सक्षम बनाउनुका साथै उनीहरूलाई विश्वव्यापी रूपमा रोजगारको बजारमा प्रतिस्पर्धा गर्न सक्ने जनशक्ति उत्पादन गरी रोजगारी प्राप्त गर्न सक्ने हैसियत प्रदान गर्छ । यसले व्यक्तिगत विकासका लागि उत्प्रेरकको रूपमा काम गर्नुका साथै इच्छुक व्यक्तिलाई समाजमा योगदान गर्न सक्ने गरी सक्षम बनाउँछ । हातमा सीप भएको व्यक्ति स्वदेश वा विदेशमा रोजगारी प्राप्त गर्न सक्छ ।

## आर्थिक वृद्धिसँगै आत्मनिर्भर

सबल र सक्षम प्राविधिक शिक्षा प्रणाली भएका देशले आर्थिक वृद्धिमा महत्वपूर्ण योगदान दिएका छन् । उनीहरूले प्राविधिक शिक्षा प्रणाली सफल भएमा राष्ट्रको अर्थतन्त्र र समग्र विकासमा योगदान पुर्याउन सक्छ भन्ने प्रमाणित गरिदिएका छन् । देशमै दक्ष जनशक्ति उत्पादन गरेर प्राविधिक शिक्षामा आधारित उद्योगको स्थापना र विकास, आर्थिक क्षेत्रको वृद्धि, नवप्रवर्तन, उत्पादकत्वमा वृद्धि र प्रतिस्पर्धात्मक बजार स्थापना गर्न सके समाजलाई छिट्टै आर्थिक रूपान्तरणमा बदल्न सकिन्छ ।

यसका लागि सरकारले उद्यमशीलताको विकाससम्बन्धी आमनागरिकको मानसिकतामा परिवर्तन ल्याउन आवश्यक छ, जसका लागि सरकारले योजनाबद्ध ढङ्गले उत्पादनमा आधारित रचनात्मक योजना कार्यान्वयनमा ल्याई र नवप्रवर्तनलाई प्रोत्साहन गर्दै उद्यमीहरूलाई बिनाधितो ऋण प्रवाह गर्नुका साथै उनीहरूको उत्पादनको बजारको ग्यारेन्टी गरिदिनु पर्छ । यसले नवउद्यमीलाई आफ्नै व्यवसायहरू स्थापना गर्न वा अन्य उद्योगमा योगदान गर्न प्रोत्साहन गर्नु पर्छ ।

प्राविधिक शिक्षाले राष्ट्रको पूर्वाधारको विकास र विश्वका जुनसुकै देशसँग प्रतिस्पर्धा गर्न सक्ने दक्ष जनशक्ति नेपालमै उत्पादन गर्न सकिन्छ । नेपालमा उत्पादित जनशक्तिले विश्वका ख्याति कमाएका विश्वविद्यालय, उद्योग, कम्पनीमा रोजगारी प्राप्त गर्न सफल भएका छन् । चाहे त्यो अमेरिकाको नासा होस् वा हार्डवर्ड विश्वविद्यालय । यसले दक्ष प्राविधिक, इन्जिनियर र निर्माण कार्यकर्ता उत्पादन गर्न सहयोग गर्छ र महत्वपूर्ण पूर्वाधार परियोजना निर्माण गर्न र पुनर्निर्माण गर्न सक्षम हुन्छन् । स्वास्थ्य सेवा सम्बन्धित बिषयले झन धैरै अवसर पाउँछन् । प्राविधिक शिक्षाले नागरिकलाई गरी खाने बनाउँछ । नेपाल भूगोलमा सानो भए पनि विश्वमा विभिन्न ओहोदामा प्रतिस्पर्धा गर्न सक्ने एक दक्ष सिपयुक्त सक्षम नेपालीको रूपमा राष्ट्रलाई चिनाउन सक्छ । यस तथ्यलाई मध्यनजर गरी देउमाई नगरपालिकाले आगामी दिनहरुमा प्राविधिक तथा व्यावसायिक शिक्षालाई प्राथमिकतामा राखी गुणात्मक विकासका कार्यक्रमहरु सञ्चालन गर्नेछ ।

| क्र.सं. | सूचक | आधार बर्ष २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रदान गर्ने विद्यालय संख्या | २ | २ | २ | २ | २ | २ |
| २ | माध्यमिक तहमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिममा भर्ना भएका विद्यार्थी संख्या | १६० | १६१ | १७५ | २१० | २२० | २३२ |

### ३.४.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क.सं. | प्रमुख क्रियाकलाप | एकाई | भौतिक लक्ष्य ५ बर्ष | | | | | | भौतिक लक्ष्य १० बर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| १ | माध्यमिक तहमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिममा भर्ना हुन चाहाने विद्यार्थीको तथ्याङ्क संकलन तथा खण्डीकित डाटावेस तयारी | संख्या | १६१ | १७५ | २१० | २२० | २३२ | ९९८ | १९९६ | |
| २ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम सञ्चालन | पटक | ० | १ | २ | २ | २ | ७ | १२ | |
| ३ | विद्यार्थीको लागि छात्रवृत्तिको अवसर | | ३८ | ३८ | ३८ | ३८ | ३८ | १९० | ३८० | |

## ३.५ अनौपचारिक शिक्षा र आजीवन सिकाइ

### ३.५.१ बर्तमान अवस्था

शिक्षा एक निरन्तर प्रक्रिया हो । औपचारिक शिक्षाबाट मात्र समुदायमा अपेक्षा गरिएका उपलब्धिहरु हासिल गर्न सकिदैन । देउमाई नगरपालिका विगतमा नै पूर्ण साक्षर नगरपालिका घोषणा भइसकेको हुनाले हाल यसमा त्यति धेरै अनौपचारिक शिक्षाका कार्यक्रमहरु सञ्चालन भइरहेका छैनन् । नगरपालिका भित्र चारवटा सामुदायिक सिकाइ केन्द्रहरु रहेकोमा देउमाई नगरपालिका वडा नं. ४ मा रही वडा नं. ४ र ५ लाई सेवा क्षेत्र बनाएको नमुना सामुदायिक सिकाइ केन्द्रले नियमानुसार आफ्ना गतिविधिहरु सञ्चालन गर्न नसकेकोले हाल ३ वटा क्रियाशिल छन् । यिनै सामुदायिक सिकाइ केन्द्रको माध्यमबाट विगतका दिनहरुमा साक्षरता सम्बन्धी कार्यक्रम, आय आर्जनसँग सम्बन्धित कार्यक्रम र सीप विकाससँग सम्बन्धित कार्यक्रमहरु सञ्चालन गरिए । साक्षर नगर घोषणा पश्चात नेपाल सरकारबाट सञ्चालन हुने साक्षरोत्तर कार्यक्रमहरु पनि खास सञ्चालन भएका छैनन् । हाल चेतनामूलक र आय आर्जनका केही कार्यक्रमहरु यिनै सिकाइ केन्द्र मार्फत सञ्चालन गरिदै आएको छ ।

देउमाई नगरपालिकाले आफ्नै लगानीमा आफ्नो भूगोल सुहाउँदो सीपमूलक कार्यक्रमहरु दुग्ध डेरी तालिम, हाउस वायरिङ तालिम, प्लम्बिङ तालिम, सिलाइ बुनाई सम्बन्धि तालिम, कफि खेती सम्बन्धि तालिम, सब्जी खेती सम्बन्धि तालिम र अचार निर्माण कार्यशाला जस्ता क्रियाकलापबाट जीवनपर्यन्त तथा निरन्तर सिकाइलाई अघि बढाउँदै आइएको छ । सबै माध्यमिक विद्यालयहरुमा पुस्तकालय स्थापनाको कार्यक्रम सम्पन्न भइसके पनि सामुदायिक पुस्तकालयको स्थापना गर्न सकिएको छैन । आगामी दिनहरुमा जीवनपर्यन्त सिकाइको निम्ति सामुदायिक पुस्तकालयको स्थापना गर्ने कार्ययोजना रहेको छ । भौगोलिक बिकटता, तीब्र दरको बसाई सराई न्यून

जन्म दर र पर्याप्त भौतिक पूर्वाधारको अभावमा सबै कार्यक्रमहरुलाई अपेक्षा गरे अनुसार सञ्चालन गर्न सकिएको छैन । यति हुँदाहुँदै पनि केही आधारभूत विद्यालयहरु र सामुदायिक सिकाइ केन्द्रहरुमा सञ्चालित पुस्तकालयबाट समुदायका अधिकतम सेवाग्राहीहरुलाई सेवा प्रदान गर्ने प्रयत्न गरिएको छ ।

### ३.५.२ उद्धेश्य

अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका निम्न अनुसार उद्धेश्यहरु रहेका छन् ।

१. सबै नागरिकका लागि समावेशी तथा समतामूलक साक्षरता र आजीवन सिकाइका अवसर सुनिश्चित गर्ने ।

२. सामुदायिक सिकाइ केन्द्र मार्फत समुदायमा विभिन्न सीपविकास तथा आयमूलक कार्यक्रम सञ्चालन गर्ने ।

३. नगरपालिका भित्रका सबै नागरिकहरुमा आजीवन सिकाइको पहुँच सुनिश्चित गर्ने ।

### ३.५.३ रणनीतिहरुः

माथिका उद्धेश्यहरु हासिल गर्न निम्नानुसारका रणनीतिहरु अवलम्बन गरिने छ ।

१. सामुदायिक सिकाई केन्द्रलाई आधारभूत सुविधा सम्पन्न पुस्तकालय, सामुदायिक सूचना केन्द्र, सीपमूलक तालिम सञ्चालन गर्ने बहुद्देश्यीय संस्थाका रुपमा सुदृढीकरण गरी समावेशी एवं समतामा आधारित आजीवन सिकाइको थलोको रुपमा विकास गर्ने ।

२. सामुदायिक सिकाइ केन्द्र, विद्यालय, विश्व विद्यालयले नागरिक समाज, स्थानीय संघ संस्था र सञ्चार माध्यम आदिलाई प्रयोग गरी साक्षरता तथा साक्षरोत्तर कार्यक्रम  सञ्चालन गर्ने ।

३. सिकारुका आवश्यकतामा आधारित तहगत पाठ्यक्रम, सिकाइ मोडुल र भाषिक विविधता अनुरुपका सिकाइ सामग्री प्रयोग गर्ने ।

४. सरोकारवालाहरुको समन्वय, सहकार्य र साझेदारीमा अनौपचारिक, बैकल्पिक, खुला तथा परम्परागत विद्यालयका सुदृढीकरण गर्ने ।

५. सामुदायिक सिकाइ केन्द्र मार्फत विभिन्न सीप विकास, आयआर्जन तथा सचेतनाका कार्यक्रम सञ्चालन गर्ने ।

६. अनौपचारिक माध्यमबाट सिकिएका ज्ञान तथा सीपहरुको परीक्षण तथा प्रमाणीकरण गरी राष्ट्रिय योग्यता प्रारुपले गरेको व्यवस्था वमोजिम प्रमाणपत्रको व्यवस्था मिलाउने ।

### ३.५.४ प्रमुख उपलब्धी तथा नतिजा

**उपलब्धीः**

यो योजनाको कार्यान्वयन पश्चात निम्न उपलब्धीहरु हासिल भएका हुनेछन् ।

१. सबै नागरिकका लागि साक्षरता, निरन्तर शिक्षा र आजीवन सिकाइका अवसरहरु सिर्जना भएका हुनेछन् ।

२. नगरपालिका भित्रका सबै इच्छुक नागरिकहरुले आफूले चाहेअनुसारको सीप विकासको अवसर प्राप्त गरेका हुनेछन ।

३. सबै नागरिकका निम्ति तहगत पाठ्यक्रम र सिकाइ मोडुल विकास भएको हुनेछ ।

४. आफूले प्राप्त गरेको तालिम र कार्यशालाहरुको प्रमाणिकरण प्रमाणपत्रको व्यवस्था भएको हुनेछ ।

५. सबै नागरिकको पहुँच पुग्ने गरी सार्वजनिक पुस्तकालयको व्यवस्था भएको हुनेछ ।

## नतिजा तथा परिमाणात्मक लक्ष्यः

| क्र.सं. | सूचक | आधार बर्ष २०८१/८२ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | भाषिक तथा गणितीय साक्षरता सीप १५ बर्ष भन्दा माथि (%) | ८९.२ | ८९.२ | ९२ | ९५ | ९८ | |
| २ | भाषिक तथा गणितीय साक्षरता सीप १५ बर्ष भन्दा माथि महिला (%) | ८१.३४ | ८१.३४ | ८५ | ८८ | ९३ | |
| ३ | आधारभूत सुविधा सम्पन्न सामुदायिक सिकाइ केन्द्रको संख्या | | | १ | १ | २ | ३ |
| ४ | सामुदायिक पुस्तकालयको संख्या | | | १ | १ | २ | ३ |

## ३.५.५ प्रमुख क्रियाकलाप र परिमाणत्मक लक्ष्यः

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाई | भौतिक लक्ष्य ५ बर्ष | | | | | | भौतिक लक्ष्य १० बर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| १ | निरक्षरहरुको तथ्याङ्क संकलन तथा खण्डीकृत डाटावेस तयारी | पटक | | | १ | | | | २ | |
| २ | साक्षरता तथा साक्षरोत्तर शिक्षा कार्यक्रम सञ्चालन | कक्षा | | | ९ | ९ | ९ | २७ | २७ | |
| ३ | सामुदायिक सिकाइ केन्द्रका सुदृढीकरण | वटा | | | १ | १ | १ | ३ | ३ | |

# परिच्छेद - चार

## अन्तरसम्बन्धित विषय तथा क्षेत्र

परिच्छेद ३ मा विद्यालय शिक्षा क्षेत्रका मुख्य उपक्षेत्र विषय अन्तर्गत कतिपय अन्तरसम्बन्धित क्षेत्रहरुको उल्लेख भएको भएपनि शिक्षासँग अन्तरसम्बन्धित विषयको समग्र विश्लेषण गरी शिक्षा योजनामा प्राथमिकता दिन अन्तरसम्बन्धित विषयहरु जस्तै पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन, शिक्षक व्यवस्थापन र विकास, शैक्षिक समता र समावेशीकरण, विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम, विद्यालय सुरक्षा, विपद् न्यूनीकरण तथा उत्थानशीलता, विद्यालय भौतिक पूर्वाधार विकास, विद्यालयमा सञ्चार प्रविधि जस्ता पक्षसँग सम्बन्धित रहेर निम्न योजना तयार पारिएको छ।

माथि उल्लेखित प्रत्येक विषयको अवधारणा तथा विद्यालय शिक्षामा यसको आवश्यकता विद्यमान अवस्थाको विश्लेषण गरी त्यसका चुनौतीहरुको पहिचान गरिएको छ भने यस योजनामा यी विषयका उद्देश्य, अपेक्षित नतिजा तथा योजना अवधिमा सञ्चालन गरिने मुख्य क्रियाकलाप तथा लक्ष्यहरु उल्लेख गरिएको छ।

## ४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन

### ४.१.१ परिचय

बालकको सर्वाङ्गिण विकासका लागि आवश्यक ज्ञान, सीप, अनुभवहरुको संगठन सहितको दस्तावेजलाई पाठ्यक्रम भनिन्छ। त्यस्तै पाठ्क्रमलाई कार्यान्वयन गर्न तयार पारिएको विषयवस्तुको विस्तारित रुप पाठ्यपुस्तक हो।

### ४.१.२ वर्तमान अवस्था

परम्परागत शिक्षा प्रणालीलाई परिमार्जन र परिष्कार गर्दै युग सापेक्ष शिक्षाको समान वितरणका लागि अहिले कक्षा १० सम्म विद्यार्थीहरुलाई निःशुल्क पाठ्यपुस्तक वितरण गर्ने नीति नेपाल सरकारले लिए वमोजिम यस देउमाई नगरपालिकामा नेपाल सरकार पाठ्यक्रम विकास केन्द्रद्वारा तयार पारिएको निःशुल्क रुपमा वितरण हुँदै आएको छ। आजको समय अनुकुल हुने गरी प्रविधिमैत्री, व्यवसायिक तथा प्रयोगात्मक पाठ्यक्रम तयार गर्न नेपाल सरकारको लक्ष्य अनुरुप पाठ्यक्रम र पाठ्यपुस्तक पूर्णरुपमा त्यसतर्फ उन्मुख हुन सकेको पाइँदैन।

### ४.१.३ अवसर तथा चुनौतीहरु

यस नगरपालिकामा शिक्षाका उद्देश्य परिपूर्ति गर्न निम्न समस्या तथा चुनौतीहरु रहेका छन्।

**चुनौतीहरु**

- सबै विद्यालयमा समयमै पाठ्यपुस्तक उपलब्ध नहुनु
- पाठ्यक्रम र सिकाइ सामग्री पर्याप्त मात्रामा नपुग्नु

- पाठ्यपुस्तकलाई नै शैक्षिक उद्देश्य प्राप्तिको प्रमुख साधनको रुपमा हेरिनु
- परम्परागत मूल्याङ्कन प्रणालीको प्रभावबाट मुक्त हुन नसक्नु

**अवसरहरु**

- विद्यालयहरुमा समयमा नै पाठ्यपुस्तक तथा शैक्षिक सामग्री ब्यवस्थापन
- सिकाइ सहजीकरणमा नवीन बिधि र प्रविधिको प्रयोग
- अतिरिक्त सन्दर्भ सामग्रीको ब्यवस्थापन
- आधुनिक र बैज्ञानिक सिकाइ वातावरणको निर्माण

## ४.१.४ उद्देश्यहरु

- शिक्षाको उद्देश्य प्राप्तिको लागि पाठ्यक्रमसँग सम्बन्धित सिकाइ सामग्री तथा मूल्याङ्कन प्रणालीको विकास र प्रयोगमा जोड दिने ।
- स्थानीय तहको पाठ्यक्रमलाई बढी व्यवहारिक र जीवनोपयोगी बनाउने ।
- अधिक्तम रुपमा निरन्तर आवधिक र स्तरीकृत मूल्याङ्कनको प्रयोगद्वारा सुधारात्मक मूल्याङ्कन प्रक्रियामा जोड दिने ।

## ४.१.५ रणनीतिहरु

- नगरपालिका क्षेत्रभित्रका सबै विद्यालयमा समयमै पाठ्यपुस्तक अनिवार्य रुपमा पुर्याउने व्यवस्था मिलाइने छ ।
- पाठ्यक्रम, शिक्षक निर्देशिका र सिकाइ सामग्रीहरु पर्याप्त मात्रामा सबै विद्यालयमा उपलब्ध  गराइने छ ।
- पाठ्यक्रमको प्रयोग विषयमा शिक्षकहरुलाई अभिमुखीकरण गरिनेछ ।
- प्रयोगात्मक र निर्माणात्मक मूल्याङ्कन प्रणालीलाई बढी भन्दा बढी प्रयोगमा ल्याइने छ ।
- स्थानीय पाठ्यक्रम निर्माण भई कार्यान्वयनमा आइसकेको अवस्थामा उक्त पाठ्यक्रममा अझ बढी वातावरणीय संरक्षण र सम्बर्धन सम्बन्धी सीपको विकास गर्ने किसिमको पाठ्यक्रममा संशोधन र परिमार्जन गरिने छ ।

## ४.१.६ उपलब्धि, नतिजाहरु, प्रमुख क्रियाकलापहरु तथा लक्ष्य

### उपलब्धि

विद्यालय तहको शिक्षामा आधारित रही समयसापेक्ष ज्ञान सीप जस्तै प्रविधिमैत्री, वित्तीय साक्षरता, उद्यमशील तथा सञ्चार सीप विकासलाई मध्यनजर गरी व्यवहारिक ज्ञान दिइने छ ।

## नतिजाहरु

- यस नगरपालिकामा सञ्चालित सबै विद्यालयहरुमा अध्ययन गर्ने बालबालिकाहरुले यथा समयमै पाठ्यपुस्तक प्राप्त गरेका हुनेछन् ।
- सम्पूर्ण विद्यालयका शिक्षकहरुले पाठ्यक्रम र आवश्यक सिकाइ सामग्री प्राप्त गरी व्यवहारिक शिक्षा प्रदान गर्न सक्षम भएका हुनेछन् ।
- शिक्षण सिकाइ केवल सैध्दान्तिक मात्र नभई प्रयोग र अनुभवमा आधारित भएको हुनेछ ।
- शैक्षिक सामग्री स्थानीय उत्पादनमा आधारित रही No cost and Low cost को सिध्दान्तमा आधारित भएको हुनेछ ।
- अधिकतम शैक्षिक सामग्रीको प्रयोगद्वारा कक्षा शिक्षण रोचक र प्रभावकारी बनाई बालबालिकाको उपस्थिति दर बृध्दि भएको हुनेछ ।
- मूल्याङ्कन प्रणालीलाई बढी प्रभावकारी बनाउन एकाइ परीक्षा, मासिक परीक्षा जस्ता अतिरिक्त परीक्षाहरु सकेसम्म बढी पटक सञ्चालन गरी नतिजामा अपेक्षाकृत सुधार गरिनेछ । निरन्तर मूल्याङ्कन प्रणालीलाई शिक्षण सिकाइको अभिन्न अङ्गका रुपमा प्रयोग गरिएको हुनेछ ।

### नतिजा तथा परिमाणात्मक लक्ष्य

उल्लेखित योजनाको कार्यान्वियनबाट हासिल हुने परिमाणात्मक नतिजा यस प्रकार रहेको छ ।

| क्र.सं. | सूचक | भौतिक लक्ष्य (५ वर्ष) | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | |
| १ | स्थानीय विषय पठनपाठन भएका विद्यालय सङ्ख्या | ५० | ५० | ५० | ५० | ५० | ५० |
| २ | परीक्षामा स्तरीकृत प्रश्न प्रयोग गर्ने विद्यालय सङ्ख्या | ५० | ५० | ५० | ५० | ५० | ५० |
| ३ | निरन्तर विद्यार्थी मूल्याङ्कन प्रयोग गर्ने विद्यालय सङ्ख्या | ५० | ५० | ५० | ५० | ५० | ५० |
| ४ | एकाइ परीक्षा तथा मासिक परीक्षा सञ्चाल गर्ने विद्यालय सङ्ख्या | ५० | ५० | ५० | ५० | ५० | ५० |
| ५ | पाठ्यक्रम र शिक्षक निर्देशिकाको अधिकतम प्रयोग गर्ने विद्यालय सङ्ख्या | २५ | ३० | ३५ | ४० | ४५ | ५० |
| ६ | समयमै पाठ्यपुस्तक प्राप्त गर्ने विद्यालय सङ्ख्या | ५० | ५० | ५० | ५० | ५० | ५० |

यस नगरपालिकामा पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन पद्धतिलाई सशक्त बनाउन निम्न क्रियाकलापहरु गर्ने गरी वार्षिक लक्ष्य निर्धारण गरिएको छ ।

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | |
| १ | स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयन | पटक | १ | १ | १ | १ | ५ | १० |
| २ | कक्षाकोठामा आधारित निरन्तर विद्यार्थी मूल्याङ्कन | विद्यालय संख्या | ५० | ५० | ५० | ५० | ५० | ५० |
| ३ | पाठ्यक्रम कार्यान्वयनका लागि शिक्षक प्रबोधिकरण तालिम सञ्चालन | पटक | १ | १ | १ | १ | ५ | १० |
| ४ | शैक्षिक सामग्री निर्माण र प्रयोग सम्बन्धी अभिमुखीकरण | पटक | १ | १ | १ | १ | ५ | १० |
| ५ | पाठ्यक्रम विकास केन्द्रद्वारा निर्मित सिकाइ सामग्रीको उपलब्धता | विद्यालय सङ्ख्या | ५० | ५० | ५० | ५० | ५० | ५० |
| ६ | समयमै पाठ्यपुस्तक प्राप्त गर्ने विद्यालय सङ्ख्या | विद्यालय सङ्ख्या | ५० | ५० | ५० | ५० | ५० | ५० |

## ४.२ शिक्षक व्यवस्थापन र विकास

### ४.२.१ परिचय

नेपालको संविधान २०७२ को धारा ३१ मा व्यवस्थित शिक्षा सम्बन्धी हक अन्तर्गत प्रत्येक नेपाली नागरिकले राज्यको तर्फबाट निःशुल्क तथा अनिवार्य आधारभूत तहको शिक्षा प्राप्त गर्ने अधिकारको प्रत्याभूति गरिएको छ । हाल नेपालमा १ वर्ष भित्रको प्रारम्भिक बालविकास कक्षा १ देखि ८ सम्म आधारभूत तह र कक्षा ९ देखि १२ सम्मको माध्यमिक तहको संरचना बनाइएको छ । विद्यालय तहको शिक्षाको गुणस्तर बृद्धि गर्न र राष्ट्रिय उद्देश्य पूरा गर्न विद्यालय शिक्षकको उचित व्यवस्थापन गरिनु अति आवश्यक छ कि न कि विद्यालय शिक्षाको मेरुदण्ड भनेको शिक्षक हो । गुणस्तरीय शिक्षा बालबालिकालाई प्रदान गरी उत्कृष्ट नतिजा हासिल गर्न शिक्षकको भूमिका प्रमुख हुन्छ । उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०७५ अनुसार शिक्षकको समुचित व्यवस्थापनबाट मात्र गुणस्तरीय शिक्षा हासिल हुन सक्छ । शिक्षकको पेशागत क्षमता विकास र विस्तारका लागि आधुनिक सूचना प्रविधि तथा प्रणालीसँग सम्बन्धित रही शैक्षिक गतिबिधिहरु अगाडि बढाइने छ ।

अहिले सामुदायिक विद्यालयमा घट्दो विद्यार्थी सङ्ख्या, विद्यालय सङ्ख्या र दरबन्दी, तहगत र विषयगत शिक्षक व्यवस्थापनको अभाव, विकट भौगोलिक अवस्था जस्ता कुरालाई व्यवस्थापन गर्दै अघि बढ्न पेशागत दक्षता र क्षमता भएका प्रतिभावान शिक्षक हुन जरुरी छ ।

### ४.२.२ वर्तमान अवस्था

विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ ले शिक्षकहरुको सक्षमता र आवश्यकतालाई प्रष्ट्याएको छ । सक्षम, योग्य, सेवाप्रति प्रतिबद्ध र जिम्मेवार शिक्षक आजको आवश्यकता हो । शिक्षक छनौटका लागि सिफारिस गर्ने र बढुवा गर्ने काम शिक्षक सेवा आयोगले गर्दछ । सामुदायिक विद्यालयमा विद्यार्थीको आकर्षण बढाउने, टिकाउने, सिकाउने र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा बिकाउने कार्यका लागि प्रमुख जिम्मेवार व्यक्ति शिक्षक नै हो ।

यस देउमाई नगरपालिकामा शैक्षिक सत्र २०८१ मा बालबिकास केन्द्रमा १०७७ जना, आधारभूत तहमा २८७० जना, माध्यमिक तहमा १४३८ जना गरी जम्मा ५३८५ विद्यार्थी अध्ययनरत छन् । यस नगरपालिकाको हाल विभिन्न प्रकारका दरबन्दी र सङ्ख्या निम्नानुसार छन् ।

| क्र.सं. | तह | स्थायी | राहत | करार | अनुदान | नगर शिक्षण स्वयंसेवक | कर्मचारी | प्राविधिक | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | बालविकास | | | ८२ | | | | | |
| २ | आधारभूत (१-५) | १६८ | २० | | | ३६ | ५० | | २७४ |
| ३ | आधारभूत (६-८) | ३५ | १७ | | ४ | | | | ५६ |
| ४ | माध्यमिक (९-१०) | १९ | १७ | | १ | ४ | ७ | | ४८ |
| ५ | माध्यमिक (११-१२) | ६ | ८ | | | | | | १४ |
| ६ | प्राविधिक धार | ५ | | | | | | | ५ |

### ४.२.३ उद्देश्य

- प्रत्येक विद्यालयमा कक्षागत, तहगत र विषयगतरुपमा शिक्षकको व्यवस्था गर्नु
- शिक्षकको पेशागत क्षमता विकासका लागि प्रविधिमा आधारित शिक्षक तालिमको व्यवस्था गर्नु
- विद्यालय सुपरीवेक्षण कार्यलाई प्रभावकारी बनाई शिक्षकलाई पेशागत सहयोग गरी गुणस्तर बृद्धि गर्नु

### ४.२.४ रणनीति

- विद्यार्थी शिक्षक अनुपातका आधारमा कक्षागत, तहगत र विषयगत रुपमा शिक्षक दरबन्दी मिलान गर्ने
- शिक्षकको कार्यसम्पादन मूल्याङ्कन प्रोत्साहन र वृत्ति विकासका अवसरमा सुधार गर्ने कार्यक्रम तयार पारी शिक्षकलाई जिम्मेवार र समर्पित बनाउने
- शिक्षकको पेशागत तालिम अन्तर्गत प्रविधिमैत्री सेवाकालीन तालिम सञ्चालन गर्ने

- पालिका स्तरीय विज्ञ समूह निर्माण गरी नियमित रुपमा विद्यालय सुपरीवेक्षण कार्यलाई प्रभावकारी बनाउने
- शिक्षकहरुको विषयगत समूह निर्माण गरी अनुभव तथा सिकाइ प्रक्रिया आदानप्रदान गर्ने

## ४.२.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

### उपलब्धि

- सबै विद्यालयमा दरबन्दी मिलान भई कक्षागत र विषयगत रुपमा शिक्षकको व्यवस्था भएको हुनेछ।
- सबै विद्यालयमा आवश्यक सङ्ख्यामा दक्ष, सक्षम, योग्य, उत्साहित, पेशाप्रति प्रतिबद्ध जिम्मेवार शिक्षकको व्यवस्था भएको हुनेछ।
- शिक्षकहरुलाई निरन्तर स्तरीय पेशागत विकासको अवसर प्राप्त भएको हुनेछ।
- सबै विद्यालयका शिक्षक आधुनिक सूचना प्रविधिसँग परिचित भई सिकाइ सरल, सहज र गुणस्तरीय भएको हुनेछ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | सूचक | भौतिक लक्ष्य (५ वर्ष) | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | |
| १ | प्रारम्भिक बालविकासमा कार्यरत तालिम प्राप्त शिक्षक सङ्ख्या | २ | १० | १५ | २५ | ३० | सबै |
| २ | आधारभूत तहमा कार्यरत तालिम प्राप्त शिक्षक सङ्ख्या | १८८ | | | | १८८ | सबै |
| ३ | माध्यमिक तहमा कार्यरत तालिम प्राप्त शिक्षक सङ्ख्या | ५० | | | | ५० | सबै |
| ४ | सूचना प्रविधि सम्बन्धी सक्षम शिक्षक सङ्ख्या | १५० | १८० | २२० | २५० | २९१ | सबै |
| ५ | टिपिडी तालिम पूरा गरेका शिक्षक सङ्ख्या | १८७ | २०५ | २४५ | २७० | २९१ | सबै |
| ६ | मेन्टरिङ् कार्यक्रम पूरा गरेका शिक्षक सङ्ख्या | २७ | ३५ | ४५ | ६० | ७५ | सबै |

**प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | जम्मा | जम्मा |
| १ | पालिका स्तरीय शिक्षक पेशागत विकास तालिम | १ | १ | १ | १ | १ | ५ | १० |
| २ | विज्ञ समूह परिचालन | १ | १ | १ | १ | १ | ५ | १० |
| ३ | शिक्षकको विषयगत समिति निर्माण | १ | १ | १ | १ | १ | ५ | १० |
| ४ | अन्तर विद्यालय अवलोकन भ्रमण | १ | १ | १ | १ | १ | ५ | १० |
| ५ | शिक्षण सुधार योजना निर्माण कार्यशाला | १ | १ | १ | १ | १ | ५ | १० |
| ६ | शैक्षिक सामग्री निर्माण तालिम | १ | १ | १ | १ | १ | ५ | १० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ७ | शिक्षक क्षमता विकास तालिम | १ | १ | १ | १ | १ | ५ | १० |
| ८ | प्रविधि सिकाइ तालिम सञ्चालन | १ | १ | १ | १ | १ | ५ | १० |
| ९ | प्रश्नपत्र निर्माण कार्यशाला | १ | १ | १ | १ | १ | ५ | १० |

## ४.३ समता तथा समावेशीकरण

### ४.३.१ परिचय

इलाम जिल्लाका १० वटा स्थानीय तहहरुमध्ये देउमाई नगरपालिका सामाजिक, साँस्कृतिक, आर्थिक र भौगोलिक विविधता भएको स्थानीय तह हो । यस नगरपालिकामा विभिन्न जातजाति, संस्कृति र भाषिक समुदायको मिश्रित बसोवास रहेको छ । यहाँ मुख्य गरी राई, लिम्बु, ब्राम्हण, क्षेत्री, तामाङ, मगर, नेवार, सुनुवार, गुरुङ, शेर्पा र दलित समुदायको बसोवास रहेको छ । यहाँका मानिसहरु नेपाली भाषाका अतिरिक्त आफ्नो मातृभाषा प्रयोग गर्ने गर्दछन् । मिश्रित जातिहरुको बसोवास रहेका कारण कुनै एक जातिको मात्र मातृभाषाको वर्चस्व भने रहेको देखिँदैन । यस नगरपालिकाको साक्षरता अवस्था पुरुषतर्फ ८९ प्रतिशत र महिलातर्फ ७७.८ प्रतिशत रहेको छ ।

### ४.३.२ वर्तमान अवस्था

परम्परागत रुपमा समाजमा रहँदै आएको लैङ्गिक असमानता, महिला हिँसा, महिला उत्पीडन जस्ता सामाजिक विसङ्गतीलाई निरुत्साहित गरी लैङ्गिक, जातीय तथा वर्गीय विभेदलाई अन्त्य गरेर समाजमा पिछडिएका वर्गहरुलाई शिक्षाको पहुँचमा पुर्याउन विभिन्न समयमा कार्यहरु हुँदै आएका छन् । यस नगरपालिकामा लैङ्गिक अनुपात ९८.२५ पुरुष प्रति १०० महिला बराबर रहेको छ । नेपालको संविधान तथा प्रचलित कानुनमा व्यवस्था भए अनुसार नगर कार्यपालिका, वडा समिति, नगर शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ आदि विभिन्न संस्थाहरुमा महिला र दलितको सहभागिता उल्लेख्य रुपमा रहेको छ ।

### ४.३.३ अवसर तथा चुनौतीहरु

यस नगरपालिकामा समावेशी शिक्षाको उद्देश्य परिपूर्ति गर्नका लागि निम्न समस्या तथा चुनौतीहरु रहेका छन्

- विद्यालयमा लैङ्गिक तथा अपाङ्गमैत्री भौतिक तथा शैक्षिक वातावरण ।
- लक्षित समूहको शिक्षामा समतामूलक पहुँच ।
- विद्यालय जाने उमेरका बालबालिकाको आर्थिक विपन्नता ।
- बालमैत्री विद्यालय वातावरण ।

### ४.३.४ उद्देश्यहरु

- विभिन्न कारणबाट शिक्षाको मूलधार भन्दा टाढा रहेका बालबालिकालाई शिक्षामा पहुँच वृद्धि गरी गुणस्तरीय शिक्षा प्रदान गर्ने ।
- लक्षित समूहका बालबालिकाको सिकाइ सहभागिता वृद्धि गरी सिकाइ उपलब्धि सुधार गर्ने ।
- विद्यालयमा हुनसक्ने कुनै पनि प्रकारको विभेद अन्त्य गरी बालबालिकाको नियमित उपस्थिति, सहभागिता र सहज सिकाइ वातावरण सिर्जना गर्ने ।
- अभिभावक शिक्षाको माध्यमबाट बालबालिकाको अनिवार्य शिक्षा प्राप्त गर्ने हकको सम्बन्धमा सचेतना जगाउने ।

### ४.३.५ रणनीतिहरु

- नगरपालिकाभित्र घरधुरी सर्वेक्षण गरी विद्यालय बाहिर रहेका बालबालिकाको अवस्था र आवश्यकता पहिचान गरी उनीहरुलाई समेट्ने किसिमको शैक्षिक प्रबन्ध मिलाइनेछ ।
- विद्यालयको भौतिक तथा शैक्षिक अवस्था अपाङ्गमैत्री तथा लैङ्गिकमैत्री बनाइनेछ ।
- अपाङ्गहरुको प्रारम्भिक अवस्था लेखाजोखा गरी आवश्यक विशेष विद्यालयको प्रबन्ध गरिनेछ ।
- आर्थिक रुपले विपन्न, सुविधाबिहीन तथा कठिन परिस्थितिमा रहेका र अपाङ्गहरुको लागि छात्रवृत्ति कार्यक्रमको विस्तार गरिनेछ ।
- सबै विद्यालयमा विभेदरहित बालमैत्री वातावरण सिर्जना गरिनेछ ।
- विद्यालयमा नियमित रुपले किशोरी शिक्षा तथा मनोसामाजिक परामर्श कक्षा सञ्चालन गरिनेछ ।
- विद्यालय र अभिभावकको सम्बन्ध बिस्तार गरी बालबालिकाको शिक्षा सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।
- विद्यालयका हरेक गतिविधिमा समावेशी सहभागिताको प्रबन्ध मिलाइनेछ ।

### ४.३.६ उपलब्धि, नतिजाहरु, प्रमुख क्रियाकलापहरु तथा लक्ष्यः

यो योजनाको कार्यान्वयन पछि निम्न उपलब्धिहरु हासिल भएका हुनेछन्ः

#### उपलब्धि

- विद्यालय तहको शिक्षामा समतामूलक पहुँच र समावेशी सहभागिताका लागि सबैका लागि गुणस्तरीय शिक्षा निश्चित भएको अवस्था विद्यमान हुनेछ ।
- पाठ्यक्रममा स्थानीय भाषा, सँस्कृति, भूगोल, वातावरण, इतिहास तथा यौन र प्रजनन शिक्षा सम्बन्धी विषयवस्तु समावेस गरी सिकाइलाई जीवनोपयोगी सीपसँग आवद्ध गरिएको हुनेछ ।

- आर्थिक रुपले विपन्न, सुविधाविहिन, कठीन परिस्थितिमा रहेका सबै बालबालिकाहरुले छात्रवृत्ति सुविधा पाएका हुनेछन् ।
- अपाङ्गताको स्वरुप पहिचान गरी आवश्यकता अनुसारको सेवा सुविधा पाइसकेका हुनेछन् ।

## नतिजाहरु

- यस नगरपालिकामा बसोवास गर्ने महिला, दलित, जनजाति, विशेष क्षमता भएका तथा आर्थिक रुपले विपन्न सबै बालबालिकाहरुले शिक्षा प्राप्त गर्ने अवसर पाउनेछन् ।
- विद्यालय बाहिर रहेका विद्यालय उमेरका बालबालिकाहरुको यथार्थ तथ्याङ्क लिई उनीहरुको अवस्था र आवश्यकता पहिचान गरी सबै बालिबालिकालाई शिक्षाको समान अवसर प्राप्त हुनेछ ।
- अभिभावक सचेतना कार्यक्रम मार्फत विद्यालय जाने बालबालिकाहरुका पारिवारिक समस्या अन्त्य भई विद्यालयमा विद्यार्थीको निरन्तर उपस्थिति वृद्धि हुनेछ ।
- विद्यालयमा भेदभावरहित, बालमैत्री, अपाङ्गमैत्री र लैङ्गिकमैत्री शैक्षिक वातावरण कायम हुनेछ ।
- लक्षित समूहको बालबालिकाको सिकाइमा सहभागिता वृद्धि हुन गई शैक्षिक गुणस्तर सुधार हुनेछ ।
- आवश्यकतानुसार किशोरी शिक्षा तथा मनोसामाजिक परामर्श प्रदान गरिएको हुनेछ ।
- लैङ्गिक सम्पर्क व्यक्तिको व्यवस्था गरी लैङ्गिक विभेद कम गरिएको हुनेछ ।

## नतिजा तथा परिमाणात्मक लक्ष्य

| क.सं. | प्रमुख क्रियाकलापहरु | एकाई | भौतिक लक्ष्य (५ वर्ष) | | | | | भौतिक लक्ष्य (१० वर्ष) | जिम्मेवार संस्था |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | नगरपालिकाभित्रको अवस्था र आवश्यकता पहिचान | निरन्तर | १ | १ | १ | १ | १ | ५ | न.पा. तथा विद्यालय |
| २ | विद्यालय बाहिर रहेका बालबालिकाहरुको अवस्था र आवश्यकता पहिचान गरी सहभागिता वृद्धि | निरन्तर | १ | १ | १ | १ | १ | ५ | न.पा. तथा विद्यालय |
| ३ | अभिभावक सचेतना कार्यक्रम | निरन्तर | १ | १ | १ | १ | १ | ५ | न.पा. तथा विद्यालय |
| ४ | विद्यालयमा बालमैत्री, अपाङ्गमैत्री तथा लैङ्गिकमैत्री भौतिक संरचना निर्माण | पटक | २ | २ | २ | २ | २ | १० | नगरपालिका |
| ५ | मनोसामाजिक परामर्श कक्षा सञ्चालन | सवै विद्यालयहरु | १ | १ | १ | १ | १ | ५ | नगरपालिका |
| ६ | वर्गीय आधारमा छात्रवृत्ति वितरण | सवै विद्यालयहरु | १ | १ | १ | १ | १ | ५ | संघ र नगरपालिका |
| ७ | लैङ्गिक सम्पर्क व्यक्तिको क्षमता विकास तालिम | पटक | | १ | १ | १ | १ | ४ | नगरपालिका |

## ४.४ दिवा खाजा स्वास्थ्य सहित पोषण कार्यक्रम

### ४.४.१ परिचय

बालबालिकाको विकास तथा सिकाइसँग उनीहरुको स्वास्थ्य तथा पोषणको प्रत्यक्ष सम्बन्ध हुन्छ । बालबालिकाले पाउने पोषण राम्रो छ र उनीहरुको स्वास्थ्य ठिक छ भने सिकाइ सहभागिता बढी शैक्षिक उपलब्धिमा सुधार गर्न सकिन्छ । विद्यालयमा दिइने दिवा खाजाले विद्यार्थीको भर्ना दर र टिकाउ दर बढ्ने, अनुपस्थित हुने र बिचैमा विद्यालय छाड्ने दर घटाउने गर्दछ । बालबालिकामा हुने विभिन्न प्रकारका रोग तथा कुपोषणलाई घटाइ उनीहरुलाई विद्यालय शिक्षाप्रति आकर्षित गर्न र शैक्षिक क्षतिलाई न्यूनीकरण गर्न दिवा खाजा कार्यक्रमले महत्वपूर्ण भूमिका निर्वाह गरेको छ । यही कुरालाई मध्यनजर गरी नेपाल सरकारले आ.व.२०७७/०७८ देखि सामुदायिक विद्यालयका पूर्व प्राथमिक कक्षादेखि कक्षा ५ सम्मका सबै विद्यार्थीहरुलाई दिवा खाजाको व्यवस्था गरेको छ । चालु पन्ध्रौं योजनामा शिक्षा क्षेत्रका मुख्य रणनीतिक दस्तावेजहरुमा दिवा खाजालाई स्वास्थ्य क्षेत्रसँग गाँसेर प्राथमिकता दिइएको छ । विद्यालय क्षेत्र विकास योजनाले बालबालिकाहरुको स्वास्थ्य तथा पोषण स्थितिमा सुधार ल्याई उनीहरुलाई विद्यालयमा टिकाउने र अपेक्षित शैक्षिक उपलब्धि हासिल गर्न दिवा खाजाले महत्वपूर्ण योगदान दिएको छ भन्ने कुरा उल्लेख गरेको छ ।

### ४.४.२ वर्तमान अवस्था

विद्यालय दिवा खाजा कार्यक्रम लागू भएपछि यस देउमाई नगरपालिकामा सञ्चालित ५० वटा सामुदायिक विद्यालयका पूर्व प्राथमिक कक्षादेखि ५ कक्षासम्मका बालबालिकाहरुलाई विद्यालयमार्फत दिवा खाजा खुवाउने कार्यक्रम शुरु भएको थियो । यस कार्यक्रमले बालविकास कक्षामा बालबालिकाको उल्लेखनीय सहभागिता बढ्न गएको छ । यसबाट विद्यार्थीहरुलाई कक्षामा नियमित उपस्थित गराउन अभिभावकहरुको सक्रिय सहभागिता रहेको छ । यसलाई मध्यनजर गरी यस नगरपालिकाले विद्यालय दिवा खाजा सम्बन्धी कार्यविधि निर्माण गरी स्थानीय स्तरमा उपलब्ध हुने ताजा तथा पौष्टिक खानेकुरालाई प्रयोगमा ल्याउन प्रयास गरिएको छ ।

आधारभूत तह कक्षा ६–८ तथा माध्यमिक तह कक्षा ९ –१२ का किशोरीहरुका लागि फोलिक एसिड तथा आइरन चक्की वितरण गर्ने गरिएको छ । नगरपालिका भित्रका सबै सामुदायिक तथा संस्थागत विद्यालयका किशोरीहरुका लागि सेनिटरी प्याड निःशुल्क वितरण गर्ने गरिएको छ ।

यस नगरपालिकाभित्र सञ्चालित ५० वटा सामुदायिक विद्यालयहरु मध्ये ७ वटा माध्यमिक विद्यालयहरुमा प्रयोग भइसकेका सेनिटरी प्याड व्यवस्थापन गर्ने ठाउँ सहितका महिला शौचालय रहेका छन् ।

### ४.४.३ चुनौतिहरु

दिवा खाजा सहित स्वास्थ्य तथा पोषण कार्यक्रममा निम्नलिखित चुनौतीहरु पहिचान गरिएको छ ।

- ताजा र स्वस्थकर खाजा व्यवस्थापन ।
- यस कार्यक्रमको दिगो र प्रभावकारी व्यवस्थापन ।
- सबै विद्यालयहरुमा स्वास्थ्यकर्मीको व्यवस्थापन ।

- सबै विद्यालयमा शुद्ध र पर्याप्त पिउने पानीको व्यवस्थापन।
- विद्यालय दिवाखाजा कार्यक्रमलाई स्थानीय उत्पादन र प्रयोगमा नियमितता।
- कार्यक्रम प्रभावकारिताको अनुगमन।
- सबै विद्यालयमा प्राथमिक उपचार किटको व्यवस्थापन।
- दिवाखाजा स्वास्थ्य तथा पोषण र सरसफाइ स्वच्छताका लागि पर्याप्त वित्तीय प्रबन्ध।

### ४.४.४ उद्देश्यहरु

- प्रत्येक विद्यालयका बालबालिकाहरुलाई स्वस्थकर तथा पौष्टिक खानाको सुनिश्चितता गर्नु।
- स्वास्थ्य पोषण र सरसफाइ तथा स्वच्छता सम्बन्धी सेवाको गुणस्तर वृद्धि गरी बालबालिकाको उपस्थिति दर वृद्धि गरी पोषण स्वास्थ्य र सिकाइ उपलब्धि वृद्धि गर्नु।
- अभिभावक तथा सरोकारवालाहरुको समन्वय तथा सहभागिता वृद्धि गरी माध्यमिक तह सम्मका विद्यार्थीको लागि दिवा खाजाको व्यवस्थापन गर्नु।

### ४.४.५ रणनीतिहरु

माथि उल्लेखित योजनाका उद्देश्यहरु पूरा गर्न निम्नलिखित रणनीतिहरु अवलम्बन गरिनेछ।

- दिवाखाजाका लागि विद्यालयमा आवश्यक पर्ने विभिन्न सुविधाहरु विस्तार गर्ने।
- बालबालिकाका लागि विद्यालयमै स्थानीय स्तरमा कृषि उत्पादनमा आधारित ताजा र पोषिलो खाना तयार गरी वितरण गर्न प्राथमिकता दिने।
- बालबालिकाहरुलाई जङ्क फुड (पत्रु खाना) ले हाम्रो स्वास्थ्यमा पार्ने नकारात्मक प्रभावबारे सैद्धान्तिक ज्ञान दिई व्यवहार परिवर्तन गराउने।
- सबै विद्यालयमा सरसफाइ तथा स्वच्छताका लागि साबुन, पर्याप्त पानी, सफाइ सामग्री उपलब्ध गराई छात्र र छात्राका लागि छुट्टाछुट्टै शौचालय र सफा कक्षाकोठाको व्यवस्थापनमा विद्यार्थी सहभागिता बढाउने।
- प्रत्येक विद्यालयमा प्राथमिक उपचार किटको व्यवस्थापन गर्ने।
- विभिन्न समयमा आमा भेला आयोजना गरी विद्यार्थीको स्वास्थ्य र पोषणयुक्त खानेकुराको सम्बन्धमा सचेतना कार्यक्रम गर्ने।
- स्थानीय उत्पादनमा आधारित चक्रीय पोषणयुक्त दिवा खाजाको व्यवस्था गर्ने।
- दिवा खाजा, स्वास्थ्य, पोषण तथा सरसफाइ र स्वच्छता सम्बन्धी कार्यक्रमको अनुगमन, मूल्याङ्कन र पुनरावलोकन गरी थप प्रभावकारी बनाउने।
- यस कार्यक्रमलाई विस्तार गर्दै आधारभूत तहसम्मका सबै विद्यार्थीलाई विद्यालयमा खाजा उपलब्ध गराउने र अभिभावकको सहभागितामा माध्यमिक तहसम्मका विद्यार्थीको लागि खाजाको प्रबन्ध गर्ने।

### ४.४.६ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धिहरु:**

योजनाको कार्यान्वयन पछि निम्न उपलब्धिहरु हासिल भएका हुनेछन्

- विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार हुने । यस सम्बन्धमा व्यवहारगत परिवर्तन भई सिकाइ प्रक्रियामा सुधार हुनेछ ।

**प्रमुख नतिजाहरु**

- विद्यालय स्वास्थ्य तथा पोषण रणनीति अध्यावधिक र परिमार्जित भएको हुनेछ ।
- सबै माध्यमिक विद्यालयमा एक स्वास्थ्यकर्मी परिचालित भएको हुनेछ ।
- सबै विद्यालयलाई प्राथमिक उपचार बाकस प्रदान गरिनेछ र प्रयोगका सम्बन्धमा Focal Person लाई आवश्यक तालिम दिइएको हुनेछ ।
- प्रत्येक विद्यालयमा सरसफाइ सम्बन्धी आवश्यक पूर्वाधार विकास भएको हुनेछ ।
- स्थानीय स्तरमा उत्पादित कृषि उपजलाई दिवा खाजाको रुपमा प्रयोग गरिएको हुनेछ ।
- वार्षिक रुपमा विद्यार्थीको सामान्य स्वास्थ्य परीक्षण गराइएको हुनेछ ।
- स्थानीय पाठ्यक्रममा स्वास्थ्य र यौन शिक्षा प्रदान गरिनेछ ।
- दिवा खाजाका लागि गुणस्तरीयता कायम गर्न आवश्यक पर्ने कार्यविधि निर्माण भएको हुनेछ ।
- दिवा खाजा सहितको विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम कार्यन्वयन गर्नकालागि व्यवस्थापन समिति, स्थानीय जनप्रतिनिधिहरु र अभिभावकहरुको सहभागिता भएको संस्थागत प्रवन्ध हुनेछ ।
- संस्थागत विद्यालयहरुमा पनि अभिभावकहरुद्वारा अनिवार्य दिवा खाजाको प्रवन्ध भएको हुनेछ ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | भौतिक लक्ष्य (१० वर्ष) | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | खानेपानी, शौचालय र प्राथमिक स्वास्थ्य सेवाको पहुँच पुगेका विद्यालय संख्या | विद्यालय | १० | २ | २ | २ | २ | ५० | संघ, प्रदेश र स्थानीय सरकार |
| २ | विद्यालयमा विद्यार्थी संख्याको अनुपातमा पर्याप्त पानी, साबुन तथा सफाइ सामग्री सहित छात्र र छात्राका लागि छुट्टाछुट्टै शौचालय भएका विद्यालय संख्या | विद्यालय | २५ | ५ | ५ | ५ | १० | ५० | |
| ३ | आवधिक स्वास्थ्य जाँच, जुकाको औषधि, भिटामीन ए, फोलिक एसिड र आइरन चक्की वितरण | विद्यालय | ५० | ५० | ५० | ५० | ५० | ५० | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | गर्ने विद्यालय संख्या | | | | | | | | |
| ४ | स्थानीय पाठ्यक्रममा यौन तथा स्वास्थ्य शिक्षा | विद्यालय | ५० | ५० | ५० | ५० | ५० | ५० | स्वास्थ्य सरकार |
| ५ | स्थानीय उत्पादनमा चक्रीय पोषणयुक्त दिवाखाजा | विद्यालय | १० | ५ | ५ | ५ | १० | निरन्तर | शचिवालय |
| ६ | विद्यालयमा सरसफाइ सम्बन्धी आवश्यक पूर्ण पूर्वाधार विकास | विद्यालय | ७ | ५ | ८ | १० | २० | ५० | स्थानीय सरकार + विद्यालय |
| ७ | एक माध्यमिक विद्यालय एक स्वास्थ्यकर्मी | | ५ | ५ | ५ | ५ | २७ | ५+५+५+५+७ | स्थानीय सरकार |
| ८ | अभिभावक आमा समूह दिवा खाजा तथा सचेतना कार्यक्रम | | १ | १ | १ | १ | २ | १+१+१+१+१ | विद्यालय |
| ९ | कक्षा ६ देखि १२ सम्मका छात्राहरुलाई सेनेटरी प्याड वितरण | २० | १ | १ | १ | १ | ५ | १+१+१+१ | |
| १० | विद्यालयलाई प्राथमिक उपचार किट प्रदान | २४ | ५ | ५ | ५ | ५ | ४४ | ४ | स्वास्थ्य सरकार, स्वास्थ्य संस्था |

## ४.५ छात्रवृत्ति

### ४.५.१ परिचय

नेपाल भौगोलिक, जातीय, वर्गीय, धार्मिक, सांस्कृतिक, भाषिक विविधता भएको देश हो। यो विविधताले सबै बालबालिकाको विद्यालय शिक्षामा समान पहुँच र हैसियत छैन। विद्यालय शिक्षामा सबै बालबालिकाको समान पहुँच र सहभागिता बनाउने अवसर प्रदान गर्नु यस नगरपालिकाको प्रमुख चुनौती रहेको छ। लैङ्गिक विभेद, अपाङ्गता, गरिवी, भौगोलिक बिकटता आदिका कारण थौरै बालबालिका विद्यालय शिक्षाको पहुँचबाट टाढा रहेका छन्। यसबाट यहाँको समग्र शिक्षा प्रणालीमा केही क्षति पुगेको छ। यस क्षतिलाई न्यूनीकरण गर्न उत्प्रेरणामूलक कार्यको रुपमा छात्रवृत्ति प्रदान गरिएको हो। यस कार्यक्रमले विद्यालयमा विद्यार्थीको सहभागिता वृद्धि हुने, सिकाइमा निरन्तरता हुने तथा विद्यालय बाहिर रहेका विद्यालय उमेरका बालबालिकाहरुलाई विद्यालय शिक्षामा समावेश गराउन सहयोग पुगेको छ। यसले लक्षित समूहका गरीब, सुबिधाविहीन, अपाङ्गता तथा विषम परिस्थितिमा रहेका बालबालिकाहरुलाई विद्यालय पठाउन र टिकाउन मद्दत गर्दछ।

छात्रवृत्ति कार्यक्रमले न्यून आय भएका परिवार, सुबिधाविहीन तथा कठिन अवस्थामा रहेका बालबालिकाको शिक्षा प्राप्त गर्न पाउने नैसर्गिक अधिकारलाई सुनिश्चित गर्न सहयोग पुर्याउँछ। यसबाट विद्यार्थीलाई विद्यालय पोषाक, स्टेशनरी लगायतका सामग्री जुटाउन सहज भई विद्यालयमा हुने विद्यार्थीको अनुपस्थिति दर, विद्यालय बिचैमा छाड्ने दरलाई घटाउन सहयोग गर्दछ। यसले समाजका सबै वर्ग र समुदायका लागि प्रदान गरिने शिक्षालाई समावेशी तथा समतामूलक बनाउँछ।

### वर्तमान अवस्था

हाल नेपाल सरकारले सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहका लागि विभिन्न किसिमका छात्रवृत्तिहरु प्रदान गर्दै आएको छ । जसमा कक्षा १ देखि ५ मा अध्ययनरत सबै दलित छात्र छात्रा र सबै छात्राहरु पर्दछन । कक्षा ६ देखि १० सम्म अध्ययन गर्ने अति विपन्न र जेहेन्दार विद्यार्थीहरुका लागि विपन्न लक्षित छात्रवृत्ति, द्वन्दपिडित छात्रवृत्ति, विदेशमा मृत्युहुने मानिसका सन्ततिहरुलाई दिइने छात्रवृत्ति आदि छन् । देउमाई नगरपालिकाले बालबालिकाहरुको प्राविधिक तथा व्यावसायिक सीप विकास गर्ने उद्धेश्यले प्राविधिक धारमा कक्षा ९ देखि १२ सम्म अध्ययनरत विद्यार्थीहरुको लागि जनही रु २५००० का दरले ३६ जना विद्यार्थीहरुलाई जाम्मा रु ९ लाख बराबर छात्रबृत्ति प्रदान गर्दै आएको छ । यसरी विद्यार्थीहरुलाई  छात्रवृत्ति मार्फत गरिदै आएको प्रोत्साहनको दायरा आगामी दिनहरुमा आवश्यकताको आधारमा थप गर्दै लगिने छ ।

## ४.५.२  अवसर र चुनौतीहरु

### चुनौतीहरुः

- लक्षित बर्गको पहिचान गर्न
- आर्थिक स्रोत जुटाउन
- सबै लक्षित बर्गलाई समावेस गर्न
- छात्रवृत्ति रकमको सही सदुपयोग गर्न

### अवसरहरुः

- छात्रवृत्ति वितरण गर्न ।
- पहिचान गरिएका लक्षित वर्गको शैक्षिक उत्थानमा सहयोग गर्न ।
- स्थानीय क्षेत्रको विकासमा सहभागी हुन ।
- सामाजिक रुपान्तरणमा सहकार्य गर्न ।

## ४.५.३  उद्देश्य

- विद्यालय शिक्षालाई समतामूलक र समावेशी बनाउने ।
- वास्तविक लक्षित वर्ग पहिचान गरी छात्रवृत्तिको माध्यमबाट बालबालिकाहरुको सिकाइमा सहभागिता बढाउने ।
- सबै बालबालिकाका लागि सिकाइ सुनिश्चित गरी सिकाइ गुणस्तर वृद्धि गर्ने ।

### ४.५.४ रणनीतिहरु

- नेपाल सरकारबाट प्राप्त छात्रवृत्तिलाई लक्षित वर्गसम्म प्रभावकारी रुपमा पुर्याउने ।
- लक्षित वर्गको पहिचानका लागि घरधुरी सर्वेक्षण गरी डाटावेस तयार गर्ने ।
- विद्यालय र विद्यालय व्यवस्थापन समितिको सहभागितामा छात्रवृत्ति व्यवस्थापन समिति गठन गर्ने ।
- छात्रवृत्तिलाई डाटावेसका आधारमा वास्तविक लक्षित वर्ग सम्म पुर्याउने ।
- नेपाल सरकारको छात्रवृत्तिसहितको सामुदायिक आवासीय विद्यालय बनाउने योजनामा सहयोगी भूमिका निर्वाह गर्ने ।
- छात्रवृत्ति रकमको सदुपयोग गर्नेतर्पफ अभिभावकसँग अन्तरक्रिया गरी सचेत गराउने

### ४.५.५ उपलब्धि, नतिजा, मुख्य क्रियाकलाप तथा लक्ष्य

**उपलब्धिः**

विद्यालय तहको शिक्षामा आर्थिक अभावका कारण कुनै पनि बालबालिका शिक्षाको अवसरबाट बञ्चित हुने छैनन् । साथै छात्रवृत्तिको माध्यमबाट लक्षित वर्गले पर्याप्त शैक्षिक अवसरहरु प्राप्त गरेका हुनेछन् ।

**नतिजाः**

- लक्षित वर्ग पहिचान गरी एकीकृत छात्रवृत्ति प्रणालीको विकास र कार्यान्वयन भएको हुनेछ ।
- उद्देश्य र आवश्यकतामा आधारित भएर पारदर्शी रुपमा छात्रवृत्ति वितरण भएको हुनेछ ।
- विद्यालयमा लक्षित वर्गका बालबालिका भर्ना हुने, टिक्ने दर बढ्ने र सिकाइमा सुधार भएको हुनेछ ।
- छात्रवृत्ति सहितको सामुदायिक आवासीय विद्यालयको अवधारणा पुराहुँदै गएको हुनेछ ।

**प्रमुख क्रियाकलापहरु तथा लक्ष्यः**

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५वर्ष) | भौतिक लक्ष्य (१०वर्ष) | कैफियत |
|---|---|---|---|---|---|
| १ | छात्रवृत्ति छनौट र वितरण कार्यविधि निर्माण | पटक | १ | १ | |
| २ | विद्यालयमा छात्रवृत्ति व्यवस्थापन समिति गठन | पटक | ५ | १० | |
| ३ | अनुगमन तथा मूल्याङ्कन | पटक | ५ | १० | |

## ४.६ आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षा

### ४.६.१ परिचय

आपतकालीन तथा संकटपूर्ण अवस्था भन्नाले प्राकृतिक वा मानवीय कारणले सिर्जना भएको असहज र असामान्य अवस्था हो । यस्तो अवस्थामा मानवीय जनजीवन र क्रियाकलाप अस्तव्यस्त हुन्छन् । यसबेला जनधनको क्षति हुने, दैनिक रुपमा भइरहेका कार्यहरु अवरुद्ध हुने हुन्छ । यस्तो अवस्थामा पनि राष्ट्रिय-अन्तर्राष्ट्रिय प्रतिबद्धता, सन्धि सम्झौता, कानुन तथा संविधान अनुरुप बालबालिकाको पढ्न र सिक्न पाउने अधिकारलाई सुनिश्चित गर्नु नै परिस्थितिजन्य शिक्षा हो । यस्ता सम्भावित जोखिमबाट हुने क्षति न्यूनीकरण गर्न आपतकालीन तथा संकटपूर्ण अवस्थाको शिक्षा मार्फत त्यस्ता संकटहरुमा पूर्ण सचेतता अपनाउन जोखिम व्यवस्थापन तालिम तथा पूर्व सचेतना शिक्षा आवश्यक छ ।

आपतकालीन तथा संकटपूर्ण अवस्थालाई निम्नानुसार वर्गीकरण गर्न सकिन्छ

**क) प्राकृतिक रुपमा सिर्जित संकटः** बाढी, पहिरो, भूकम्प, आँधीबेहरी, खडेरी, मनसुनजन्य विपतहरु, चट्याङ आदि ।

**ख) मानव सिर्जित संकटः** लडाईँ, झगडा, शोषण, दूराचार, आगलागी, विभिन्न सङ्क्रामक रोगहरु आदि ।

माथि उल्लेखित जुनसुकै विपत भएपनि त्यसले जनजीवनलाई प्रभावित पार्दछ र विद्यालय उमेरका बालबालिकाहरुको सिकाइ क्रियाकलापमा बाधा पुग्दछ । यस्तो अवस्थामा बालबालिकाहरुलाई सम्भावित संकटबाट संरक्षण गर्ने, विशेष व्यवस्थाका माध्यमबाट सिकाइ प्रक्रियालाई निरन्तरता दिने र सम्भावित जोखिमबाट बालबालिकालाई सुरक्षित रहन सचेतता अपनाउने सम्मका शिक्षा प्रदान गर्न यस नगरपालिकामा १० वर्षे योजना नीति र कार्यक्रम तयार गरिएको छ ।

### ४.६.२ वर्तमान अवस्थाः

सन् १९५९ मा संयुक्त राष्ट्र संघको महासभाले बालबालिकाले शिक्षा पाउनु उनीहरुको नैसर्गीक अधिकारको रुपमा अवधारणा अघि सार्यो । सन् १९९० मा बालअधिकार सम्बन्धी विश्व शिखर सम्मेलनको घोषणापत्रमा संवैधानिक अधिकार, बाल संरक्षण, बाल स्वास्थ्य र आधारभूत शिक्षा, सन्तुलित आहार जस्ता बालअधिकारको व्यवस्था गर्यो । त्यस्तै नेपालको संविधान २०७२ ले प्रत्येक नागरिकलाई आधारभूत शिक्षा अनिवार्य र निःशुल्क, विशेष शिक्षाको व्यवस्था र मातृभाषामा शिक्षा प्राप्त गर्न पाउने मौलिक हक राखिएको छ । स्थानीय विपद जोखिम व्यवस्थापन योजना तर्जुमा निर्देशिका २०६८ ले प्रकोपबाट हुने क्षति न्यूनीकरण गर्दै शिक्षक विद्यार्थीलाई संरक्षण गरी विपदको समयमा पनि सिकाइलाई निरन्तरता दिने वैकल्पिक व्यवस्था गर्नुपर्ने उल्लेख गरेको छ । हाल विद्यालय तथा समुदायमा आइपरेका कतिपय विपदको समयमा विभिन्न सामाजिक संघ संस्था र विद्यालयमा क्रियाशील बाल क्लब, जु.रे.स. आदि संस्थाहरु परिचालन गरी वातावरण सहजीकरण गरी सिकाइ क्रियाकलाप अघि बढाउन प्रयास गरिएको छ । यस देउमाई नगरपालिकाले कोभिड – १९ जस्तो महामारीको समयमा

विद्यार्थीहरुको शैक्षिक क्षतिलाई न्यूनीकरण गर्न अनलाइन कक्षा, टोल कक्षा सञ्चालन गरी सिकाइ निरन्तरता दिने प्रयत्न गरियो भने सिकाइका अन्य शैक्षिक सन्दर्भ सामग्रीहरु छपाइ गरी प्रत्येक विद्यर्थीलाई पढ्ने अवसर सिर्जना गरियो।

### ४.६.३ अवसर तथा चुनौतीहरु

### चुनौतीहरु

- विपदसँग सम्बन्धित कानुनी, नीतिगत र गुरुयोजना।
- जोखिम मूल्याङ्कन गर्न विज्ञ समूह र प्रविधि।
- जोखिम न्यूनीकरण र व्यवस्थापनको लागि स्रोत साधन।
- विपद जोखिम न्यूनीकरण व्यवस्थापनमा सम्बन्धित निकायको प्रभावकारी समन्वय।
- विपदको समयमा शिक्षण गर्न वैकल्पिक साधन।
- विपद सुरक्षित स्थान वा सुरक्षित भौतिक पूर्वाधार।
- विपदको समयमा प्रभावकारी स्वास्थ्य सेवा ।
- विपदको समयमा तत्काल उद्धार गर्न आधुनिक उपकरण।

**अवसरहरुः**

- शैक्षिक क्षति न्यूनीकरणमा सहभागिता।
- समाजमा हुन सक्ने जोखिम न्यूनीकरण योजाना निर्माण र कार्यान्वयन।
- स्थानीय सरकारको अभिभावक र विद्यार्थीसँग प्रत्यक्ष साझेदारी।
- स्रोत र साधनको समुचित प्रयोग।

### ४.६.४ उद्देश्यः

- विभिन्न किसिमका विपद तथा विषम अवस्थामा पनि वैकल्पिक विधि प्रयोग गरी बालबालिकाहरुको पढ्न पाउने अधिकार सुनिश्चित गर्नु।
- सम्भावित विपदको पूर्व सावधानी तथा सचेतता अपनाउने।
- सम्भावित प्रकोपको क्षेत्र पहिचान र जोखिम मूल्याङ्कन गर्ने।

### ४.६.५ रणनीतिहरुः

- सम्भावित जोखिमको पूर्व सचेतना, पूर्वतयारी व्यवस्थापन सम्बन्धी पाठ्यक्रम तयार गरी तालिम गोष्ठीमार्फत जानकारी गराउने ।
- विपदको समयमा शिक्षण सिकाइलाई निरन्तरता दिन सरोकारवाला सबैलाई सचेत गराइ बैकल्पिक सिकाइ सामग्रीहरु छपाइ गरी प्रयोग गर्ने ।
- विपद समयमा पठनपाठन गर्न स्थानीय सरकार, वि.व्य.स., शि.अ.सं., अभिभावक र विद्यार्थीहरुको सहभागितामा वैकल्पिक योजना तयार पार्ने ।
- विपदको समयमा शिक्षण निरन्तर गर्न पूर्वतयारी, व्यवस्थापन, प्रतिकार्य र पुनःस्थापना सम्बन्धी आवश्यक नीति र कार्यविधि तयार गर्ने ।
- सम्भावित प्रकोप तथा विपदबाट बच्ने उपायहरु जानकारी गराउने ।
- विद्यालयले विपदको अवस्थामा पनि शिक्षण सिकाइलाई निरन्तरता दिन प्रभावकारी योजना निर्माण गर्ने ।
- विपदबाट हुनसक्ने क्षति कम गर्न सम्बन्धित निकायसँग समन्वय गर्ने ।
- आपतकालीन अवस्थामा प्रयोग हुने सामग्रीको सञ्चय, वितरण र उद्धार समूह तयारी अवस्थामा राख्ने ।
- विपदबाट बच्न सकिने सुरक्षित स्थान तथा भौतिक पूर्वाधार निर्माण गर्ने ।

### ४.६.६ प्रमुख उपलब्धि तथा नतिजाः

**उपलब्धिः**

जस्तोसुकै विपद्को समयमा पनि बालबालिकाहरुको रक्षा गर्दै निरन्तर सिकाइको माध्यमबाट पढ्न पाउने अधिकार सुनिश्चित हुनेछ ।

**नतिजाः**

- स्थानीय पालिका र विद्यालय स्तरमा आपतकालीन अवस्थाको पूर्व तयारी र व्यवस्थापन गर्न कानुनी, नीतिगत र वृहत्तर योजना तयार भएको हुनेछ ।
- सम्भावित जोखिम क्षेत्रको पहिचान भएको हुनेछ ।
- उद्धार समूह र आवश्यक सामग्रीको व्यवस्था भएको हुनेछ ।
- जोखिमपूर्ण परिस्थितिमा पनि वैकल्पिक विधिबाट सिकाइ निरन्तर चलेको हुनेछ ।
- विपदलाई स्वाभाविक परिस्थिति सरह मानी भयरहित वातावरणमा सिकाइ निरन्तर रहनेछ ।

**क्रियाकलाप तथा लक्ष्य**

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|
| १ | जोखिम सम्भावित क्षेत्र पहिचान र मूल्याङ्कन | पटक | १ | १ | |
| २ | आपतकालीन अवस्थामा निरन्तर सिकाइ गर्न विद्यालयको योजना निर्माण | पटक | १ | १ | |
| ३ | विपदको सामना गर्न आवश्यक सामग्री तयारी | पटक | ५ | १० | |
| ४ | विपद पूर्वतयारी, प्रतिकार्य, पुर्नस्थापना तथा उत्थानका लागि सचेतना कार्यक्रम | पटक | ५ | १० | |
| ५ | विपद प्रतिरोधी विद्यालय संख्या | विद्यालय | २० | ५० | |
| ६ | विपद सम्बन्धी शिक्षक र वि.व्य.स. तालिम | पटक | ५ | १० | |
| ७ | स्थानीय तह र विद्यालयको क्षमता विकास | पटक | ५ | १० | |

## ४.७ विद्यालय भौतिक पूर्वाधार विकास

### ४.७.१ परिचयः

विद्यालय भौतिक पूर्वाधार विकासले विद्यालयमा निर्मित भौतिक संरचनालाई बुझाउँदछ। यिनीहरु जोखिमरहित, सुबिधा सम्पन्न हुनुका साथै बालमैत्री, लैङ्गिकमैत्री र अपाङ्गमैत्री हुन आवश्यक छ। राष्ट्रिय भवन संहिता २०६० र वस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मार्ग निर्देशन २०६२ ले प्राविधिक नक्साङ्कन स्ट्रक्चरल डिजाइन अनिवार्य रुपमा सिभिल इन्जिनियरबाट प्रमाणित गराउने र जोखिमयुक्त भवन, पर्खाल आदि भत्काउने मापदण्ड निर्धारण गरेको छ। विद्यालयका लागि शिक्षा नियमावली २०४९ को नियम ४ सँग सम्बन्धित अनुसूची ३ मा कक्षाकोठाहरु ९ फिट उचाइको हुनुपर्ने, घामपानीबाट बचाउ हुने किसिमको पूर्व प्राथमिक कक्षा प्रति विद्यार्थी ०.७५ वर्गमिटर, आधारभूत र माध्यमिक तहमा १ वर्गमिटर क्षेत्रफल भएको कक्षाकोठा हावा र प्रकाश आउने किसिमको र विद्यालयको हाताभित्र घेराबारा भएको हुनुपर्ने व्यवस्था गरेको छ। राष्ट्रिय शिक्षा नीति २०७६ ले भौतिक पूर्वाधार, पाठ्यसामग्रीलाई बालमैत्री, अपाङ्गमैत्री र लैङ्गिकमैत्री बनाउने, बालबालिकाहरुको स्याहार केन्द्र लगायतको संरचना जोखिमरहित, सुविधासम्पन्न सहितको आधुनिक बनाउने उद्देश्यले गुरुयोजना तर्जुमा गर्ने नीतिगत व्यवस्था गरेको छ। स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा भौतिक पूर्वाधार निर्माणको मापदण्ड र मूल्याङ्कन नियमन गर्ने प्रावधान राखिएको छ।

### ४.७.२ वर्तमान अवस्था:

### १. हाल यस नगरपालिकामा रहेका विद्यालयहरुको विवरण यस प्रकार रहेको छ ।

| सामुदायिक | उ.मा.वि. | मा.वि. | नि.मा.वि. | प्रा.वि. | बालबिकास केन्द्र |
|---|---|---|---|---|---|
| संख्या | ०६ | ०१ | २० | २४ | ८२ |
| संस्थागत | उ.मा.वि. | मा.वि. | नि.मा.वि. | प्रा.वि. | बालबिकास केन्द्र |
| | ० | ०४ | ०५ | ०५ | १४ |
| सामुदायिक | - | - | - | - | सामुदायिक सिकाइ केन्द्र |
| | - | - | - | - | ४ |

### २. विद्यार्थी संख्या विवरण (२०८१)

| छात्र | छात्रा | अपाङ्ग विद्यार्थी संख्या | जम्मा विद्यार्थी संख्या |
|---|---|---|---|
| २४५८ | २४४५ | १३ | ४९०३ |

### ३. विद्यालयको भौतिक पक्षसँग सम्बन्धित विवरण (मौजुदा स्थिति)

| क्र.स. | विवरण | संख्या |
|---|---|---|
| १ | प्रयोगमा रहेका पक्की भवन | ७९ |
| २ | प्रयोगमा रहेका कच्ची भवन | १२८ |
| ३ | अस्थायी टहरा | ० |
| ४ | प्रयोगमा रहेका शौचालय | १२३ |
| ५ | छात्रा शौचालय | ४९ |
| ६ | शुद्ध पिउने पानीको व्यवस्था भएका विद्यालय | २८ |
| ७ | घेराबारासहितका विद्यालय | ९ |
| ८ | प्राथमिक उपचार र उपचारक सहितका विद्यालय | २४ |
| ९ | विद्यालय हातामा क्यान्टीन सञ्चालन भएका विद्यालय | ७ |
| १० | सामाजिक तथा सांस्कृतिक पक्षसँग सम्बन्धित सामग्री भएका विद्यालय | १३ |
| ११ | आवास सुबिधा भएका विद्यालय | ३ |

| | | |
|---|---|---|
| १२ | प्राविधिक शिक्षा चलेका विद्यालय | २ |
| १३ | विज्ञान प्रयोगशाला भएका विद्यालय | १० |

## ४. विद्यालयको व्यवस्थापन सुशासन सम्बन्धी विवरण

| क.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | वि.व्य.स. गठन भएको विद्यालय | ४८ | १०० |
| २ | शि.अ.सं. गठन भएको विद्यालय | ४८ | १०० |
| ३ | बालक्लब गठन भएको विद्यालय | १६ | ३३ |
| ४ | विषयगत समिति निर्माण गरी क्रियाकलाप सञ्चालन गर्ने विद्यालय | २६ | ५४ |
| ५ | लैङ्गिक सम्पर्क व्यक्ति भएका विद्यालय | - | ० |
| ६ | विद्यालय सुधार योजना निर्माण गरेका विद्यालय | ४८ | १०० |
| ७ | सामाजिक लेखा परीक्षण गरिएका विद्यालय | ४८ | १०० |
| ८ | गत आ.व. लेखापरीक्षण गरिएका विद्यालय | ४८ | १०० |

## ४.७.३ अवसर र चुनौतीहरु

### चुनौतीहरुः

विद्यालय पूर्वाधार विकाससँग सम्बन्धित निम्नलिखित चुनौतीहरु रहेका छन्ः

- जोखिमरहित सुबिधा सम्पन्न भौतिक पूर्वाधार विकासमा मापदण्ड र गुरुयोजना।
- पूर्वाधार विकास र विस्तारमा पारदर्शिता, जवाफदेहिता तथा गुणस्तरीयता।
- बालमैत्री, अपाङ्गमैत्री तथा लैङ्गिकमैत्री पूर्वाधार।
- पर्याप्त स्रोत।
- निरन्तर अनुगमन, नियन्त्रण र मूल्याङ्कन।

### अवसरहरुः

- पूर्वाधार गुरुयोजना निर्माण र कार्यान्वयन।

- आवश्यक कानुन बनाइ पारदर्शिता, जवाफदेहिता तथा गुणस्तरीयता कायम।
- आवश्यकता अनुसारका अत्याधुनिक भौतिक संरचना निर्माण।
- स्रोत साधनको समुचित व्यवस्थापन र प्रयोग।
- सुशासन कायम गर्न आवश्यक अनुगमन र निरीक्षण।

### ४.७.४ उद्देश्यः

- पूर्वाधार विकासमा नीतिगत व्यवस्था अनुसारको जोखिमरहित सुरक्षित मापदण्ड अनुसारका संरचना निर्माण गर्ने।
- शिक्षण सिकाइ क्रियाकलापमा गुणस्तरीयता वृद्धि हुने गरी बालमैत्री, अपाङ्गमैत्री र लैङ्गिकमैत्री आधुनिक भौतिक सुबिधा सम्पन्न पूर्वाधार तयार गर्ने।
- भयमुक्त वातावरणमा सिकाइ सुनिश्चितता कायम गर्ने।

### ४.७.५ रणनीतिहरुः

- पूर्वाधार विकासका लागि गुरुयोजना र मापदण्ड तयार गरी कार्यान्वयन गर्ने।
- एक विद्यालयमा पूर्वाधार विकासको कार्य एकै पटक गर्ने गरी पूर्ण विद्यालय निर्माणको अवधारणा कार्यान्वयन गर्ने।
- पूर्वाधार विकासका लागि संघ, प्रदेश र स्थानीय सरकारको लागत साझेदारीमा स्रोत व्यवस्थापन गरी सरोकारवालाको सहभागितामा निर्माण गर्ने।
- भौतिक पूर्वाधारमा रहेका जोखिमयुक्त कुराहरुलाई हटाउने वा मर्मत गर्ने।
- विद्यालयको भौतिक पक्ष सुधार गर्न पारदर्शी एवम् जवाफदेही क्रियाकलाप अघि बढाउने।
- सुरक्षित मापदण्ड अनुसारका संरचना अनुसार स्मार्ट कक्षाकोठा निर्माण गर्ने।
- नयाँ संरचनालाई अनिवार्य रुपमा बालमैत्री, अपाङ्गमैत्री र लैङ्गिकमैत्री बनाउने।
- रमाएर सिक्ने उद्देश्य पूरा गर्न प्रत्येक विद्यालयमा एउटा बालउद्यान निर्माण गर्ने।
- प्रत्येक विद्यालयमा प्राथमिक उपचार कक्ष र मनोसामाजिक परामर्श कक्ष स्थापना गर्ने।

### ४.७.६. उपलब्धि, नतिजा तथा प्रमुख क्रियाकलापहरुः

**उपलब्धिः**

यो योजनाको कार्यान्वयन पछि निम्न उपलब्धिहरु हासिल भएका हुनेछन्।

- जोखिमरहित, सुरक्षित र न्यूनतम सुबिधा सम्पन्न भौतिक पूर्वाधार निर्माण गरी भयरहित वातावरणमा प्रभावकारी सिकाइ क्रियाकलापको वातावरण तयार भएको हुनेछ ।

**नतिजाः**

- सबै विद्यालयमा आवश्यक सुरक्षित भौतिक पूर्वाधार तयार भएको हुनेछ ।
- सुरक्षित, सुबिधायुक्त भौतिक पूर्वाधार निर्माणका लागि १० वर्षे गुरुयोजना र मापदण्ड तयार भएको हुनेछ ।
- विद्यालयमा बालमैत्री, लैङ्गिकमैत्री तथा अपाङ्गमैत्री भौतिक पूर्वाधार विकास भएको हुनेछ ।
- सबै विद्यालयमा विज्ञान, गणित प्रयोगशाला, पुस्तकालय, प्राथमिक उपचार कक्ष, कम्प्युटर ल्याब, मनोसामाजिक परामर्श कक्ष, चमेनागृह, बालउद्यान र स्वच्छ खानेपानीको व्यवस्था भएको हुनेछ ।
- विद्यालय भौतिक पूर्वाधार विकास गर्ने स्रोत व्यवस्थापनका लागि सम्बन्धित निकाय, संघ संस्था, सरोकारवालाहरुसँग सहकार्य भइरहेको हुनेछ ।
- कुनै पनि विद्यालयमा पहिले तयार भएका जोखिमयुक्त पूर्वाधार रहने छैनन् ।

**क्रियाकलाप तथा लक्ष्य**

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | भौतिक लक्ष्य (१० वर्ष) | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | भौतिक पूर्वाधार विकासको १० वर्षे गुरुयोजना तथा मापदण्ड तयार गर्ने | पटक | १ | | | | १ | १ | नगरपालिका |
| २ | बालमैत्री, अपाङ्गमैत्री, लैङ्गिकमैत्री पूर्वाधार विकास गर्ने । | पटक | १ | १ | | ५ | ५ | २५ | संघ, प्रदेश र नगरपालिका |
| ३ | पूर्वाधार विकासका लागि स्रोत व्यवस्थापन । | निरन्तर | १ | १ | १ | १ | १ | १० | संघ, प्रदेश र नगरपालिका |
| ४ | प्रयोगशाला, बालउद्यान, चमेनागृह निर्माण । | निरन्तर | १ | १ | १ | १ | १ | १० | संघ, प्रदेश र नगरपालिका |
| ५ | विद्यालय मर्मत सम्भार | आवश्यकता अनुसार | | | | | | | |

## ४.८ शिक्षामा सूचना र प्रविधिः

### ४.८.१ परिचय

सामान्यतया सूचना र प्रविधि भन्नाले सूचना आदान प्रदान गर्ने उपकरणलाई बुझाउँदछ । सूचना तथा प्रविधिले विद्युतीय तरङ्गका माध्यमबाट विभिन्न डाटाहरुलाई ध्वनि, शब्द, तस्वीर र संकेतलाई आदानप्रदान गर्नुका साथै त्यस्ता सूचनालाई भण्डारण, सम्पादन, प्रचार प्रसार गर्दछ । सूचना र प्रविधिले विश्वलाई नजिक बनाएको छ ।

### ४.८.२. वर्तमान अवस्था

शिक्षा क्षेत्रमा सूचना र प्रविधि एउटा नवीनतम अवधारणा हो । अहिले यसलाई शैक्षिक सूचना व्यवस्थापन र प्रभावकारी शिक्षण सिकाइमा प्रयोग गर्ने गरिएको छ । सूचना र प्रविधिको प्रयोगबाट विभिन्न शैक्षिक सिकाइ सामग्रीहरुको उत्पादन र वितरण गरी अनलाइन कक्षाको माध्यमबाट विशेष परिस्थितिमा र खुल्ला शिक्षा प्रदान गर्नका लागि प्रयोग गरिन्छ । वि.सं.२०७२ सालको भूकम्पको समय र कोभिड - १९ संक्रमणका समयमा यसको प्रयोग सफल रुपमा भइसकेको छ । यस्ता कठिन र विषम परिस्थितिहरुमा समयसापेक्ष शिक्षाका लागि प्रविधिमैत्री शिक्षा आवश्यक छ ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा सामुदायिक केन्द्रमार्फत डिजिटल साक्षरता बढाउने लक्ष्य राखिएको छ । सूचना तथा सञ्चार नीति २०७२ र डिजिटल नेपाल फ्रेमवर्क २०७६ ले सूचना तथा सञ्चार प्रविधिको प्रयोग सम्बन्धी गुरुयोजना तयार गरेको छ । जस अन्तर्गत स्मार्ट कक्षाकोठा निर्माण, अनलाइन सिकाइ कार्य, शिक्षण व्यवस्थापन प्रणाली, बायोमेट्रिक हाजिरीका साथै अनलाइन शिक्षा प्रदान गर्ने नीति लिइएको छ । राष्ट्रिय शिक्षा नीति २०७६ को धारा ४८ मा सूचना र प्रविधिलाई शिक्षा प्रणालीको अभिन्न अङ्गको रुपमा एकिकृत गर्दै सिकाइ प्रक्रियालाई प्रविधिमैत्री बनाइने उल्लेख गरिएको छ । शिक्षालाई समयसापेक्ष परिवर्तन गर्दै विश्व बजारमा प्रयोग हुने किसिमको बनाउनुपर्छ भन्ने मान्यता अनुरुप यस पालिकामा प्रविधिमैत्री शिक्षा बनाउन १० वर्षे गुरुयोजना तयार गरी लागु गर्ने योजना तयार बनाइएको छ ।

### विद्यालय सुचना प्रविधि सम्बन्धी विवरण

| क्र.सं. | विवरण | संख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | विद्युत जडान भएको विद्यालय | ४८ | १०० | |
| २ | इन्टरनेट जडान भएको विद्यालय | ४७ | ९७.९१ | |
| ३ | प्रोक्जेक्टर भएका र प्रयोग गर्ने विद्यालय | ११ | २२.९१ | |
| ४ | डेस्कटप कम्प्युटर भएका विद्यालय | ४५ | ९३.७५ | |
| ५ | शिक्षकलाई ल्यापटप उपलब्ध विद्यालय | १ | २.०८ | |
| ६ | Smart Board प्रयोग गर्ने विद्यालय | ८ | १६.६६ | |
| ७ | Interative panel board प्रयोग गर्ने विद्यालय | ८ | १६.६६ | |
| ८ | कम्प्युटरमा दक्ष भएका शिक्षक भएको विद्यालय | १५ | ३१.२५ | |
| ९ | वार्षिक रुपमा शैक्षिक सूचना प्रविधिको प्रयोग गर्ने विद्यालय | २९ | ६०.४१ | |

### ४.८.३ अवसर र चुनौतीहरु:

### चुनौतीहरु:

- सबै विद्यालयमा सूचना र प्रविधिको पहुँच ।
- पालिका स्तरीय digital lab/e- library स्थापना ।

- सबै विद्यालयमा प्रविधि सामग्री पुर्याउन र  दक्ष जनशक्तिको व्यवस्थापन ।
- पर्याप्त स्रोत साधनको व्यवस्थापन ।
- दक्ष जनशक्ति व्यवस्थापन ।
- मर्मत संभार र पुनः प्रयोग ।

**अवसरहरुः**

- शिक्षालाई प्रविधिमैत्री बनाइ आधुनिकीकरण गर्ने ।
- विद्यार्थीहरुको निरन्तर र दिगो सिकाइ सुनिश्चित गर्ने ।
- उपलब्ध स्रोत साधनको समुचित प्रयोग गर्ने ।
- आवश्यकताको पहिचान गरी कार्यक्रम कार्यान्वयन गर्ने ।
- आवश्यकता अनुसारको जनशक्ति विकास गर्ने ।

## ४.८.४ **उद्देश्य**

- सबै विद्यालयमा सूचना तथा सञ्चार पहुँच पुर्याउनु ।
- सबै विद्यालयमा प्रविधिको प्रयोग गर्न सक्ने जनशक्ति तयार गर्नु ।
- सिकाइलाई प्रभावकारी, गुणस्तरीय र समय सान्दर्भिक बनाउन सूचना र सञ्चार प्रविधिको प्रयोग गर्नु ।

## ४.८.५ **रणनीतिहरुः**

- सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको आधारभूत संरचना तथा उपकरणको प्रबन्ध गर्न प्रत्येक विद्यालयमा इन्टरनेट सुविधा उपलब्ध गराउने ।
- एक विद्यालय एक स्मार्ट बोर्डको अवधारणा लागु गर्ने ।
- सूचना तथा सञ्चार प्रविधिको प्रयोग सम्बन्धमा सबै शिक्षकको क्षमता अभिवृद्धि गर्ने ।
- नगरपालिका तथा विद्यालय दुबैले सूचना तथा सञ्चार सम्बन्धी नीति तथा गुरुयोजना तयार गर्ने ।
- कागज रहित प्रशासनिक कार्यको थालनी गरी डिजीटल प्रविधिको विकास गर्ने ।
- इन्टरनेट सुबिधाको पहुँच वृद्धि गरी विद्यार्थी तथा शिक्षकहरु लाभान्वित हुन सक्ने बनाउने ।
- विभिन्न कक्षा र विषयका लागि तयार गरिएका अन्तरक्रियात्मक डिजिटल सामग्री उपयोग गर्ने ।
- ICT का आधारभूत संरचना तयार गर्न तीनओटै सरकारसँग सहकार्य गरी स्रोत व्यवस्थापन गर्ने ।
- सबै विद्यालयमा बायोमेट्रिक हाजिरीको व्यवस्था गर्ने ।

### ४.८.६ उपलब्धि, नतिजा, क्रियाकलाप तथा लक्ष्यः

**उपलब्धिः**

यो शिक्षा योजनाको कार्यान्वयन पश्चात निम्न उपलब्धि हासिल भएका हुनेछन्।

- विद्यालयको शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी शिक्षण सिकाइलाई समयसापेक्ष र व्यावहारिक बनाइ सिकाइ उपलब्धिमा व्यापक सुधार भएको हुनेछ।

**नतिजाः**

- नगरपालिका र विद्यालय स्तरमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग सम्बन्धी नीति तथा योजना तयार भएको हुनेछ।
- विद्यालयका सबै शिक्षकहरु ICT सम्बन्धी कम्तीमा आधारभूत ज्ञान सीप भएका हुनेछन्।
- प्रत्येक विद्यालयमा प्रविधिको पूर्वाधारसहित न्यूनतम सामग्री उपलब्ध भएको हुनेछ।
- सबै विद्यालयमा अधिकांश विषय र कक्षाका डिजिटल सामग्रीहरु उपलब्ध हुनेछन्।
- लिडर विद्यालयमा सूचना तथा सञ्चार प्रविधि सिकाइ केन्द्र स्थापना भएको हुनेछ।
- प्रत्येक विद्यालयमा आधुनिक गणित, विज्ञान र कम्प्युटर प्रयोगशाला हुनेछ।
- सूचना तथा प्रविधिको प्रयोगबाट सिकाइ प्रक्रिया मनोरन्जनात्मक एवं आकर्षक भएको हुनेछ।

### प्रमुख क्रियाकलाप तथा लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | भौतिक लक्ष्य (१० वर्ष) | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|
| १ | सूचना तथा सञ्चार सम्बन्धी नीति तथा गुरुयोजना निर्माण | पटक | १ | १ | नगरपालिका |
| २ | ICT सम्बन्धी शिक्षक तालिम सञ्चालन | पटक | ५ | १० | नगरपालिका |
| ३ | सबै विद्यालयम उच्च गतिको इन्टरनेट जडान | विद्यालयहरु | ५० | ५० | नगरपालिका |
| ४ | लिडर विद्यालयमा सिकाइ केन्द्र स्थापना | पटक | १ | १ | नगरपालिका |
| ५ | शिक्षक, विद्यार्थी, अभिभावकहरुलाई ICT सम्बन्धी अभिमुखीकरण कार्यक्रम | पटक | ५ | १० | नगरपालिका |
| ६ | सामुदायिक सिकाइ केन्द्र स्थापना र सञ्चालन | निरन्तर | ५ | २ | नगरपालिका |
| ७ | प्रत्येक विद्यालयमा बायोमेट्रिक हाजिरी व्यवस्थापन | विद्यालयहरु | ५० | ५० | नगरपालिका |
| ८ | प्रत्येक विद्यालयमा अन्तरक्रियात्मक डिजिटल सामग्रीको उपलब्धता | विद्यालयहरु | ७ | ५० | नगरपालिका |
| ९ | विज्ञान, गणित र कम्प्युटर ल्याब स्थापना | विद्यालयहरु | ७ | २० | नगरपालिका |
| १० | सबै विद्यालयहरुलाई ICT सम्बन्धी आधारभूत सामग्री वितरण | विद्यालयहरु | २५ | ५० | नगरपालिका |

# परिच्छेद - पाँच

## अन्य उपक्षेत्र

## ५. मण्टेश्वरी र बालमैत्री कक्षा व्यवस्थापन तालिम

### परिचय

शिक्षालाई बालमनोविज्ञानमा आधारित भएर उपलब्धिमूलक बनाई सञ्चालन गर्न मण्टेश्वरी तथा बालमैत्री कक्षा व्यवस्थापन तालिम अनिवार्य छ । मण्टेश्वरी तालिमले शिक्षकहरुमा बालबालिकाहरुसँग मनोबैज्ञानिक वातावरणमा सिकाई गर्ने वातावरण निर्माण गर्न सहयोग गर्दछ भने वालमैत्री कक्षा व्यवस्थापनले बाल अधिकारका सबै पक्षहरुलाई समेटी भयरहित वातावरणमा सिकाइ वातावरण निर्माण गर्दछ । यी दुवै प्रकारका तालिमहरु गुणात्मक शैक्षिक विकासका अभिन्न अंग हुन् । समग्र नगरपालिकाको शैक्षिक गतिविधिलाई थप क्रियाशिल बनाउन महत्वपूर्ण भूमिका खेल्ने निकाय शिक्षक हो भने मुख्य केन्द्रविन्दु विद्यार्थीहरु हुन् । शिक्षकको पेशागत क्षमतालाई जति धेरै विकास गर्न सकियो त्यही अनुपातमा शैक्षिक उपलब्धिहरु हासिल हुदै जाने गर्दछन् । त्यसैले शिक्षकलाई समय सापेक्ष सबल बनाउन, विधि र प्रविधिमा दक्ष बनाउन विशेषत बाल मनोविज्ञानमा आधारित मण्टेश्वरी तालिम, पेशागत विकासका विषयगत तालिम, कस्टमाइज तालिमहरु, TPD तालिमहरु आवश्यक हुन्छ । यस नगरपालिकाले शिक्षकहरुको पेशागत विकासलाई उच्च प्राथमिकतामा राखि काम गर्ने तयारी गरेको छ ।

नेपाल सरकारले २०७६ सालमा स्वीकृत गरेको राष्ट्रिय शिक्षा नीति र विज्ञान तथा प्रविधि प्रवर्धन नीतिमा पनि शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग सम्बन्धि नीति उल्लेख गरेको छ । यस अनुसार पनि शिक्षकहरुलाई ICT को क्षेत्रमा दक्ष बनाई समकालिन समयमा विकास भएका सम्पूर्ण शैक्षिक स्रोत साधनहरु र विधिहरुलाई कक्षाकोठा सम्म पुर्याउन विशेष पहल गरिने छ । नेपाल सरकारका विभिन्न निकायहरुले सिकाई चौतारी निर्माण गरी तयार गरेका सिकाइ सामग्रीहरु तथा अन्य देशहरुमा विकास भएका प्रविधिहरु उपयोग गर्न सक्षम बनाउने उद्देश्यले विशेषत आधारभूत तहलाई केन्द्र विन्दुमा राखी माथि उल्लेख गरिएका तालिमहरु सञ्चालन गरिने छन् ।

भयरहित शिक्षण सिकाई निर्देशिका २०६७ मा बालवालिकालाई शारीरिक तथा मानसिक सजाय र उत्पीडन, यौन दुराचारबाट मुक्त भएको सिकाइ वातावरणको चर्चा गरिएको  छ । त्यस्तै विद्यालय शान्ति क्षेत्र राष्ट्रिय कार्यढाँचा र कार्यान्वयन निर्देशिका २०६८ मा विद्यालयमा सशस्त्र गतिविधि, हिंसा, राजनीतिक प्रभाव, भेदभाव, शोषण तथा दुर्व्यवहारबाट मुक्त राखी शिक्षण सिकाइलाई निरन्तरता दिने व्यवस्था भए अनुसार यस देउमाई नगरपालिकामा पनि बालबालिकाहरुको उक्त अधिकारको संरक्षण गर्दै वालमैत्री कक्षा व्यवस्थापन तथा भयरहित शिक्षण सिकाई वातावरण निर्माण गर्दै एक सभ्य र सुसस्कृत समाजको निर्माण गर्दै  लगिने छ ।

### ५.१ बर्तमान अवस्था

यस देउमाई नगरपालिकामा नेपालको संविधान २०७२ को नयाँ प्रावधान अनुसार २०७४ सालमा स्थानीय तहको गठन भएपछि शिक्षालाई स्थानीय तहको विशेषाधिकारको उपयोग गर्दै उच्च प्राथमिकताको निर्धारण गरी शिक्षक तालिम र बालमैत्री कक्षा व्यवस्थापन र तालिमहरु सञ्चालन गरिए । विशेषत बालविकास केन्द्रमा कार्यरत

बालशिक्षकहरु तथा आधारभूत तह कक्षा १-५ मा अध्यापन गर्नुहुने शिक्षकहरुको लागि मण्टेश्वरी तालिम, कक्षा ६-१२ मा अध्यापन गराउनुहुने शिक्षकहरुका लागि विषयगत तालिम साथै प्रधानाध्यापक तथा लेखा हेर्ने कर्मचारीहरुका लागि लेखा श्रेष्ता, खरिद व्यवस्थापन, जिन्सि व्यवस्थापन सम्बन्धी र एकिकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली (IEMIS) तालिमहरु सञ्चालन गरिदै आएका छन् । विगत वर्षहरुमा बालमैत्री कक्षा व्यवस्थापन सम्बन्धी छोटो अवधिका तालिमहरु पनि सञ्चालन गरिए।

## ५.२ उद्देश्यहरु

**यस कार्यक्रमका निम्न उद्देश्यहरु रहेका छन्।**

क. बालमनोविज्ञानमा आधारित सिकाइ वातावरण निर्माण गर्नु।
ख. बाल अधिकारको सुनिश्चित गर्दै भयरहित वातावरणमा सिकाइ गर्नु।
ग. शिक्षकहरुमा मण्टेश्वरी तथा बालमैत्री व्यवस्थापनको क्षमता विकास गर्नु।
घ. गुणात्मक शैक्षिक प्रणाली विकास गर्नु।

## ५.३ रणनीतिहरु

**यस योजनालाई कार्यन्वयन गर्न निम्न रणनीतिहरु अवलम्बन गरिने छन्।**

- शिक्षकहरुलाई मण्टेश्वरी तथा बालमैत्री कक्षा व्यवस्थापनमा दक्ष बनाउन तालिमहरु सञ्चालन गर्ने। १
- बाल मनोविज्ञान र बालमैत्री वातावरणसँग सम्बन्धित सिकाइ सामग्रीहरु छपाइ गरी वितरण गर्ने। १
- बालबालिकाहरुलाई बाल अधिकारको बारेमा सचेतना विस्तार गर्न गोष्ठी, सेमिनार र अन्तरक्रिया सञ्चालन गर्ने।
- विद्यार्थीहरुको अन्तर विद्यालय भ्रमण गराइ अनुभव आदान प्रदान गराउने। २
- बाल मनोविज्ञानमा आधारित सिकाइ सामग्रीहरु तथा बालमैत्री व्यवस्थापनसँग सम्बन्धित सामग्रीहरुको सिकाइ कुना व्यवस्थापन गर्ने। ३
- शिक्षकहरुका लागि कार्यमुलक अनुसन्धान गराइ मण्टेश्वरी अवधारणाको विकास गराउने। ३
- शिक्षक तालिम, शैक्षिक सामग्री निर्माण र प्रयोगमा वृद्धि गर्ने। ४
- शिक्षण सिकाइलाई सूचना तथा प्रविधसँग जोडी रुचिकर र दिगो सिकाइ वातावरण तयार गर्ने।

## ५.४ प्रमुख उपलब्धि तथा नतिजा

### उपलब्धिहरु

यस योजनाको कार्यान्वयन पश्चात निम्न उपलब्धिहरु हासिल भएका हुनेछन्।

- नगरपालिका भित्र बालमैत्री एवम् बालमनोविज्ञानमा आधारित सिकाइ वातावरण निर्माण भएको हुनेछ।
- शिक्षकहरुमा मण्टेश्वरी अवधारणा र वालमैत्री कक्षा व्यवस्थापन सम्बन्धी क्षमता विकास भएको हुनेछ।

- सबै बालबालिकाहरुले भयरहित वातावरणमा मनोरञ्जनात्मक शिक्षा पाउने अवसर सिर्जना भएको हुनेछ।
- नगरपालिकाको समग्र शैक्षिक अवस्थामा गुणात्मक विकास भएको हुनेछ।

## ५.५ **प्रमुख क्रियाकलाप र परिमाणात्म लक्ष्य**

शिक्षा योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य नतिजाहरूलाई निम्न तालिकाबाट उल्लेख गर्न सकिन्छ।

| क्र.स. | प्रमुख क्रियाकलापहरु | एकाइ | भौतिक लक्ष्य ५ वर्ष | | | | | भौतिक लक्ष्य १० वर्ष | | निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | जम्मा | |
| १ | मण्टेश्वरी तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | नगरपालिका |
| २ | बालमैत्री कक्षा व्यवस्थापन तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | नगरपालिका |
| ३ | बालमैत्री कक्षा व्यवस्थापन तथा मण्टेश्वरी सम्बन्धी कार्यशाला | पटक | ० | १ | १ | १ | १ | ४ | ९ | नगरपालिका |
| ४ | विद्यार्थीहरुको लागि कार्यशाला सञ्चालन | पटक | - | १ | १ | १ | १ | ४ | ९ | नगरपालिका |
| ५ | बालमैत्री कक्षा व्यवस्थापन मण्टेश्वरी सम्बन्धी सामग्री व्यवस्थापन | पटक | - | - | १ | - | - | १ | २ | नगरपालिका |

# परिच्छेद - छ

## सुशासन तथा व्यवस्थापन

## परिचय

असल शासनको प्रत्याभूति नै सुशासन हो । सार्वजनिक सेवामूलक कार्यमा रहेको शिक्षालाई चुस्त, दुरुस्त, सेवामूलक, जिम्मेवार, उत्तरदायी र परिणाममुखी बनाउन सुशासन र व्यवस्थापनको महत्वपूर्ण भूमिका रहेको हुन्छ । विद्यार्थीहरूको सिकाइ प्रति जिम्मेवार र जवाफदेही बन्नु, सुशासनको प्रत्याभूति दिनु, संघीय, प्रदेश र स्थानीय तहको सरकारको दायित्व हो । विद्यालय, समुदाय, सरकारी र गैर सरकारी निकायलाई उनीहरूको आफ्नो भूमिका अनुसारको सुशासन कायम गर्न जिम्मेवार बनाउनु पर्दछ ।

स्थानीय तहमा हुने यस योजनाको कार्यान्वयनका लागि संस्थागत संरचना र क्षमता विकास योजना, कार्यान्वयनको जिम्मेवारी, प्रबन्ध तथा मूल्याङ्कन प्रणालीमा जोड दिनुपर्दछ । सुशासन व्यवस्थापनका लागि योजनाको उद्देश्य, अपेक्षित नतिजा हासिल गर्नका लागि संस्थागत संरचनाको सुधारमा ध्यान दिनु पर्दछ । स्थानीय तहको ऐन, कार्यविधि र मापदण्ड विकासको अवस्था स्पष्ट हुनु पर्दछ । वार्षिक बजेट निर्माण, स्वीकृत र कार्यान्वयनमा स्थानीय तहको भूमिका पारदर्शी र दुरगामी हुनु पर्दछ । यस परिच्छेदमा विद्यालयमा जनशक्तिको उपलब्धता र व्यवस्थापन, विद्यालय व्यवस्थापनको अवस्था, लेखा प्रणालीको व्यवस्थापन र परिचालन, आवश्यक स्रोत साधनको व्यवस्थापन, आर्थिक लेखा परीक्षण, सामाजिक परीक्षण, सूचनाका हक, गुनासो सुनुवाई, अनुगमन र मूल्याङ्कन, क्षमता विकास तथा चुनौती र अवसरहरुलाई प्रस्तुत गरिएको छ ।

स्थानीय तहको शिक्षा क्षेत्रमा सुशासन र व्यवस्थापनका लागि काममा पारदर्शिता, उत्तरदायी, जिम्मेवारी, समता, समावेशिता, कानुनी शासनको परिचालन र व्यवस्थापन गर्नुपर्दछ ।

सुशासन कार्यान्वयनको प्रारम्भमा स्थानीय सरकार र विद्यालयहरू रहन्छन् । सुशासन प्रक्रियामा विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ, प्रधानाध्यापक, शिक्षक तथा कर्मचारीहरूको भूमिका महत्वपूर्ण रहेको हुन्छ । स्थानीय तहले शैक्षिक योजना निर्माण गर्न, कार्यान्वयन गर्न विद्यालयहरूलाई सूचना र सञ्चारको प्रवाहमा प्राविधिक सहायता पुर्याउनु पर्दछ ।

विद्यालय व्यवस्थापन समितिको सुशासन कार्यान्वयनमा प्रमुख प्रशासनिक र व्यवस्थापकीय भूमिकामा रहेको हुन्छ । कार्यक्रमहरूलाई न्यायोचित वितरण गर्ने, शैक्षिक गतिविधिहरूलाई नियमअनुसार मार्गदर्शन गर्ने, स्रोत र साधनको व्यवस्थापन गर्ने, समुदायसँग सहकार्य गरी आवश्यकताको परिपूर्ति गर्ने काम गर्दछ । विद्यालय व्यवस्थापन समितिले समुदायप्रति विद्यालयलाई जवाफदेही बनाउने काम गर्दछ । समुदाय र विद्यालय बीचको सम्बन्ध सुदृढ गर्ने कार्य पनि विद्यालय व्यवस्थापन समितिको हो । गुणस्तरीय शिक्षाको व्यवस्थापन गर्नु र पारदर्शी वनाउनु विद्यालय सुशासनको मूल मर्म हो ।

## ६.१ शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास

### ६.१.१ वर्तमान अवस्था

शिक्षा क्षेत्रको नीति निर्माण कार्यान्वयनको प्रत्याभूत गराउन सुशासन तथा व्यवस्थापनको भुमिका महत्वपूर्ण हुन्छ । नेपालमा संघ, प्रदेश र स्थानीय तहका सरकारहरुले विभिन्न निकायहरु निर्माण गरी काम गरेका छन् । केन्द्रमा शिक्षा मन्त्रालय, शिक्षा तथा मानव स्रोत विकास केन्द्र, पाठ्यक्रम विकास केन्द्र, शैक्षिक गुणस्तर परीक्षण केन्द्र, राष्ट्रिय परीक्षा बोर्ड आदि रहेका छन् । प्रदेशमा सामाजिक विकास मन्त्रालय मार्फतका निकायहरु रहेका छन् जसमा शिक्षा विकास निर्देशनालय र शिक्षा तालिम केन्द्र हुन् । त्यसै गरी प्रत्येक जिल्लामा शिक्षा विकास तथा समन्वय इकाई, स्थानीय तहमा शिक्षा युवा तथा खेलकुद शाखा, शिक्षा समिति, विद्यालयहरु, विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघ आदि सुशासन सम्वन्धी नीति नियम निर्माण र कार्यान्वयनमा जिम्मेवार रहेका छन् ।

- **स्थानीय तहमा शिक्षाको वर्तमान संस्थागत संरचना**

प्रारम्भिक बालविकास शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, उच्च शिक्षा, सामुदायिक सिकाई केन्द्र, गुरुकुल शिक्षा जस्ता सिकाइका संरचनाहरु छन् । यिनीहरुको विकास र विस्तार गर्न सकेमा मात्र संस्थागत क्षमता विकास हुन्छ । स्थानीय तहमा रहेका नगरकार्यपालिका, वडा कार्यालय, विद्यालय, समुदाय, शिक्षाको वर्तमान संस्थागत संरचनाको विकास र विस्तार गर्न लागेको छ । कोभिड -१९ जस्ता महामारीको अवस्थामा पनि अनलाइन शिक्षा, घुम्ती सिकाइ जस्ता कार्यक्रमहरू देउमाई नगरपालिकाबाट सञ्चालन गरियो । शिक्षाको गुणस्तर सुधारका लागि नगर अनुदान  शिक्षण स्वयम् सेवक व्यवस्थापन, प्राविधिक धारका विद्यार्थीलाई छात्रवृत्ति, विज्ञान विषयका कक्षा सञ्चालन, खेलकुदका कार्यक्रम सञ्चालन, स्थानीय पाठ्यक्रम हाम्रो देउमाई निर्माण गरी सुशासन तथा व्यवस्थापन गरिरहेको छ । समय सापेक्ष शिक्षामा सुधार गर्न शिक्षक, विद्यार्थी प्रोत्साहन, परीक्षा प्रणालीमा सुधार, दरवन्दि मिलान र विद्यार्थी संख्याको आधारमा विद्यालयहरुको तह घटाउने काम हरेक वर्ष हुँदै गरेको छ । विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघलाई थप जिम्मेवार वनाउन कार्यशाला गोष्ठिहरु सञ्चालन गरिदै आएका छन् ।

- **स्थानीय तह ऐन, कार्यविधि तथा मापदण्डको विकासको अवस्था**

देउमाई नगरपालिकाको शिक्षा नियमावली विज्ञको समूहमा छलफल गराई निर्माण गरिएको भएपनि संघ र प्रदेशका ऐन र नियमहरू निर्माण भइ नसकेको अवस्थाले गर्दा नगर कार्यपालिकाले स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छैन ।

### हालसम्म कार्यविधि निर्माण गरी कार्यान्वयनमा आएका कार्यविधिहरु

१. क्याम्पस अनुदान कार्यविधि
२. विज्ञान विषय सञ्चालन अनुदान कार्यविधि
३. नगर प्रमुख छात्रवृत्ति वितरण कार्यविधि

४. शिक्षक सम्मान कार्यविधि

५. नगर शिक्षण स्वयंसेवक सञ्चालन कार्यविधि आदि।

## ● वार्षिक बजेट निर्माण स्वीकृत र कार्यान्वयन

हरेक बर्ष नगरपालिकाले असार १० गते भित्र आफ्ना बार्षिक नीति तथा कार्यक्रमहरु र बजेट पारित गरी कार्यान्वयन गर्दछ। यसरी बजेट निर्माण गर्दा सबै वडा कार्यालयहरु र विषयगत शाखाका आधिकारिक व्यक्तिबाट राय लिई बजेट निर्माण गरिन्छ। यही मापदण्ड अनुसार शिक्षा युवा तथा खेलकुद शाखाबाट पनि प्रत्येक वर्ष शिक्षा क्षेत्रसँग सम्बन्धित वार्षिक बजेट नियम अनुसार निर्माण गरी नगरसभाबाट पारित गराइ कार्यान्वयन गरिँदै आएको छ। शिक्षा शाखाको बजेट तय गर्नु पूर्व सबै विद्यालयका प्रधानाध्यापकहरुबाट आवश्यक राय र सल्लाह लिइन्छ। जसको परिणाम लागू गरिएका कार्यक्रमको सहज कार्यान्वयन हुनुका साथै सबै विद्यालयहरुका आवश्यकतासम्म पनि पुग्न सकिन्छ।

## ● स्थानीय तह तथा विद्यालय जनशक्तिको उपलब्धता र व्यवस्थापन

देउमाई नगरपालिकाको शिक्षा युवा तथा खेलकुद शाखामा अपुग जनशक्ति व्यवस्थापनको प्रयोजनको लागि ओ. एन. एम. सर्भे गराई दरबन्दी निर्माण गरिएको छ। विभिन्न तहमा स्थानीय अनुभवी शिक्षकहरूमध्ये चार जनालाई शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख देखि अन्य कर्मचारीको रुपमा काजमा खटाई जिम्मेवारी दिइएको छ। नगरपालिकाको आफ्नै स्रोतबाट तलब भत्ता व्यवस्थापन गर्ने गरी एक जना कम्प्युटर अपरेटर र दुईजना खेलकुद कर्मचारी साथै एकजना नृत्य प्रशिक्षक समेतको व्यवस्थापन गरिएको छ।

यस देउमाई नगरपालिकामा बालविकास कोटा ८२, आधारभूत तह कक्षा १–५ मा १८८ दरबन्दि, आधारभूत तह कक्षा ६–८ मा ५३ दरबन्दि, माध्यमिक तह ९–१० मा ३६ र माध्यमिक तह कक्षा ९ - १२ (साविक उच्च मा.वि तह) मा १४ दरबन्दि व्यवस्था भएको छ। कतिपय विद्यालयमा विषयगत शिक्षकको अभाव छ। यस्तो अभावलाई सम्बोधन गर्न देउमाई नगरपालिकाले ३९ जना विषयगत र तहगत शिक्षण स्वयंसेवकको व्यवस्था गरेको छ। यति हुँदाहुँदै पनि माध्यमिक तह कक्षा ११ र १२ मा विद्यार्थी अनुपातमा विषयगत शिक्षक र दरबन्दी न्यून नै छ। शैक्षिक गुणस्तर सुधार र सुशासनका लागि विद्यालयहरूको अनुगमन, अवलोकन, सुपरीवेक्षण र मूल्याङ्कन प्रक्रियाका लागि जनशक्ति अभाव रहेको छ।

## ● विद्यालय व्यवस्थापनको अवस्था

शिक्षा नियमावलीको दफा १२ अनुसार विद्यालय व्यवस्थापन समिति गठन गरी विद्यालयको भौतिक, शैक्षिक, प्रशासनिक व्यवस्थापनको जिम्मेवारी भए नभएको अनुगमनको व्यवस्था भएको छ। शिक्षक अभिभावक संघ गठन, विद्यालय सुधार योजना निर्माण, भवन, शौचालय, डेक्सबेन्च जस्ता भौतिक अवस्था र शैक्षिक अवलोकन, अनुगमन र सुधारका लागि पृष्ठपोषणको सुरुवात भएको छ। यहाँ विद्यालयको सर्वाङ्गिण विकासका लागि विज्ञ समूहबाट विद्यालयहरुको समुहिक सुपरीवेक्षण गरी आवश्यक पृष्ठपोषण गर्ने गरिएको छ।

- **लेखा प्रणाली व्यवस्थापन र परिचालन**

देउमाई नगरपालिकामा लेखा प्रणाली व्यवस्थापन आर्थिक प्रशासन शाखाले गर्दछ । विद्यालय स्तरको आधारभूत तहमा प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिका अध्यक्ष तथा माध्यमिक तहमा प्रधानाध्यापक र लेखा हेर्ने कर्मचारीको संयुक्त दस्तखतबाट बैंक खाता सञ्चालन गर्ने व्यवस्था रहेको छ । यस नगरपालिकाले प्रत्येक वर्ष विज्ञ समूह बोलाई विद्यालय लेखा कार्यविधि सम्बन्धी तालिमको व्यवस्थापन गरेको छ । दोहोरो लेखा प्रणाली अनुसार श्रेस्ता राख्ने र भौचर गर्ने प्रणालीको व्यवस्थापन गरेको छ । School Accounting System (SAS) प्रणालीबाट लेखा राख्ने कार्यको सुरुवात हालसम्म गर्न सकिएको छैन । शिक्षा नियमावली अनुसार १० प्रकारका खाताहरू सञ्चालन गर्न सकिएको छैन । केही विद्यालयमा बाहेक अधिकांश विद्यालयहरूमा वार्षिक बजेट निर्माण गरी कार्यान्वयन गर्न सकिएको छैन । तथापि सामाजिक लेखा परीक्षण र महालेखा परीक्षण समयमा नै गराइ प्रतिवेदन लिने काम गरिन्छ ।

- **आवश्यक स्रोत साधनको व्यवस्थापन**

क. नेपाल सरकारको अनुदान रकम
ख. प्रदेश सरकारबाट प्राप्त अनुदान रकम
ग. स्थानीय सरकारबाट प्राप्त अनुदान रकम
घ. विद्यालयको आन्तरिक स्रोतबाट प्राप्त हुने रकम
ङ. चन्दा दान/दातव्यबाट प्राप्त भएका रकमहरू ।

माथि उल्लेखित शीर्षकहरुबाट प्राप्त हुने रकमले विद्यालयका शैक्षिक, भौतिक, प्रशासनिक, खेलकुद र अतिरिक्त क्रियाकलाप लगायत जस्ता कार्यक्रम सञ्चालन गर्ने गरिएको छ । परीक्षा प्रणालीलाई व्यवस्थित गर्न अभिभावकहरुबाट पनि आवश्यक राय सल्लाह लिने गरिन्छ ।

- **आर्थिक लेखा परीक्षण तथा सामाजिक परीक्षण**

देउमाई नगरपालिकाबाट सबै विद्यालयहरूको आर्थिक लेखा परीक्षण गर्ने प्रयोजनमा शिक्षा युवा तथा खेलकुद शाखाले विद्यालयको वार्षिक लेखा परीक्षणका लागि मान्यता प्राप्त लेखा परीक्षणहरूको आवेदन खुलाइ प्राप्त आवेदकहरूमध्येबाट लेखा परीक्षकहरू छनोट गरी आर्थिक लेखा परीक्षण गर्ने गरिएको छ । विद्यालयमा भएका सम्पूर्ण गतिविधिहरू सार्वजनिकीकरण गर्नका लागि नियम अनुसार सामाजिक लेखा परीक्षण गर्ने गरिन्छ । सामाजिक लेखा परीक्षण समिति गठन गरी सबै विद्यालयहरूबाट आर्थिक लेखा परीक्षण र सामाजिक परीक्षणको प्रमाणित प्रति शिक्षा युवा तथा खेलकुद शाखामा अभिलेखका लागि राखिने गरिएको छ । यी प्रतिवेदनहरुको अध्ययन गरी अर्को बर्षको नीति तथा कार्यक्रममा आवश्यक सुधार गर्ने गरिएको छ ।

- **सूचनाको हक सम्बन्धी व्यवस्था र गुनासो सुनुवाइ संयन्त्र**

देउमाई नगरपालिकाले सूचना सम्प्रेषणका लागि आफ्नो वेबसाइटबाट सूचना सम्प्रेषण गरी आम समुदायलाई सुसूचित गराउँदै आएको छ । गुनासो सुनुवाइका लागि नगरपालिकामा सूचना अधिकारीको व्यवस्था गरिएको छ ।

हाल कतिपय विद्यालयहरुले गुनासो तथा सुझाव पेटिका राखी गुनासो सुनुवाइको व्यवस्था गरी सुशासन प्रत्याभूत गर्ने प्रयास गरेको छ।

## ● सुशासन अनुगमन तथा मूल्याङ्कन र क्षमता विकासको अवस्था

शिक्षक, कर्मचारी, विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरूलाई आफ्नो कार्यप्रति उत्तरदायी जिम्मेवार र पारदर्शी बनाउने प्रयास गरिएको छ। काम, कर्तव्य र अधिकारको बोध गराउन सामूहिक र व्यक्तिगत अनुगमन गरी पृष्ठपोषण दिने गरिएको छ । कर्मचारीहरु तथा प्रधानाध्यापकहरुको कार्यक्षमता विकास गर्न दोहोरो लेखा व्यवस्थापन तालिम, IEMIS सम्बन्धी तालिम सञ्चालन गरिन्छ । बाल विकास शिक्षकलाई Montessori तालिम, नवप्रवेशी शिक्षकहरूलाई कष्टमाइज तालिम, मेन्टरिङ आदिको व्यवस्था गरी क्षमता विकास गर्ने कार्यक्रमहरू अघि बढाइएको छ। आफ्नो नगरपालिका भित्रका आधारभूत तहका शिक्षकहरूका लागि शिक्षकको पेशागत विकास तालिम दिने व्यवस्थापनका लागि योजना निर्माण गरी तालिम केन्द्रको सहकार्यमा कार्यक्रम सञ्चालन गर्ने प्रयास गरिएको छ।

## ● चुनौती र अवसर

### चुनौती

१. दिगो आर्थिक स्रोत व्यवस्थापन

२.जनशक्तिको व्यवस्थापन

३. भौतिक पूर्वाधार निर्माण

४. निर्माण भएका नीति र कार्यक्रमहरूको कार्यान्वयन

५. शिक्षक, कर्मचारीलाई जवाफदेही जिम्मेवार र उत्तरदायी बनाउन

६. कुशल प्रशासक व्यवस्थापन र नेतृत्व विकास

७. भूगोल र वातावरण

८. सकारात्मक सोच र चिन्तनको विकास

९.उपलब्धिमूलक शैक्षिक पहुँच, गुणस्तर, समता र संस्थागत संरचना

### अवसर

१. नेपालको संविधान २०७२ को अनुसूची ८ अनुसारका अधिकारहरूको प्रयोग गर्न।

२. आफैंले निर्माण गरेको योजना आफैंबाट कार्यान्वयन गर्न।

३. स्थानीय जनशक्ति तथा अन्य स्रोत साधनको उपयोग गर्न।

४. क्षमता विकास तालिम सञ्चालन र व्यवस्थापन गर्न।

५. कार्यसम्पादनमा करार गरी सिकाइलाई नतिजामुखी बनाउन।

६. स्थानीय स्वायत्त शासन ऐन २०७४ लाई कार्यान्वयन गर्न।

## योजना निर्माण

## परिचय

संघ, प्रदेश तथा स्थानीय तहले शिक्षा सम्बन्धी योजना निर्माण, उद्देश्य निर्माण, बजेट व्यवस्थापन, अनुगमन, नियमन तथा मूल्याङ्कन गरी कार्ययोजना निर्माण गर्नुपर्छ । तीन तहको सरकारबाट प्रचलित कानुन अनुसार योजना बनाई सुशासनको प्रत्याभुति दिइनेछ ।

### ६.१.२ उद्देश्यः

शिक्षामा सुशासन व्यवस्थापन तथा संस्थागत क्षमता विकाससँग सम्बन्धित निम्न उद्देश्य राखिएको छ ।

१. स्थानीय तहमा आवश्यक पर्ने सक्षम जनशक्तिको व्यवस्थापन गर्नु ।

२. जनशक्तिहरुको संस्थागत क्षमता अभिवृद्धि गर्नु ।

३. जनशक्तिहरुको कार्यलाई उपलब्धिमूलक, उत्तरदायी र जिम्मेवार बनाउनु ।

४. आवश्यक स्रोतसाधनको दिगो व्यवस्थापन गर्नु ।

### ६.१.३ रणनीतिः

१. स्थानीय तहमा रहेको शैक्षिक क्षेत्रको तथ्याङ्क संकलन गरी आवश्यक पर्ने सक्षम जनशक्ति तयार गर्ने । १

२. सन्तुलित रुपमा जनशक्तिको वितरण र व्यवस्थापन गर्ने । १

३. जनशक्तिहरुको संस्थागत क्षमता अभिवृद्धि गर्न तालिम, गोष्ठि, सेमिनारको व्यवस्थापन र कार्यान्वयन गर्ने । २

४. जनशक्तिहरुको कार्यलाई नतिजामुखी बनाउन विभिन्न सूचक निर्धारण गरी अंकन गर्ने । २

५. उपलब्धिहरुलाई उत्प्रेरित र दिगो बनाउन पुरस्कार र सचेतनामूलक कार्य गर्ने । ३

६. प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समिति अध्यक्षहरुलाई थप जिम्मेवार बनाइ क्षमता विकास गर्न तालिम गोष्ठि र अन्तरक्रिया सञ्चालन गर्ने । ३

७. कार्यक्रमलाई प्रभावकारी बनाउन र कार्य सम्पादन उपलब्धिमूलक बनाउन आवश्यक पर्ने स्रोत साधनको पर्याप्त व्यवस्थापन गर्ने साथै बैकल्पिक स्रोतको खोजी गरी जगेर्ना कोषमा राख्ने । ४

८. शिक्षा क्षेत्रको गुणस्तर अभिबृद्धिको लागि दिगो स्रोत व्यवस्थापन गर्न कोष खडा गर्ने । ४

### ६.१.४ उपलब्धी, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्यः

#### उपलब्धीः

नगर शिक्षा योजना कार्यान्वयनबाट निम्न उपलब्धीहरु हासिल भएका हुनेछन ।

१. देउमाई नगरपालिकाको शिक्षा क्षेत्रमा आवश्यक पर्ने जनशक्तिहरुको व्यवस्थापन भएको हुनेछ ।

२. संस्थागत क्षमताको अभिवृद्धि भई जनशक्तिहरुलाई जिम्मेवार, उत्तरदायी र नतिजामुखी भई शिक्षामा आमुल परिवर्तन भएको हुनेछ ।

३. आवश्यक स्रोतसाधनको दिगो व्यवस्थापन र उपलब्धिमूलक क्षेत्रमा प्रयोग भई कार्यसम्पादन भएको हुनेछ ।

४. शिक्षा राष्ट्रिय लक्ष्य पुरा गर्न सफल र जनताको मनोभावना अनुरुप सञ्चालन भएको हुनेछ ।

**नतिजाः परिमाणात्मक लक्ष्यः**

१. आवश्यकताको आधारमा ठीक ठाउँमा ठीक जनशक्तिको व्यवस्थापन हुनेछ ।

२. सबै जनशक्तिहरुमा क्षमता विकास तालिम उपलब्ध हुनेछ ।

३. शैक्षिक संस्था र जनशक्तिहरुको सुशासन कायम गर्ने सूचक तयार गरी नतिजामुखी बनाउन पुरस्कार र सचेतना उपलब्ध गराइनेछ ।

**परिमाणात्मक लक्ष्यः**

योजना कार्यान्वयनबाट हासिल हुने मुख्य परिमाणात्मक नतिजालाई निम्न अनुसार उल्लेख गरिएको छ ।

| क्र. सं. | सूचक | आधारवर्ष | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | २०८०/०८१ | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ |
| १ | माध्यमिक तहका विद्यालयहरुमा प्रचलित कानुन अनुसार प्रधानाध्यापक छनौट | १ | १ | २ | २ | २ | – |
| २ | माध्यमिक तहका विद्यालयहरुमा नेतृत्व तथा व्यवस्थापन सम्बन्धी तालिमप्राप्त प्रधानाध्यापकको संख्या | १ | १ | १ | १ | २ | १ |
| ३ | आधारभूत विद्यालयहरुमा प्रचलित कानुन बमोजिम प्रधानाध्यापक छनौट | – | – | १० | सबै | – | – |
| ४ | आधारभूत तहका विद्यालयहरुमा नेतृत्व विकास तथा व्यवस्थापन सम्बन्धी तालिमप्राप्त प्रधानाध्यापकको संख्या | – | १ | १ | सबै | | |
| ५ | लेखा परीक्षण तथा सामाजिक परिक्षण सम्पन्न गर्ने विद्यालयहरुको संख्या | सबै | सबै | | | | |
| ६ | विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघ नियमानुसार गठन भएका विद्यालयहरु | सबै | सबै | | | | |
| ७ | निर्धारण गरिएको सूचकको आधारमा ८० प्रतिशत भन्दा बढी अंक प्राप्त गर्ने शिक्षक कर्मचारीहरुको संख्या | – | ० | ० | ५० | १५० | २०० |
| ८ | नागरिक बडापत्र, सूचना अधिकारीको व्यवस्था, गुनासो पेटिका व्यवस्थापन र कार्यान्वयन गर्ने विद्यालयको संख्या | – | – | १० | २० | सबै | |
| ९ | विद्यार्थीको पढाइप्रति चासो राख्ने, विद्यालयको सृजनात्मक काममा सहयोग गर्ने वा सहभागी हुने प्रति अभिभावक वर्षमा कम्तिमा ३ पटक विद्यालयमा आउनेको प्रतिशत | – | ५० माथि | ६० माथि | ७० माथि | ८० माथि | ९० माथि |
| १० | विद्यालयको गतिविधी समेटी वार्षिक उत्सव गर्ने विद्यालयको संख्या | – | २०% | ३०% | ५०% | सबै | |
| ११ | विज्ञबाट विद्यालयमा गई विद्यालय र शिक्षक कर्मचारीको अवस्थाको अवलोकन गरिने संख्या | ६ | १० | १० | १० | १० | |
| १२ | बालमैत्री विद्यालय संचालन गरिएका विद्यालयहरुको संख्या | - | - | ५ | २५ | सबै | |

### ६.१.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

स्थानीय तहले कार्यान्वयन गर्ने प्रमुख क्रियाकलाप र वार्षिक लक्ष्य

| क्र. सं. | प्रमुख क्रियाकलापहरु | एकाइ | भौतिक लक्ष्य ५ वर्षको लागि | | | | | जम्मा | भौतिक लक्ष्य १० वर्ष | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | | | |
| १ | आवश्यक कानुनी प्रबन्ध तथा मापदण्ड विकास | पटक | १ | १ | १ | १ | १ | ५ | १ | दे.न.पा. |
| २ | संस्थागत संरचना निर्माण तथा क्षमता विकास | | - | १ | - | - | १ | २ | २ | दे.न.पा. |
| ३ | प्रतिवेदन तथा तथ्यांक प्रणालिको सुदृढिकरण | पटक | १ | १ | १ | १ | १ | ५ | २ | दे.न.पा. |
| ४ | कार्यसम्पादन करार गरी नतिजाप्रति जिम्मेवार बनाउने | प्रत्येक वर्ष | १ | १ | १ | १ | १ | ५ | १० | दे.न.पा. र विद्यालय |
| ५ | विद्यालय तथा शिक्षकहरुलाई कार्य सम्पादन एवं स्वमूल्यांकन गर्ने गराउने | प्रत्येक वर्ष | १ | १ | १ | १ | १ | ५ | १० | दे.न.पा. र विद्यालय |
| ६ | तयारी सूचकको आधारमा विज्ञ टोलिबाट अनुगमन गरी अंक निर्धारण गर्ने | आवश्यकता अनुसार | १ | १ | १ | १ | १ | ५ | १० | दे.न.पा. र विद्यालय |
| ७ | वातावरण, स्वास्थ्य, पोषण तथा महामारी सम्बन्धी सेवा र समन्वयका लागि संयन्त्रको विकास | आवश्यकता अनुसार | १ | १ | १ | १ | १ | ५ | १० | दे.न.पा. र विद्यालय |

## ६.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध

### परिचय

स्थानीय स्तरमा तयार गरिने शिक्षा योजना कार्यान्वयन गर्ने मुख्य दायित्व नगरपालिकाको हो। यस क्रममा शिक्षा सम्बन्धी बार्षिक योजना निर्माण, बजेट तर्जुमा र कार्यान्वयन, वित्तीय व्यवस्थापन तथा अनुगमन, मूल्याङ्कन जस्ता पक्षहरुमा विशेष ध्यान दिनु पर्दछ। यी पक्षहरुको कार्यान्वयनको लागि आवश्यक संरचना, जनशक्ति व्यवस्थापन साथै पदाधिकारीहरुलाई जिम्मेवार तथा उत्तरदायी बनाउनु पर्दछ।

### ६.२.१ वर्तमान अवस्थाः

- **स्थानीय तहमा कार्यरत जनशक्तिको व्यवस्था**

देउमाई नगरपालिकाको स्थानीय शिक्षा योजना कार्यान्वयन गर्ने गराउने जनशक्तिहरुमा देउमाई नगरपालिका, ९ वटै वडा कार्यालयहरु, शिक्षा युवा तथा खेलकुद शाखा ५२ विद्यालयहरुमा जम्मा शिक्षकहरु २९१, कर्मचारीहरु ५७, बालविकास सहजकर्ताहरु ८२ कार्यरत छन्।

- **वार्षिक कार्यक्रम तर्जुमा र कार्यान्वयनको अवस्था**

शिक्षा युवा तथा खेलकुद शाखाले शाखा प्रमुखको नेतृत्वमा आवश्यक पर्ने प्रधानाध्यापक, शिक्षक र कर्मचारीहरुको सहायता लिएर वार्षिक कार्यक्रमहरुको तर्जुमा गर्न एक समिति निर्माण गर्दछ । उक्त समितिबाट वार्षिक कार्यपात्रो तयार गरी प्रधानाध्यापक बैठकबाट अनुमोदन गराइन्छ । यसले गर्दा कार्यान्वयन अक्षरस पालना गर्ने गरी सम्पादनको व्यवस्था गरिएको छ ।

- **कार्यान्वयन संयन्त्र समितिको अवस्था**

स्थानीय शिक्षा योजनाको कार्यान्वयन संयन्त्र निर्माण भएको छैन । कार्यान्वयन गर्न गराउन अनुगमन, नियमन गर्ने विज्ञ जनशक्तिहरुको समेत थप गर्न ध्यान दिन आवश्यक छ । आगामी दिनहरुमा योजना कार्यान्वयनको निम्ति आवश्यक थप संयन्त्रको विकास गरिने छ ।

- **आवश्यक स्रोत साधनको व्यवस्थापन**

आवश्यक पर्ने दक्ष जनशक्तिको व्यवस्थापन, अनुगमन, नियमन संयन्त्र, सुशासनयुक्त विद्यालय स्थापनाको लागि चाहिने बजेट र अन्य स्रोत साधनहरुको व्यवस्थापन गरीने छ । कार्यक्रमको प्रभावकारी कार्यान्वयनको प्रबन्ध मिलाउन आवश्यक संयन्त्र विकास गरिने छ । अपुग स्रोत साधनको व्यवस्थापन देउमाई नगरपालिकाबाट हुनेछ ।

- **ऐन, नियम, कार्यविधि निर्माण र प्रबोधिकरणको अवस्था**

नेपालको संविधान २०७२, शिक्षा ऐन नियमावली, स्थानीय स्वायत्त शासन ऐन २०७४, १६ औं योजना लगायत विभिन्न आवधिक योजना अन्तर्गत रहेका ऐन, नियम र कार्यविधिलाई ध्यान दिएर कार्यान्वयनको प्रबन्ध मिलाइने छ । संघीय ऐन जारी भए पछि देउमाई नगरपालिकाले आफ्नो शिक्षा नियमालवीलाई संघीय ऐनसँग नबाझिने गरी नगरसभाबाट पास गरी कार्यान्वयनमा ल्याउने छ । विज्ञान शिक्षा, नगर छात्रवृत्ति, नगर छात्रा फुटबल, आदि विषयमा बनेको कार्यविधिलाई आवश्यकता अनुसार संशोधन गरी अन्य आवश्यक विषयमा कार्यविधिको निर्माण र प्रबोधिकरण गरी कार्यान्वयन गरिने छ ।

- **चुनौती र अवसर**

## चुनौती

१. दिगो आर्थिक स्रोतको व्यवस्थापन ।

२. अनुभवी, जिम्मेवार, जवाफदेही विज्ञ ।

३. न्यायोचित, समावेसी र बैज्ञानिक मूल्याङ्कन ।

४. आवश्यक पर्ने कानुन, कार्यविधि र निर्देशिकाको विकास ।

**अवसरः**

१. शिक्षाको पहुँच र गुणस्तरमा सुधार ।

२. क्षमता विकास गर्न र गराउन ।

३. स्थानीय बौद्धिक र प्राज्ञिक जनशक्तिको सदुपयोग ।

४. सबै सरोकारवालाहरुलाई जिम्मेवार, उत्तरदायी, पारदर्शी हुने तथा अपनत्वको विकास ।

५. शिक्षा योजनाको सफल कार्यान्वयन भएमा अन्य शैक्षिक सरोकारका संस्था र व्यक्तिलाई अनुकरण र अनुशरण गर्न गराउन ।

## ६.२.२ उद्देश्य

शिक्षा योजना प्रभावकारी कार्यान्वयनका उद्देश्य निम्नअनुसार रहेका छन् ।

१. शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता गर्नु ।

२. शिक्षा योजना कार्यान्वयनको अवस्थालाई मध्यावधि समीक्षा र सुधार गर्नु ।

## ६.२.३ रणनीति

१. तीनै तहका सरकारबाट प्राप्त हुने र जम्मा गरिने रकम सङ्कलन गरी शिक्षाको लागि वार्षिक बजेट तयार गर्ने तथा शैक्षिक कार्यक्रमहरू कार्यान्वयन गर्नका लागि आवश्यकता अनुसार समीक्षा गरी कार्यविधि तथा निर्देशिका तयार गरी कार्यान्वयन र सुधार गर्ने ।

२. निर्दिष्ट गरिएका कार्यक्रमहरूको नियमित अनुगमन गर्ने, कार्यान्वयनका उपलब्धिहरुलाई मध्यकालीन समयमा (५ वर्षमा) समिक्षात्मक विश्लेषण गरी सुधारका लागि पृष्ठपोषण र योजना संशोधन गर्ने ।

३. एकीकृत शैक्षिक सूचना प्रणाली, विद्यालय सुधार योजना, नियमित रुपमा कार्यान्वयन गर्ने ।

४. विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ नियम अनुसार गठन गरी जिम्मेवार बनाउने तथा अभिभावक, बुद्धिजिवी, विषय विज्ञ आदिको विद्यालयमा अर्थपूर्ण सहभागिता गराउने ।

५. प्रधानाध्यापकको कामलाई जिम्मेवार र उत्तरदायी बनाइ खरिद प्रक्रिया, कामको सार्वजनिकीकरणलाई प्रोत्साहन गर्दै कक्षाकोठामा बिताउने समय, शिक्षण कौशल र जवाफदेहिताका लागि शिक्षक कर्मचारीका निश्चित मापदण्ड तयार गर्ने ।

## ६.२.४ प्रमुख नतिजा तथा उपलब्धीहरू

योजना कार्यान्वयनबाट निम्न उपलब्धिहरू हासिल भएका हुनेछन् ।

१. शिक्षा योजना प्रभावकारी कार्यान्वयनको सुनिश्चितता भएको हुनेछ ।

२. शिक्षा योजनाको मध्यकालीन समीक्षा भई पृष्ठपोषण र सुधार भएको हुनेछ ।

३. शिक्षा क्षेत्रमा गरिएको लगानी नतिजामुखी र उपलब्धिमूलक भएको हुनेछ ।

### ६.२.५ नतिजा तथा  परिणात्मक लक्ष्य

शिक्षा योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य नतिजाहरूलाई निम्न तालिकाबाट उल्लेख गर्न सकिन्छ ।

| क.स | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य पाँच वर्ष | | | | | भौतिक लक्ष्य १० वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | जम्मा | |
| १ | वार्षिक बजेट तथा कार्यक्रम कार्यविधि निर्माण र प्रयोग | पटक | १ | १ | १ | १ | १ | ५ | १० | विद्यालय |
| २ | एकीकृत शैक्षिक सूचना प्रणाली सुदृढीकरण | आवश्यकता अनुसार | १ | १ | १ | १ | १ | ५ | १० | विद्यालय |
| ३ | विद्यालय सुधार योजना निर्माण तथा अध्यावधिक | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ४ | योजना कार्यान्वयनको समीक्षा र सुधार | मध्यावधि | – | – | १ | – | – | १ | २ | |
| ५ | नगर शिक्षा योजना निर्माण | पटक | – | १ | – | – | – | १ | २ | |
| ६ | खरिद तथा वित्तीय व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ७ | शिक्षकको कक्षा कोठामा बिताउने समय र मापदण्डको तयारी | आवश्यकता अनुसार | १ | १ | १ | १ | १ | ५ | १० | |
| ८ | शैक्षिक गुणस्तर सुधार सम्बन्धी अन्तरक्रिया | आवश्यकता अनुसार | १ | १ | १ | १ | १ | ५ | १० | |
| ९ | शिक्षा नियमावली अनुसारका १० प्रकारका खाताको व्यवस्थापन र निर्माण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |

# परिच्छेद - सात

## लगानी र स्रोत व्यवस्थापन

### परिचय

संवैधानिक एवं कानुनी प्रावधान अनुसार विद्यालय शिक्षामा समतामूलक पहुँच सहितको गुणस्तरीय शिक्षा प्रदान गर्नु तीनै तहका सरकारको साझा दायित्व रहेको छ । यसका लागि आवश्यक स्रोतको पहिचान प्राथमिकीकरण, स्रोतको उचित विनियोजन, प्रभावकारी कार्यन्वयन, अनुगमन तथा मूल्याङ्कन र प्रगति प्रतिवेदन सम्बन्धी व्यवस्था गर्नु आवश्यक छ । संवैधानिक व्यवस्था बमोजिम विद्यालय शिक्षाको वित्तीय व्यवस्थापनमा संघ, प्रदेश र स्थानीय तहको साझेदारी आवश्यक छ । नेपालको संविधान अनुसार स्थानीय तहको वित्तीय स्रोतका लागि संघीय स्रोतबाट सशर्त अनुदान, समानिकरण अनुदान, समपुरक अनुदान संघीय सरकारबाट स्थानीय तथा प्रदेश तहमा वित्तीय हस्तान्तरण हुने गरेको छ । सशर्त अनुदान सम्बन्धित संघीय विषयगत मन्त्रालयले तयार गरेका मापदण्डका आधारमा निर्धारित उद्देश्य वा कार्यक्रमको प्रयोजनका लागि खर्च गर्ने गरी स्थानीय र प्रदेश तहमा वित्तीय हस्तान्तरण गर्ने अभ्यास रहेको छ । स्थानीय तथा प्रदेश तहले संघीय सरकारबाट हस्तान्तरण हुने उल्लेखित विभिन्न किसिमका अनुदान बाहेक आफ्नै स्रोतमा आधारित बजेट तथा राजस्व बाँडफाँडबाट प्राप्त हुने बजेटबाट पनि शिक्षा क्षेत्रमा विनियोजन गर्ने व्यवस्था रहेको छ । स्थानीय तहले स्रोत प्रवन्धका लागि आन्तरिक ऋण समेत उठाउन पाउने व्यवस्था पनि रहेको छ । तर देउमाई नगरपालिकाले हाल सम्म आन्तरिक ऋण लिइएको छैन र ऋण लिने कुनै योजना पनि छैन । शिक्षामा आवश्यक पर्ने वित्तीय स्रोत कहाँबाट जुटाउने ? कुन - कुन क्षेत्रमा स्रोतको विनियोजन गर्ने ? विनियोजित स्रोतको प्रवाह कसरी गर्ने ? उपलब्ध स्रोतको उपयोग कुन निकायबाट गर्ने भन्ने विषयलाई यस परिच्छेदमा स्पष्ट शब्दमा विष्लेषण गरिएको छ ।

यस परिच्छेदमा परिच्छेद-३ का मुख्य उपक्षेत्रहरू, प्रारम्भिक बालविकास शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम र अनौपचारिक शिक्षा र आजीवन सिकाइ अन्तर्गत प्रस्ताव गरिएका क्रियाकलापका लागि साथै परिच्छेद ४ का अन्तरसबन्धित विषय तथा क्षेत्रहरू क्रमशः पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन, शिक्षक व्यवस्थापन र विकास, शैक्षिक समता र समावेशीकरण, विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम, विद्यालय सुरक्षा, विपद न्युनीकरण तथा उत्थानशीलता, विद्यालय भौतिक पूर्वाधार विकास, विद्यालयमा सुचना तथा सञ्चार प्रविधि अन्तर्गत निर्धारण गरिएका प्रस्तावित क्रियाकलापका लागि एंव परिच्छेद ५ मा उल्लेखित देउमाई नगरपालिकासँग सम्बन्धित अन्य उपक्षेत्रहरू निर्धारण गरी यस अन्तर्गत निर्धारण गरिएका प्रस्तावित कृयाकलापका लागि बजेट अनुमान, प्रक्षेपण स्रोतको पहिचान र व्यवस्थापनको योजना निर्माण गरिएको छ । स्रोतको पहिचान र विश्लेषण गर्दा संघीय सरकार, प्रदेश सरकार, स्थानीय सरकार र अन्य संघ संस्थाबाट प्राप्त हुने बजेटको अनुमान गरी कार्यन्वयन हुन सक्ने कार्यक्रमलाई प्राथमिकिकरण गरीएको छ ।

### ७.१ वर्तमान अवस्था

देउमाई नगरपालिकामा निम्न लिखित विषय क्षेत्रमा शिक्षामा लगानी र स्रोत व्यवस्थापनको अवस्था रहेको छ ।

- **शिक्षामा लगानी (संघ)**

देउमाई नगरपालिकामा संघीय स्रोतबाट सशर्त अनुदान र समपुरक अनुदानमा वित्तीय हस्तान्तरण हुने गरेको छ भने सशर्त अनुदान सम्बन्धित संघीय विषयगत मन्त्रालयले तयार गरेका मापदण्डका आधारमा निर्धारित उद्देश्य वा कार्यक्रमको प्रयोजनको लागि खर्च गर्ने गरी स्थानीय तहमा वित्तीय हस्तान्तरण गर्ने अभ्यास रहेको छ। सोही बमोजिम देउमाई नगरपालिकामा खर्च गर्ने गरिएको छ।

- **प्रदेश**

प्रदेश तहबाट दुई प्रकारका बजेट प्राप्त हुन्छ। स्थानीय तहलाई प्राप्त हुने अनुदान र प्रदेशकै कार्यक्रम वा योजनाहरू देउमाई या सम्बन्धित स्थानीय तह भित्र सम्पन्न हुने कार्यक्रमको लागि प्राप्त हुने बजेट। प्रदेश सरकार बाटै निर्णय भई कार्यन्वयन हुने योजनाहरूमा स्थानीय तहले सहजीकरण वा माध्यम निकायको रूपमा मात्र कार्य गर्दछ। ती सबै कार्यक्रमहरू प्रदेश सरकार प्रति लक्षित हुन्छन। देउमाई नगरपालिकालाई प्राप्त हुने प्रदेश अनुदान रकम देउमाई नगरपालिकाको वार्षिक नीति कार्यक्रममा तोकिएका योजनाहरूमा खर्च हुने गर्दछ। यसमा देउमाई नगरपालिकाको स्व विवेक निर्णय गर्ने अधिकार रहन्छ। प्रदेशबाट प्राप्त हुने रकमलाई शिक्षा क्षेत्रमा बढि भन्दा बढि खर्च गर्नु पर्ने देखिन्छ।

- **स्थानीय तहको स्रोत**

स्थानीय सरकार सञ्चालन ऐनले दिइएको अधिकार बमोजिम संघ तथा प्रदेश सरकारबाट प्राप्त हुने अनुदान बाहेक आफ्नै स्रोतमा आधारित बजेट तथा राजस्व बाँडफाँडबाट प्राप्तहुने बजेटबाट पनि शिक्षा क्षेत्रमा विनियोजन गर्ने गरेको छ। देउमाई नगरपालिकाको आफ्नै आन्तरिक स्रोतबाट शिक्षा क्षेत्रमा सबै भन्दा बढि प्रतिशत लगानी गरिएको छ। जस्तै आ. व. २०८१/०८२ मा कुल आम्दानी ५ करोड रहेकोमा ४ करोड ४२ लाख १२ हजार रूपैयाँ चालु खर्च प्रकृतिको रकम र १६ लाख ५० हजार ५ सय पुँजिगत प्रकृतिको रकम शिक्षा क्षेत्रमा विनियोजन भई कार्यान्वयनको क्रममा छ। जुन रकम आन्तरिक आम्दानीको ८०% भन्दा माथि हुन आउँछ। विभिन्न विद्यालयमा ४० जना भन्दा बढि नगर शिक्षण स्वयम्सेवकहरू नगर अनुदानको रूपमा कार्यरत छन। शिक्षक नियुक्तिको प्रवन्ध गर्ने जिम्मेवारी संघीय सरकारको भएकोले संघीय सरकारलेनै गर्नुपर्ने र हाल खर्च भइरहेको स्थानीय शिक्षा क्षेत्रको बजेट नघटाई गुणस्तर वृद्दि गर्ने जस्तै शिक्षक तालिम, शैक्षिक सामग्रीको व्यवस्थापन, शिक्षक सम्मान तथा प्रोत्साहन, विद्यार्थी सम्मान तथा प्रोत्साहन, छात्रवृत्ति, शिक्षक कल्याणकारी कोष, पाठ्यान्तर अतिरिक्त क्रियाकलाप आदि क्षेत्रमा विनियोजन गरी गुणस्तरीय शिक्षामा जोड दिइने छ। डिजिटल देउमाईको लक्ष्य अनुरूप 'डिजिटल कक्षाकोठा' निर्माण गर्दै जाने लक्ष्य रहेको छ।

- **विगत ५ वर्षमा स्थानीय तहले शिक्षा क्षेत्रमा गरेको लगानीको विश्लेषण**

देउमाई नगरपालिकाले आफ्नो कार्यभार सम्हाले देखि प्राप्त हुन आउने संघ र प्रदेश सरकारका सशर्त अनुदानहरू वा अन्य अनुदान र स्थानीय राजस्वबाट प्राप्त बजेटलाई एउटै वास्केट (Basket) मा राखी आफ्नो नीति कार्यक्रम अनुसार खर्चको बाँडफाँड तथा विनियोजन गरी योजना तथा कार्यक्रम कार्यान्वयन गर्दै आएको छ। विगत ५ वर्षमा यस नगरपालिकाले शिक्षा क्षेत्रमा गरेको लगानी यस प्रकार छ।

## आर्थिक वर्ष - २०७७/०७८

- **संघीय सरकारबाट प्राप्त बजेट**
  - आधारभूत तह – ११ करोड ५७ लाख
  - माध्यमिक तह – ३ करोड २४ लाख
  - विद्यालय क्षेत्र विकास कार्यक्रम – ६ करोड ६५ लाख ८० हजार
  - राष्ट्रपति खेलकुद – १ लाख
- **प्रदेश सरकार**
  - आर्थिक वर्ष ०७७/०८८ मा प्रदेश सरकारबाट शिक्षा क्षेत्रका लागि कुनै रकम प्राप्त नभएको।
- **स्थानीय सरकार**
  - चालु प्रकृतिको बजेट – ४८ लाख ९० हजार
  - पुँजिगत प्रकृतिको बजेट – ५० हजार

संघीय सरकारबाट प्राप्त बजेट तोकिएका शीर्षकहरूमा खर्च गरिएको र प्रदेश सरकारबाट आएको बजेट तोकिएकै शीर्षकमा खर्च गर्ने गरिएको तथा स्थानीय सरकारको बजेट नीति कार्यक्रममा उल्लेखित कार्यक्रमहरूमा खर्च गरिएको छ। सबै प्रकारका विनियोजित बजेटको खर्चको प्रगति ९८ प्रतिशत भन्दा माथि रहेको छ। यो आर्थिक वर्षमा स्थानीय तहको कूल बजेटको २८.०२ प्रतिशत शिक्षामा लगानी भएको छ।

## आर्थिक वर्ष २०७८/०७९

❖ **संघीय सरकारबाट**

- आधारभूत तह – ११ करोड ९० लाख १४ हजार
- माध्यमिक तह – ३ करोड २८ लाख
- विद्यालय शिक्षा योजना – ५ करोड २७ लाख २८ हजार
- राष्ट्रपति शैक्षिक सुधार – १ करोड ९ लाख ५० हजार
- राष्ट्रपति खेलकुद – १ लाख
- विशेष अनुदान – ९१ लाख

❖ **प्रदेश सरकारबाट**

- ५ लाख ३५ हजार

❖ **स्थानीय सरकार**

- ३ करोड ७३ लाख १० हजार – चालु प्रकृतिको
- १० लाख – पुँजीगत प्रकृतिको

आर्थिक वर्ष २०७८/०७९ मा देउमाई नगरपालिकाको कूल बजेटको २८.६५ प्रतिशत लगानी शिक्षा क्षेत्रमा गरिएको र ९८ प्रतिशत भन्दा बढि खर्च भएको देखिएको छ। जुन क्षेत्रका लागि विनियोजित बजेट त्यही क्षेत्रमा खर्च गरिएको र विषयान्तर गरिएको छैन। गत आर्थिक वर्ष भन्दा ०.६३ प्रतिशत शिक्षामा लगानी वृद्दि गरिएको छ।

## आर्थिक वर्ष ०७९/०८०

❖ **संघीय सरकारको बजेट**

- आधारभुत तह – १३ करोड ५६ लाख ६० हजार
- माध्यमिक तह - ३ करोड ४४ लाख
- विशेष अनुदान - १ करोड
- राष्ट्रपति खेलकुद – १ लाख
- ५ करोड २६ लाख ५२ हजार
- राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम – ८८ लाख

❖ **प्रदेश सरकार**

- १० लाख रूपैंया

❖ **स्थानीय सरकार**

- ४५ लाख ३० हजार (चालु प्रकृतिको)
- ८० हजार – पुँजीगत (प्रकृतिको)

आर्थिक वर्ष ०७९/०८० मा स्थानीय सरकार देउमाईको कुल बजेटको ३३.९१% लगानी शिक्षा क्षेत्रमा गरिएको जुन अघिल्ला आर्थिक वर्ष भन्दा ५.२६% वढि विनियोजन गरी ९८% भन्दा माथि खर्च गरिएको छ।

## आर्थिक वर्ष २०८०/८१

❖ **संघीय सरकारबाट**

- विशेष अनुदान – ७५ लाख
- आधारभूत तह – १४ करोड ८० लाख
- माध्यमिक तह – ३ करोड ८२ लाख
- विद्यालय शिक्षा क्षेत्र योजना – ४ करोड ४३ लाख
- प्राविधिक शिक्षा – ७ लाख
- राष्ट्रपति रनिङशिल्ड छनौट प्रतियोगिता – १ लाख

❖ **प्रदेश सरकार**

- मंगलबारे बहुमुखी क्याम्पसको लागि – ७ लाख

- विद्यालयलाई – १४ लाख (कुल जम्मा २१ लाख)

❖ **स्थानीय सरकार**

- ३ करोड ८३ लाख ३० हजार – चालु प्रकृतिको
- ४ लाख ८० हजार – पुँजीगत प्रकृतिको

यस आर्थिक वर्ष ०८०/०८१ मा स्थानीय सरकारको कुल बजेटको ३८.८५% लगानी शिक्षा क्षेत्रमा गरिएको जुन अघिल्लो आर्थिक वर्षको तुलनामा ४.९४% वढि हो जसलाई ९८% भन्दा बढि खर्च गरिएको छ।

## आर्थिक वर्ष २०८१/०८२

❖ **संघीय सरकार**

- विद्यालय शिक्षा – ४ करोड ४१ लाख ८९ हजार
- आधारभुत शिक्षा (सबैका लागि शिक्षा) – १४ लाख ९५ हजार ५६
- माध्यमिक तह – ३ करोड ८० लाख ४० हजार
- प्राविधिक शिक्षा – ७ लाख
- विशेष अनुदान – ५० लाख (जीतपुर मा. वि.)

❖ **प्रदेश सरकार**

- मंगलबारे वहुमुखी क्याम्पस – ४ लाख
- विद्यालय खेल मैदान निर्माण – १५ लाख

❖ **स्थानीय तह**

- ४ करोड ४२ लाख १२ हजार – चालु
- १६ लाख ५० हजार ५ सय – पुजीगत

यो आर्थिक वर्ष ०८०/०८१ मा स्थानीय तह देउमाई नगरपालिकाको शिक्षा क्षेत्रमा कुल बजेटको ३७.७६% लगानी छ। जुन अघिल्लो आ. व. भन्दा १.०९% कमी हो। उक्त बजेट सतप्रतिशत खर्च गर्ने लक्ष्य राखी कार्यान्वयन भइरहेको छ। विगत ५ वर्षको शिक्षा क्षेत्रको लगानीलाई हेर्दा देउमाई नगरपालिकाको कुल बजेटको ३८.८५% (विगत ५ वर्षको उच्च अंक) सम्म रकम विनियोजन गरी खर्च गरिएको छ। बजेटको ठुलो हिस्सा गुणस्तर वृद्दिका लागि शिक्षकको तलव भत्तामा खर्च भएको छ। अन्य क्षेत्रमा आवश्यक पर्ने आवश्यक बजेट केही कम भएको छ। देउमाई नगरपालिका भित्रका विद्यालयले उत्पादन गरेका विद्यार्थी विश्व बजारमा विकाउन अझै लगानी वृद्दि गर्न र गुणस्तरीयताको समयानुकूल परिभाषित गरी सुक्ष्म विश्लेषण गर्दै कार्यान्वयनमा जोड दिइनेछ। हालसम्म यस नगरपालिकालाई कुनै राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ संस्था वा व्यक्तिबाट बिशेष सहयोग जुटेको छैन। त्यसैले लगानी प्रवन्धका लागि संघ संस्था वा व्यक्तिसँग स्थानीय तहले समन्वय गरी लगानीको वातावरण सिर्जना गरिने छ। जसले समग्र नगरपालिकाको शैक्षिक अवस्था सुदृढ हुने र लगानीकर्ताको अपनत्व बढ्न गई गुणस्तर वृद्दि हुने निश्चित छ।

- **विभिन्न संघ संस्थाबाट शिक्षा क्षेत्रमा भएको लगानीको अवस्था तथा कार्यक्रमको विवरण**

हालसम्म यस देउमाई नगरपालिकालाई कुनै राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ संस्थाहरूले लगानी गरेको छैन। केही निजी संघ-संस्था तथा व्यक्तिहरूले पालिका स्तरमा नभई विद्यालय स्तरमा विद्यार्थीहरूलाई शैक्षिक सामग्री, खेलकुद सामग्री, न्यानो कपडा आदि वितरण गरेको छ। आगामी आर्थीक वर्षहरूमा राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ संस्थासँग सम्वन्वय गरी लगानी गर्ने अवस्था सिर्जना गरिने छ।

- **देउमाई नगरपालिकाको असल अभ्यासहरु**

स्थानीय तह देउमाई नगरपालिकाले संघ र प्रदेशबाट प्राप्त विभिन्न अनुदानका अतिरिक्त आफ्नै स्रोतमा आधारित बजेट तथा राजस्व बाँडफाँडबाट प्राप्त हुने बजेटबाट पनि शिक्षा क्षेत्रमा लगानी गरेको छ। उक्त लगानी प्रवर्धनका लागि यस पालिकाले गरेका असल अभ्यास निम्नानुसार छन।

- अंग्रेजी, गणित, विज्ञान, कम्प्युटर शिक्षणको लागि नगर शिक्षण स्वयंसेवक व्यवस्था।
- वालविकास शिक्षक र विद्यालय कर्मचारीका लागि मासिक अपुग तलव भत्ताको व्यवस्था गरिएको।
- आधारभूत तह सञ्चालित विद्यालयलाई कम्प्युटर, फोटोकपि, प्रिन्टर र इन्टरनेटको व्यवस्था गरिएको।
- विद्यालयहरूमा विज्ञान प्रयोगशाला, ICT LAB को व्यवस्था गरिएको।
- नगरपालिका भित्रका संथागत विद्यालयहरूलाई समेत शैक्षिक सामग्रीहरू विज्ञान सामग्री, खेलकुद सामग्री वितरण गरिएको
- बालविकास तह देखी माध्यमिक तह सम्मका शिक्षकहरूका लागि क्षमता विकास तालिम सञ्चालन गरिएको विद्यालयका प्रधानाध्यापक तथा लेखा कर्मचारीहरूलाई लेखा व्यवस्थापन सम्बन्धी तालिम सञ्चालन गरिएको।
- संगीत, वाद्यबादन तथा खेलकुद सम्बन्धित शिक्षकलाई तालिम साथै विद्यालय स्तरमा खेलकुद प्रशिक्षण सञ्चालन गरिएको।
- भौतिक तर्फ शौचालय भवन निर्माण, मर्मत, रङरोगन, जस्तापाता वितरण, खेल मैदान स्तरोन्नति, खानेपानी तथा सरसफाई कार्यक्रम सञ्चालन गरिएको।
- माध्यमिक तहमा विद्यालय स्वास्थ्यकर्मी व्यवस्था गरिएको।
- सिकाइ उपलब्धिको आधारमा, कार्य सम्पादनको आधारमा, प्र. अ., शिक्षक, विद्यार्थी सम्मान तथा प्रोत्साहन गर्ने गरिएको
- हरेक वर्ष विद्यालय सामुहिक सुपरीवेक्षण गरिएको।
- नगरस्तरीय खेलकुद प्रतियोगिता सञ्चालन गरी पुरस्कृत गर्ने गरिएको।
- स्काउट सम्बन्धी विविध गतिविधि सञ्चालन गरीएको।
- कक्षा ४ देखि कक्षा ९ सम्मका बार्षिक परीक्षाहरु नगर स्तरीय रुपमा सञ्चालन गर्ने गरिएको।
- शिक्षक डायरीको व्यवस्था गरी योजनाबद्ध सिकाइ वातावरण निर्माण गरिरएको।

- आधारभूत तहको स्थानीय विषयको पाठ्यक्रमको निर्माण तथा पाठ्यपुस्तक लेखन कार्य सम्पन्न गरी लागु गरिएको ।

### ❖ अवसर

- स्थानीय आवश्यकता अनुसार शिक्षामा लगानी गर्न ।
- आवश्यकताको प्राथमिकीकरण पहिचान गर्न ।
- नगरपालिकालाई एक शैक्षिक गन्तव्यको रूपमा विकास गर्न ।
- आवश्यकतामा आधारित राष्ट्रिय अन्तराष्ट्रिय संघ संस्थासँग लगानीको वातावरण सिर्जना गर्न ।
- स्थानीय स्रोत र साधनको समुचित परिचालन गर्न ।
- स्रोत तथा लगानी प्रक्षेपण गर्न ।
- वित्तीय गतिविधिलाई पारदर्शी, जवाफदेही र सरलीकृत गरी वित्तीय सुसाशन कायम गर्न ।
- शिक्षा क्षेत्रमा लगानी वृद्धि र दिगो श्रोत व्यवस्थापन गर्न ।
- तीनै तहका सरकारलाई शिक्षामा लगानीको लागि जिम्मेवार बनाई शिक्षालाई व्यापारिक नभई सेवामूलक व्यावसायको रूपमा विकास गर्न ।
- आधुनिक प्रविधिमैत्री शिक्षण सिकाइ सञ्चालन गर्ने आवश्यक स्रोतको व्यवस्था गर्न ।
- शिक्षामा समता र समावेशिता सुनिश्चित गर्दै विपन्न, सुविधा विहिन, अपाङ्ग, कठिन परिस्थितिका बालवालिकाको पहुँच र सहभागिता बृद्धि गर्न पर्याप्त लगानी गर्न ।

### ❖ चुनौतीहरु

- पर्याप्त लागानीका लागि स्रोत व्यवस्थापन गर्न
- योजनाको सफल कार्यान्वयन गर्न
- संघ, प्रदेश र स्थानीय तहबिच समन्वय गर्ने संयन्त्र विकास गर्न
- लक्ष्य अनुसार प्रगति हासिल गर्न
- पारदर्शिता, जवाफदेहिता र गुणस्तरीयता कायम गर्नसमय सापेक्ष दक्ष मानवस्रोतको व्यवस्था गर्न
- सरकारी तथा गैह्र सरकारी संघ संस्थाहरुसँग पर्यापत सहकार्यको वातावरण निर्माण गर्न

## ७.२ उद्देश्य

शिक्षामा लगानी र स्रोत व्यवस्थापनसँग सम्बन्धित देउमाई नगरपालिकाका उद्देश्य निम्नानुसार छन् ।

- लगानी र स्रोत व्यवस्थापनमा प्रभावकारिता ल्याउनु ।
- योजनामा समावेश भएका कार्यक्रम कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोत पहिचान गर्नु ।
- उपलब्ध स्रोतहरुको आधारमा कार्यक्रमको प्रथमिकता निर्धारण गरि कार्यक्रम कार्यान्वयन गर्नु ।
- नगर शिक्षा सहयोग कोषको स्थापना गरी शैक्षिक लगानीमा जोड दिनु ।

- वित्तीय अनुशासन कायम गर्नु

### ७.३ रणनीतिहरु

उल्लेखित उद्देश्य हासिल गर्नको लागि देउमाई नगरपालिकाले अपनाउने रणनीतिहरू निम्नानुसार छन् ।

- संघीय र प्रदेश सरकारको लगानीको अनुपातमा स्थानीय सरकारले आफ्नो स्रोतबाट शिक्षामा लगानी वृद्धि गर्ने
- विद्यालय शिक्षामा पहुँच सहभागिता एवम् गुणस्तर सुनिश्चित गर्न लगानी प्रभावकारिता बढाउने ।
- वार्षिक रूपमा हाल कायम गरिएको  शिक्षा क्षेत्रको वजेटलाई सुनिश्चित गर्ने ।
- शिक्षामा निजी तथा गैर सरकारी क्षेत्रको लगानीलाई उचित नियमनका साथ प्रोत्साहन तथा प्रवर्धन गर्ने ।
- मापदण्डका आधारमा खर्च र प्रतिवेदन पद्दति अवलम्बन गर्ने ।
- वित्तीय व्यवस्थापन सम्बन्धमा सुधार ल्याई वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्वलाई सवल बनाउने ।
- लागत साझेदारीमा आधारित कार्यक्रम सञ्चालन गर्ने ।

### ७.४ प्रमुख उपलब्धि

### उपलब्धि

- यो नगरपालिका शैक्षिक योजनाको कार्यान्वयन पश्चात शैक्षिक गुणस्तर कायम भएको, आर्थिक र शैक्षिका रुपमा  पारदर्शी तथा जवाफदेही बनेको एवम् शैक्षिक गन्तब्यको रुपमा विकास भएको हुनेछ ।

### नतिजाहरु

- शैक्षिक पहुँच, समता, गुणस्तर र क्षमता विकासमा आवश्यक स्रोतको व्यवस्थापन भएको हुनेछ ।
- वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्वमा सुदृढ भएको हुने छ ।
- लगानी र स्रोत व्यवस्थापनमा प्रभावकारिता वृद्धि हुनेछ ।
- स्थानीय स्रोत र साधनको समुचित प्रयोग भएको हुनेछ ।
- वित्तीय लक्ष्य प्राप्त भई गुस्तरीय प्रतिफल प्राप्त भएको हुनेछ ।
- प्राप्त वित्तीय स्रोत पहिचान भई कार्यक्रम कार्यान्वयन प्रभावकारी भएको हुनेछ ।
- कार्यक्रमको प्राथमिकीकरणले वित्तीय लगानी सुनिश्चित भएको हुनेछ ।
- नगर शिक्षा कोषको स्थापना भई शैक्षिक लगानीमा वृद्दि भएको हुनेछ ।
- शैक्षिक सरोकारवालाहरूलाई शिक्षा विकासका लागि अभिप्रेरित गराइनेछ र विशेष संरचना निर्माण गरी कोषको स्थापना गरिनेछ ।

## ७.५ प्रमुख क्रियाकलाप र लक्ष्य

### प्रारम्भिक वालविकास शिक्षा (संघीय सरकारका लागि प्रस्ताव)

| क. स. | अनुदान प्राप्त हुने क्रियाकलाप | आर्थिक वर्ष ०८१/०८२ | आ.व. ०८२/०८३ | आ.व. ०८३/०८४ | आ.व. ०८४/०८५ | आ.व. ०८५/०८६ | पाँच वर्षको जम्मा | १० वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक वालविकास सहजकर्ता पारिश्रमिक | १०६६०००० | १०९७८०० | ११३०९१९४ | ११८७४६५४ | १२४६८३८७ | ५७२९२०३४ | ११४५८४०६९ |
| २ | प्रति विद्यार्थी लागत | ३३७५०० | ३४४२५० | ३५११३५ | ३५८१५८ | ३६५३२१ | १७५६३६४ | ३५१२७२८ |
| ३ | सहयोगी कार्यकर्ता पोशाक | ८२०००० | ८२०००० | ८२००००. | ८२००००. | ८२०००० | ४१०००००० | ८२०००००० |
| ४ | दिवा खाजा | १८२२५०० | २००४७५० | २२०५२२५ | २४२५७४८ | २६६८३२२ | १११२६५४५ | २२२५३०९० |
| ५ | कार्यक्षमता अभिवृद्धि | ० | ५००००. | ७००००. | ९००००. | ११००००. | ३१००००. | ६२००००. |
| | जम्मा | १३६४०००० | ४३१६८०० | १४७५५५५४ | १५५६८५६० | १६४३२०३० | ७४५८४९४३ | १४९१६९८८७ |

### आधारभूत शिक्षा (संघीय सरकारका लागि प्रस्ताव)

| क. स. | अनुदान प्राप्त हुने क्रियाकलाप | आर्थिक वर्ष ०८१/०८२ | आ.व. ०८२/०८३ | आ.व. ०८३/०८४ | आ.व. ०८४/०८५ | आ.व. ०८५/०८६ | पाँच वर्षको जम्मा | १० वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | शिक्षक तलव भत्ता | १४९५५६००० | १६४५११६०० | १८०९६२७६० | १९९०५९०३६ | २१८९६४९४० | ९१३०५४३३६ | १८२६१०८६७२ |
| २ | विद्यालय कर्मचारी तलब | ५०००० | ५५०००० | ६०५००० | ६६५५०० | ७३२०५० | ३०५२५५० | ६१०५१०० |
| ३ | निःशुल्क पाठ्यपुस्तक | २१३५६०३ | २१४५६०३ | २१५५६०३ | २१६५६०३ | २१७५६०३ | २१८५६०३ | ४३७१२०६. |
| ४ | दिवा खाजा(१-५) | ४०६३५०० | ४४६९८५० | ४९१६८३५ | ५४०८५१८ | ५९४९३७० | २०७८५१७० | ४१५७०३४० |
| ५ | विद्यालय संचालन तथा व्यवस्थापन | २३२०००० | २५५२००० | २८०७२०० | ३०८७९२० | ३३९६७१२ | १४१६३८३२ | २८३२७६६४ |
| ६ | शैक्षिक पहुँच सुनिश्चितता औपचारिक वैकल्पिक शिक्षा कार्यक्रम ( परम्परागत विद्यालय) | १७००००० | १८७०००० | २०५७००० | २२६२७०० | २४८८९७० | १०३७८६७० | २०७५७३४० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ७ | विद्यालय शैक्षिक गुणस्तर सुदृढिकरण एवम् कार्यसम्पादनमा आधारित कार्यक्रम | २१५०००० | २३६५००० | २६०१५०० | २८६१६५० | ३१४७८१५ | १०५५०४६५ | २११००९३० |
| ८ | शैक्षिक शुसासनका लागि संस्थागत क्षमता विकास विद्यार्थी परीक्षा मूल्याङ्कन, शिक्षक मेन्टेनिङ् तथा विद्यालय सुपरिवेक्षण | १४८२००० | १५२६४६० | १५७२२५३ | १६१९४२१ | १६६८००३ | ७८६८१३७ | १५७३६२७४ |
| ९ | सिकाई आपुरण तथा द्रुत सिकाई योजना (REAL) | ५००००० | ५५०००० | ६०५००० | ६६५५०० | ७३२०५० | ३०५२५५० | ६१०५१०० |
| १० | शिक्षण सहयोग अनुदान (६-८) | १८४६००० | २०३०६०० | २२३३६६० | २४५७०२६ | २७०२७२८ | ११२७००१४ | २२५४००२८ |
| ११ | प्रति विद्यार्थी लागतका आधारमा सिकाई सामग्री तथा डिजिटल सिकाई सामग्री व्यवस्थापनका लागि विद्यालय अनुदान | ४६५८५० | ५१२४३५ | ५६३६७९ | ६२००४ | ६८२०५० | २८४४०६० | ५६८८१२० |
| १२ | सार्वजनिक विद्यालयका लागि अध्ययनरत छात्र छात्राहरुका लागि छात्रावृत्ति | ४३१००० | ४५१००० | ४६१००० | ४७१००० | ४८१००० | २२९५००० | ४५९०००० |
| जम्मा | | १६६६९९९५३ | १८३५३४५४८ | २०१५४१४९० | २२१३४३९२० | २४३१२१२९१ | १००१५००३८७ | २००३०००७७४ |

## माध्यमिक शिक्षाका लागि संघीय सरकारका लागि प्रस्तावः

| क्र.स | अनुदान प्राप्त हुने क्रियाकलाप | आर्थिक वर्ष ०८१/०८२ | आ.व. ०८२/०८३ | आ.व. ०८३/०८४ | आ.व. ०८४/०८५ | आ.व. ०८५/०८६ | पाँच वर्षको जम्मा | १० वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | शिक्षक तलव भत्ता | ३८४०००००० | ४२२४००००० | ४६४६४३०० | ५१११०७०० | ५६२२१७७० | १८८४३७७७० | ३७६८७५५४० |
| २ | निःशुल्क पाठ्यपुस्तक ( ८-१२) | ९६३३९७ | ९९२२९९ | १०९१५२९ | ११२४२७५ | ११५८००३ | ५३२९५०३ | १०६५९००६ |
| ३ | विद्यालय संचालन तथा व्यवस्थापन | ५५५००० | ६१०५०० | ६७१५५० | ७३८७०५ | ८१२५७५ | ३३८८३३० | ६७७६६६० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ४ | निःशुल्क सेनिटरी प्याड ( ६-१२) | १३८०००० | १५१८००० | १६६९८०० | १८३६७८० | २०२०४५८ | ८४२५०३८ | १६८५००७६ |
| ५ | शैक्षिक सुशासनका लागि संस्थागत क्षमता विकास ( विद्यार्थी परीक्षा मूल्याङ्कन शिक्षक मेन्टरीङ तथा विद्यालय सुपरीवेक्षण ) | १३५३८५० | १३९४४६५ | १४३६२९९ | १४७९३८८ | १५२३७७० | ७१८७७७२ | १४३७५५४४ |
| ६ | विपन्न लक्षित छात्रवृत्ति (६-१२) | ५७९००० | ६३६९०० | ७००५९० | ७७०६४९ | ८४७७१४ | ३५३४८५३ | ७०६९७०६ |
| ७ | शिक्षण सहयोग अनुदान (९-१२) | ५७८००० | ६३५८०० | ६९९३८० | ७६९३१८ | ८४६२५० | ३५२८७४८ | ७०५७४९६ |
| ८ | प्रति विद्यार्थी लागतका आधारमा सिकाई सामग्री तथा डिजिटल सिकाई सामग्री व्यवस्थापनका लागि विद्यालय अनुदान | १४५४४५० | १५९९८९५ | १७५९८८५ | १९३५८७३ | १९५५२३१ | ८७०५३३४ | १७४१०६६८ |
| | जम्मा | ४५२६३६९७ | ४९६२७८५९ | ५४४९३३३३ | ५९७६५६८८ | ६५३८५७७१ | २२८५३७३४८ | ४५७०७४६९६ |

## वालविकास शिक्षा (प्रदेश सरकारका लागि प्रस्ताव)

| क.स | अनुदान प्राप्त हुने क्रियाकलाप | आ.व. ०८१/०८२ | आ.व. ०८२/०८३ | आ.व. ०८३/०८४ | आ.व. ०८४/०८५ | आ.व. ०८५/०८६ | पाँच वर्षको जम्मा | १० वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | सहयोगी कार्यकर्ता पारिश्रमीक थप | ० | ८२०००० | ८६१००० | ९०४०५० | ९६७३३३ | ३५५२३८३ | ७१०४७६६ |
| २ | प्रति विद्यार्थी लागत थप | ० | १३५००० | १४१७५० | १४१७५० | १५३०९० | ५७१५९० | ११४३१८० |
| ३ | सहयोगी कार्यकर्ता आधारभूत तालिम | ० | ५००००० | ५५०००० | ६००००० | ७००००० | २३५०००० | १४७९९७८ |
| ४ | पाठ्यक्रम प्रवोधिकरण | ० | २००००० | २५०००० | ३००००० | ३५०००० | ११००००० | २२००००० |
| | जम्मा | ० | १६५५००० | १८०२७५० | १९४५८०० | २१७०४२३ | ७५७३९७३ | ११९२७९२४ |

## आधारभूत शिक्षाका लागि प्रदेश सरकारका लागि गरिएको प्रस्तावः

| क्र.स | अनुदान प्राप्त हुने क्रियाकलाप | आ.व. ०८१/०८२ | आ.व. ०८२/०८३ | आ.व. ०८३/०८४ | आ.व. ०८४/०८५ | आ.व. ०८५/०८६ | पाँच वर्षको जम्मा | १० वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | विद्यालय घेराबारा | ० | २५००००० | २६००००० | २७००००० | २८००००० | १०६००००० | २१२००००० |
| २ | क्षमता विकास तालिम | ० | २००००० | ३००००० | ४००००० | ५००००० | १४००००० | २८००००० |
| ३ | कक्षाकोठा मर्मत | ० | १०००००० | २०००००० | ३०००००० | ४०००००० | १००००००० | २००००००० |
| ४ | वालमैत्री शिक्षण | ० | २००००० | २५०००० | ३००००० | ३५०००० | ११००००० | २२००००० |
| ५ | शिक्षण सहयोग अनुदान | ० | ४००००० | ५००००० | ६००००० | ७००००० | २२००००० | ४४००००० |
| | जम्मा | ० | ४२००००० | ३८००००० | ४३००००० | १४२००००० | १६३००००० | ३२६००००० |

## माध्यमिक तहका लागि प्रदेश सरकारका लागि प्रस्ताव गरिएको

| क्र.स | अनुदान प्राप्त हुने क्रियाकलाप | आर्थिक वर्ष ०८१/०८२ | आ.व. ०८२/०८३ | आ.व. ०८३/०८४ | आ.व. ०८४/०८५ | आ.व. ०८५/०८६ | पाँच वर्षको जम्मा | १० वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | खेलमैदान | १५००००० | १६००००० | १७००००० | १८००००० | १९००००० | ८५००००० | १७०००००० |
| २ | क्याम्पस अनुदान | ४००००० | ५००००० | ६००००० | ७००००० | ८००००० | ३०००००० | ६०००००० |
| ३ | विद्यालय नर्स व्यवस्थापन | ८००००० | ८५०००० | ९००००० | ९५०००० | १०००००० | ४५००००० | ९०००००० |
| ४ | विद्यालय घेराबारा | ० | १०००००० | १०५०००० | ११००००० | ११५०००० | ४३००००० | ४६००००० |
| ५ | क्षमता विकास तालिम | ० | ३००००० | ३५०००० | ४००००० | ४५०००० | १५००००० | ३०००००० |
| ६ | कक्षाकोठा मर्मत संभार | ० | १५००००० | १५५०००० | १६००००० | १६५०००० | ६३००००० | १२६००००० |
| ७ | वालमैत्री शिक्षण | ० | २५०००० | ३००००० | ३५०००० | ४००००० | १३००००० | २६००००० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ८ | शिक्षण सहयोग अनुदान | ० | ५८१९२२ | ६४०११५ | ७०४१२६ | ७७४५३८ | २७००७०१ | ५४०१४०२ |
| ९ | किशोरी सशक्तिकरण | ७५००० | ७६००० | ७७००० | ७८००० | ७९०००० | ३८५००० | ७७०००० |
| १० | विद्यालयमा सूचना तथा सञ्चार विकास सहयोग | ० | ३००००० | ३५०००० | ४००००० | ४५०००० | १५०००० | ३०००००० |
| ११ | प्राविधिक शिक्षा विकास सहयोग | ० | १०००००० | ११००००० | १२००००० | १३००००० | ४६००००० | ९२००००० |
| जम्मा | | २७७५००० | ७९५७९२२ | ८६१७११५ | ९२८२१२६ | १०६६४५३८ | ३८५८५७०१ | ७०४७१४०२ |

## वालविकास शिक्षा स्थानीय तह सरकारका लागि गरिएको प्रस्ताव

| क्र.सं. | अनुदान प्राप्त हुने कृयाकलाप | आ. व. २०८१/०८२ | आ. व. २०८२/०८३ | आ. व. २०८३/०८४ | आ. व. २०८४/०८५ | आ. व. २०८५/०८६ | ५ वर्षको जम्मा | १० वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | प्ररम्भिक बालविकास स.का. र विद्यालय कर्मचारी | १०५१७००० | ९८८०००० | १२६४९००० | १२६४९००० | १२६४९००० | ६३२४५००० | ५२९८००० |
| २ | नमुना वालविकास केन्द्र स्थापनाका लागि सहयोग | ० | ० | ८५०००० | ९००००० | ९५०००० | ११२५०००० | २२५००००० |
| ४ | सहयोगी कार्यकर्ता आधारभूत तालिम | ० | ० | ३००००० | ३५०००० | ४००००० | १३००००० | २६००००० |
| ५ | वालविकास केन्द्रको सजावट | | ५००००० | ५५०००० | ६००००० | ६५०००० | २३००००० | ४६००००० |
| जम्मा | | १०५१७००० | १२५८९६७० | १२९४८३९१ | १३३०८१७४ | १३६६९०३० | ६३०३२२६५ | १२६०६४५३० |

## आधारभूत तहका लागि स्थानीय सरकारले गरेको प्रस्ताव

| क्र.सं. | अनुदान प्राप्त हुने कृयाकलाप | आ. व. २०८१/०८२ | आ. व. २०८२/०८३ | आ. व. २०८३/०८४ | आ. व. २०८४/०८५ | आ. व. २०८५/०८६ | ५ वर्षको जम्मा | १० वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | नगर शिक्षक करार सेवा शुल्क | ६९२४००० | ७६१६४०० | ८३७८०४० | ९२१५८४४ | १०१३७४२८ | ४२२७१७१२ | ८४५४३४२४ |
| २ | स्थानीय पाठ्यपुस्तक निर्माण कार्यक्रम | २५००००० | २६००००० | २७००००० | २८००००० | २९००००० | १३५००००० | २७०००००० |
| ३ | शिक्षक तालिम गोष्ठी सञ्चालन (सवै तहका १-१२) | ५००००० | ५२५००० | ५५०००० | ६००००० | ६५०००० | २८२५००० | ५६५०००० |
| ४ | नगर स्तरीय परीक्षा सञ्चालन | ५००००० | ५२५००० | ५५०००० | ६००००० | ६५०००० | २८२५००० | ५६५०००० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ५ | TPD तालिम (१-१२) सवैलाई | १०००००० | ११००००० | १२००००० | १३००००० | १४००००० | ६०००००० | १२०००००० |
| ६ | अनुगमन मूल्याङ्कन (१-१२) | १००००० | १५०००० | २००००० | २५०००० | ३००००० | १०००००० | २०००००० |
| ७ | अभिभावक शिक्षा कार्यक्रम सञ्चालन | | ० | २५०००० | ३००००० | ३५०००० | ९००००० | १८०००० |
| ८ | वि. व्य. स., शि. अ. संघ क्षमता विकास कार्यक्रम | | ७५०००० | ८००००० | ८५०००० | ९००००० | ३३००००० | ६६००००० |
| ९ | वालवालिकाहरूको प्रतिभा प्रस्फुटन | | १५०००० | २००००० | २५०००० | ३००००० | ९००००० | १८००००० |
| १० | कार्य सम्पादनका आधारमा उत्कृष्ट सामुदायिक विद्यालय प्रोत्साहन कार्यक्रम | | १५०००० | २००००० | २५०००० | ३००००० | ९००००० | १८००००० |
| ११ | विद्यालयमा न्यूनतम पुर्वाधार विकासमा सहयोग | | ५००००० | ६००००० | ७००००० | ८००००० | २६००००० | ५२००००० |
| जम्मा | | ११५२४००० | १४०६६४०० | १५६२८०४० | १७११५८४४ | १८६८७४२८ | ७७०२१७१२ | १५२४२३४२४ |

## माध्यमिक तहका लागि स्थानीय सरकारले गरेको प्रस्ताव

| क्र.सं. | अनुदान प्राप्त हुने कृयाकलाप | आ. व. २०८१/०८२ | आ. व. २०८२/०८३ | आ. व. २०८३/०८४ | आ. व. २०८४/०८५ | आ. व. २०८५/०८६ | ५ वर्षको जम्मा | १० वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | नगर शिक्षक करार सेवा शुल्क | १२००००० | १३२०००० | १४५२००० | १५९७२०० | १७५६९२० | ७३२६१२० | १४६५२२४० |
| २ | विद्यालय स्वस्थ्य स्वयंसेवक कार्यक्रम | १४००००० | १५४०००० | १६९००० | १७१०९०० | १८८१९९० | ६७०१८९० | १३४०३७८० |
| ३ | नगर प्रमुख छात्रवृत्ति कार्यक्रम | ९००००० | ९५०००० | १०००००० | १०५०००० | ११००००० | ५०००००० | १०००००००० |
| ४ | सेनिटरी प्याड खरीद तथा वितरण कार्यक्रम (संस्थागत / सामुदायिक विद्यालय तथा क्याम्पस) | १०००००० | १०५०००० | ११००००० | ११५०००० | १२००००० | ५५००००० | ११०००००० |
| ५ | सामुदायिक विद्यालयमा स्काउट विकास कार्यक्रम | ५००००० | ५५०००० | ६००००० | ६५०००० | ७००००० | ३०००००० | ६०००००० |
| ६ | शैक्षिक पात्रो निर्माण तथा छपाई कार्यक्रम | १००००० | १२०००० | १४०००० | १६०००० | २००००० | ७२०००० | १४४०००० |
| ७ | मंगलवारे वहुमुखी क्याम्पसलाई शैक्षिक सहयोग अनुदान | ४०००००० | ० | ० | ० | ० | ० | ० |
| ८ | खान्द्रुङ मा. वि. विज्ञान संकाय पठनपाठन कार्यक्रम | २५५०००० | २६००००० | २६५०००० | २७००००० | २७५०००० | १३२५०००० | २६५००००० |
| ९ | व्यवस्थापन तथा नगर भित्र सञ्चालन हुने खेलकुद कार्यक्रम सञ्चालन (सवै तहमा) | २०००००० | २०५०००० | २१००००० | २१५०००० | २२००००० | १०५००००० | २१०००००० |
| १० | नमुना विद्यालयको अवलोकन भ्रमण | | | २००००० | २००००० | २००००० | ६००००० | १२०००० |
| ११ | अनुगमन मूल्याङ्कन | १००००० | १००००० | १०००००० | १००००० | १००००० | ५००००० | १०००००० |
| १२ | प्रतिभा प्रस्फुटनका | | २०००० | ३०००० | ४०००० | ५०००० | १४०००० | २८०००० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | लागि कार्यक्रम सञ्चालन | | | | | | | |
| १३ | राष्ट्रपति रनिङ शिल्ड | १००००० | २००००० | २००००० | २००००० | २००००० | ९००००० | १८०००० |
| १४ | वाल क्लव, जु. रे. स. का लागि क्षमता विकास तालिम | | ५०००० | ६५००० | ८०००० | ९५००० | २९०००० | ५८०००० |
| १५ | विद्यालय मर्मत संभार | | | ३५००००० | ४०००००० | ४५००००० | १२००००० | २४००००० |
| १६ | स्मार्ट सामुदायिक विद्यालय व्यवस्थापन | | | ८००००० | १०००००० | १२००००० | ३०००००० | ६०००००० |
| | जम्मा | १३८५०००० | १०५५०००० | १५००६००० | १६७८८१०० | १८१३३९१० | ५८६२८०१० | ११४५५६०२० |

# परिच्छेद - आठ

## अनुगमन तथा मूल्याङ्कन

## परिचयः

शैक्षिक कार्यक्रममा स्रोत साधनको विनियोजन, वितरण, लगानी, कार्यक्रम कार्यान्वयन प्राप्ति तथा प्रगतिको बारेमा नियमित रुपमा निगरानी निरीक्षण, पुनर्निरीक्षण, पर्यवेक्षण एवम् जाँचबुझ गर्ने गराउने कार्य अनुगमन हो। यो सामान्यतया कार्यक्रम कार्यान्वयनको चरणमा गरिन्छ। यसले कार्यक्रमको प्रगति र बर्तमान स्थितिको बारेमा जानकारी गराउँछ।

शैक्षिक कार्यक्रमको सान्दर्भिकता, उपयुक्तता, दक्षता र प्रभावकारीताको सन्दर्भमा सुव्यवस्थित एवम् उद्देश्यपूर्ण ढंगले गर्ने जाँचबुझ तथा लेखाजोखा गर्ने कार्य मूल्याङ्कन हो। यो प्रतिफल र प्रभावसँग बढी केन्द्रित हुन्छ। मूल्याङ्कन कार्यक्रम सञ्चालनका साथै कार्यक्रम सम्पन्न भएपछि पनि गरिन्छ।

देउमाई नगरपालिकाको शैक्षिक कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन स्थानीय सरकार, प्रदेश सरकार र संघीय सरकारका मातहतका सम्बन्धित कार्यालयवाट गरिनेछ। शैक्षिक कार्यक्रमको अनुगमन तथा मूल्याङ्कनका लागि मापदण्ड तथा सूचकहरुको बिकास गरी ती सूचकहरुको आधारमा सञ्चालन गरिनेछ। अनुगमन तथा मूल्याङ्कन आवश्यकता अनुसार नियमित, आवधिक, मध्यावधिक तथा अन्तिम रुपमा गरिनेछ। अनुगमन मूल्याङ्कनबाट प्राप्त भएका नतिजाहरुको विश्लेशण गरी भावी कार्यक्रमहरु तर्जुमा गरिनेछ।

## ८.१ वर्तमान अवस्था

नेपालको संबिधान २०७२ अनुसार स्थानीय तहका २३ वटा अधिकारहरु मध्ये माध्यमिक तहसम्मको शिक्षाको व्यवस्थापन गर्ने एउटा मुख्य अधिकार हो। विद्यालय शिक्षाको अधिकांश अधिकार स्थानीय तहमा रहेको छ। स्थानीय तहबाट मूल्याङ्कन सम्वन्धी केही कार्यहरू भइरहेका छन्। देउमाई नगरपालिकाले अनुगमन तथा मूल्याङ्कनलाई योजनाको अभिन्न अंगका रूपमा लिदै नगर शिक्षा संयन्त्रलाई चुस्त दुरस्त बनाउँदै आवश्यकता अनुसार शिक्षा, युवा तथा खेलकुद शाखाबाट नगरपालिकाभित्र रहेका सामुदायिक तथा संस्थागत विद्यालयहरुको अनुगमन तथा मूल्याङ्कन हुने गरेको छ। शिक्षा शाखाले शिक्षण सिकाइमा सुधार गर्ने उद्देश्यले स्थानीय विज्ञ शिक्षकहरुको समूह बनाइ सामुहिक अनुगमन कार्यको थालनी गरेको अवस्था रहेको छ। जसबाट शिक्षकलाई सिकाइको क्रममा आइपर्ने बिभिन्न पेशागत समस्याको समाधान हुनुका साथै विद्यालयको बिभिन्न शैक्षिक, प्रशासनिक र व्यवस्थापकीय पक्षमा सुधार हुँदै गएको महशुस भएको छ। विज्ञबाट हुने कक्षा कोठाको अनुगमनले शिक्षण सिकाइ सहजीकरण प्रक्रियामा हुने कठीनाइहरु समाधान गर्न र विज्ञको नमुना कक्षा प्रदर्शनीबाट नवीन विधि र प्रविधिहरु हस्तान्तरणको सुनौलो अवसर प्राप्त भएको छ। यस कार्यले शिक्षाका सरोकारवाला सबैमा थप हौसला र प्रेरणा मिलेको छ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४, विद्यालय शिक्षा क्षेत्र योजना, अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन आदिका आधारमा शैक्षिक योजना निर्माण गरी शिक्षा, युवा तथा खेलकुद शाखाले अनुगमन तथा मूल्याङ्कन गर्ने गरेको छ। नगरपालिका भित्रका खासगरी माध्यमिक तहका विद्यालयहरुमा ई–हाजिरी र सिसि क्यामेराहरु जडान गरी शिक्षक विद्यार्थीको उपस्थिति र विद्यालय गतिविधिहरुको अनुगमन तथा मूल्याङ्कन गर्ने गरिएको छ। मूल्याङ्कनमा प्रयोग गर्ने गरिएको सूचना तथा प्रविधिको प्रयोगले यो प्रयासलाई थप उपयोगी बनाएको छ। अनुगमनको क्रममा प्राप्त भएका सबै उपलब्धिहरुलाई समीक्षा र विश्लेषण गरी उत्कृष्ट नतिजा हाँसिल गर्ने विद्यालयहरुलाई प्रोत्साहन गरिदै

आएको छ । यस बाहेक सहभागिता तथा सामूहिक सुपरिवेक्षण गरी शिक्षक पेशागत विकासका कार्यक्रमहरु, अभिमुखिकरण, प्रवोधिकरण, शारीरिक शिक्षा र  सङ्गीत सम्वन्धी तालिम आयोजना गरी अनुगमनलाई नतिजामा आधारित बनाई उपलब्धि परिक्षण गरिंदै आएको वर्तमान अवस्था छ।

## ८.२ उद्धेश्य

१. अनुगमन तथा मूल्याङ्कनका लागि समन्वयात्मक एवं एकत्रित प्रणाली विकास गर्नु,

२. अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई नतिजामुखी बनाउनु,

३. योजना कार्यान्वयनमा आएका समस्या तथा चुनौतिहरुलाई सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल गर्नु

४. आधारभूत तथा माध्यमिक तहको आन्तरिक मूल्याङ्कनको प्रभाबकारी कार्यान्वयन गर्नु

## ८.३ रणनीति

१. कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदनका लागि एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली सन्चालनमा ल्याउने

२. नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणाली अवलम्बन गर्ने

३. विद्यार्थी उपलब्धि परीक्षण तथा विद्यालय कार्यसम्पादन परीक्षणलाई थप व्यवस्थित र नियमित गर्ने

४. कक्षाकोठाको सिकाइ अनुगमन, कार्यस्थलमा आधारित अनुगमन, मूल्याङ्कन, सुपरीवेक्षण एवम् प्रतिवेदन प्रणाली स्थापित गर्ने

५. सिकाइ गुणस्तर अभिवृद्धि गर्ने विद्यालय तथा शिक्षकको सुपरीवेक्षण तथा पेसागत सहयोग संयन्त्रको व्यवस्था सुदृढीकरण गर्ने

६. विविध योजना अन्तर्गत सञ्चालित कार्यक्रम तथा परियोजनाको नियमित, आवधिक, मध्याबधि तथा अन्तिम मूल्याङ्कन प्रणाली स्थापित गर्ने

७. अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७४ ले तोकेबमोजिम अनिवार्य तथा निःशुल्क शिक्षा कार्यान्वयनका अवस्थाको प्रतिवेदन तयार पार्ने

८. शिक्षामा पहुँच, सहभागिता एवम् समावेशीता, शिक्षक व्यवस्थापन, शैक्षिक प्रशासन तथा व्यवस्थापन, उत्तरदायित्व र पारदर्शिताका लागि स्थानीय तहको कार्य सम्पादन सूचकको विकास र पहिचान गर्ने

९. विद्यार्थी उपलब्धि परीक्षण तथा विद्यालय कार्य सम्पादन परीक्षणलाई सुदृढीकरण गरी थप व्यवस्थित र नियमित गर्ने

१०. योजना तथा कार्यान्वयनलाई अभिवृद्धि गर्ने रिपोर्ट कार्ड तथा सामाजिक परीक्षण प्रणालीलाई सुढृड गर्ने

११. आधारभूत तथा माध्यमिक तहको आन्तरिक मूल्याङ्कनका लागि मूल्याङ्कन फारामको व्यवस्था गरी कार्यान्वयन गर्ने

१२. सबै विद्यालयहरुमा सुचना तथा सञ्चार प्रविधिको आधारभूत सुविधा र उपकरणको प्रवन्ध गरी यसको प्रयोगका लागि शिक्षकहरुको क्षमता विकास गर्ने

१३. शिक्षक तथा कर्मचारीहरुलाई जिम्मेवारी, नतिजा एवम् कार्य सम्पादनका आधारमा उत्कृष्ट नतिजा हाँसिल गर्ने शिक्षकलाई पुरस्कारको व्यवस्था गर्ने

## ८.४ उपलब्धि तथा नतिजा

### ८.४.१ उपलब्धि

योजना अनुसार अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई कार्यान्वयन गरेपश्चात निम्न उपलब्धि हासिल भएका हुनेछन्।

१. अनुगमन तथा मूल्याङ्कनका लागि समन्वयात्मक एवम् एकत्रित प्रणाली विकास भएको हुनेछ।

२. नतिजामा आधारित अनुगमन तथा मूल्याङ्कन प्रणाली कार्यान्वयन हुनेछ।

३. योजना कार्यान्वयनमा आएका समस्या तथा चुनौतिहरुको सम्बोधन भई अपेक्षित उपलब्धि हासिल हुनेछ।

४. प्रारम्भिक बालशिक्षादेखि माध्यमिक तहसम्म पहुँच, सहभागिता र गुणस्तर कायम भएको हुनेछ।

५. आधारभूत तथा माध्यमिक तहको आन्तरिक मूल्याङ्कन प्रणालीलाई व्यवस्थित गरी प्रभावकारी कार्यान्वयन भएको हुनेछ।

७. सबै तहमा योग्य तथा दक्ष शिक्षक व्यवस्थापन गरेर प्राज्ञिक तथा पेसागत विकास सहयोग संयन्त्रको व्यवस्था भएको हुनेछ।

८. गुणस्तरीय सिकाइ तथा सेवा प्रवाहमा सुचना सञ्चार प्रविधिको प्रयोग र विस्तार भएको हुनेछ।

९. सबै विद्यालयमा आवश्यक भौतिक पूर्वाधार निर्माण, मर्मत सम्भार तथा सबलीकरण भएको हुनेछ।

१०. शिक्षक कर्मचारीहरुलाई कार्य सम्पादनप्रति उत्तरदायी, नतिजाप्रति जवाफदेही बनाई सुशासनको अभिवृद्धि भएको हुनेछ।

### ८.४.२ नतिजा

१. अनुगमन तथा मूल्याङ्कनका लागि संस्थागत संरचना तथा क्षमता विकास भएको हुनेछ।

२. नतिजामा आधारित अनुगमन प्रणाली स्थापित भई योजना तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन भएको हुनेछ।

३. शैक्षिक योजना प्रभावकारी रुपमा कार्यान्वयन भई अपेक्षित उपलब्धि हासिल भएको हुनेछ।

४. सम्पूर्ण बालबालिकाहरुले बालमैत्री वातावरणमा समावेशी रुपमा गुणस्तरीय शिक्षा हासिल गरेका हुनछ।

६. आधारभूत तथा माध्यमिक तहको आन्तरिक मूल्याङ्कन प्रणाली प्रभावकारी कार्यान्वयन भई गुणस्तर सुधारमा सहयोग पुगेको हुनेछ।

७. सबै तहका शिक्षकहरु तालिम प्राप्त र निरन्तर पेसागत विकासमा सहभागी भएका हुनेछन्।

८. सबै विद्यालयहरुमा गुणस्तरीय सिकाइ तथा सेवा प्रवाहमा सुचना सञ्चार प्रविधिको प्रयोग र विस्तार भएको हुनेछ।

९. सबै विद्यालयमा आवश्यक भौतिक पूर्वाधारको व्यबस्थापन भएको हुनेछ।

१०. शिक्षक कर्मचारीहरु कार्य सम्पादनप्रति उत्तरदायी, नतिजाप्रति जवाफदेही भएको हुनेछ।

## ८.५ प्रमुख क्रियाकलाप र लक्ष्य

| क्र. सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | सूचकमा आधारित अनुगमन तथा मूल्याङ्कन मार्गदर्शन निर्माण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | न.पा. |
| २ | मार्गदर्शन प्रवोधिकरण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | न.पा. |
| ३ | नगरपालिकाले आफूले कार्यान्वयन गरेका कार्यक्रमको अनुगमन | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | ३० | न.पा. |
| ४ | कार्यक्रम कार्यान्वयनको चौमासिक तथा बार्षिक प्रतिवेदन तयार गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | १० | न.पा. तथा विद्यालय |
| ५ | स्थिति प्रतिवेदन तयार गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | १० | न.पा. |
| ६ | कार्यक्रम कार्यान्वयन पुस्तिका तयारी र प्रवोधिकरण गर्ने | पटक | | १ | | | | १ | २ | न.पा. |
| ७ | विद्यालय कार्यसम्पादन एवम् स्वमूल्याङ्कन गर्ने गराउने | निरन्तर | १ | १ | १ | १ | १ | ५ | १० | न.पा. |
| ८ | विद्यालयको विज्ञसहितको सघन अनुगमन | निरन्तर | १ | १ | १ | १ | १ | ५ | १० | न.पा. |

**समाप्त**